# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क ४३ पूर्णाङ्क २३३ २०७८ वैशाख २० गते सोमबार Monday, 3 May, 2021 पृष्ठ ८ मूल्य रू. १०/-


## क्रान्तिकारी माओवादीका दार्चुला जिल्ला सहसेक्रेटरी जगत धामीको निधन, प्रदेश पार्टी सचिवद्वारा शोक वक्तव्य जारी



कञ्चनपुर। नेकपा (क्रान्तिकारी माओवादी) दार्चुला जिल्लाका सहसेक्रेटरी जगत धामीको असामयिक रूपमा निधन पुन पुगेको छ। कारेड धामीको निधनले पार्टी र क्रान्तिलाई अपुरणीय क्षति पुगेको भन्दै प्रदेश पार्टीले शोक वक्तव्य जारी गरेको छ। प्रदेश पार्टी सचिव चिन्तकले जारी गरेको शोक वक्तव्यमा नयाँ जनवादी क्रान्ति पुरा गर्दै साम्यवादसम्म पुग्ने कमरेड जगतको चाहनामा पार्टी निरन्तर लागिरहने प्रणसहित कामरेड जगतप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गरिएको छ। र, साथै पार्टी पंक्ति र परिवारजनमा हार्दिक समवेदना प्रकट गरिएको छ। दार्चुला जिल्ला महाकाली नगरपालिका वार्ड १ धम्पन्याल स्थायी घरका कमरेड जगत दार्चुला सदरमुकाममा बस्दै आउनु भएको थियो।

# ‘कोरोनाले श्रम र पुँजीबीचको अन्तरविरोध थप विष्फोटक’

## १३२औं अन्तर्राष्ट्रिय मजदुर दिवसमा क्रान्तिकारी माओवादीसहित १२ अन्तर्राष्ट्रिय माओवादी पार्टी तथा संगठनहरूद्वारा संयुक्त वक्तव्य जारी

काठमाडौं। कोरोना भाइरसको महामारीका बीच विश्वभरका माओवादी पार्टी तथा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले १३२ औं अन्तर्राष्ट्रिय मजदुर दिवस मनाएका छन्। नेपाल कम्युनिस्ट पार्टी ‘क्रान्तिकारी माओवादी ले १३२औं मई दिवस र पेरिस कम्युनको १५० वर्षको ऐतिहासिक सन्दर्भमा अन्तर्राष्ट्रिय महत्वको वक्तव्य जारी गरेको छ। क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरणले जारी गर्नुभएको प्रेस वक्तव्यमा नेपाल लगायत संसारभरिका सम्पूर्ण श्रमजीवी वर्गमा हार्दिक शुभकामना सहित क्रान्तिकारी अभिवादन व्यक्त गरिएको छ र विश्वका आम उत्पीडित जनसमुदायको मुक्तिका खातिर जीवनको बलिदान गर्ने सम्पूर्ण योद्धाहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको छ।



कोभिडका कारण विश्वभर श्रम र पुँजीबीचको अन्तरविरोध विष्फोटक बन्दै गएको उल्लेख गर्दै वक्तव्यमा आगामी दिन विश्व साम्राज्यवादका विरुद्ध सर्वहारा क्रान्तिको युग भएर गुज्रने आँकलन समेत गरिएको छ। वक्तव्यमा साम्राज्यवादलाई परास्त गर्ने एक मात्र उपाय विश्व समाजवादी क्रान्ति रहेको उल्लेख गर्दै भूमण्डलीकृत साम्राज्यवादको वर्तमान युगमा, समाजवादको विश्वव्यापी विजयका लागि मात्र होइन कुनै पनि देशको सर्वहारा क्रान्तिको विजयका लागि पनि अन्तर्राष्ट्रिय कामको महत्व पहिले भन्दा निकै बढेर गएको छ ठहर गरिएको छ। वक्तव्यमा भनिएको छ, ‘त्यसका लागि विश्वका सच्चा क्रान्तिकारीहरूका सामु छिट्टै पुरा गर्नु पर्ने दुईवटा अन्तर्राष्ट्रिय कार्यभार रहेका छन्। ती हुन् : एक, मालेमावादको वैचारिक निर्देशनमा एउटा अन्तर्राष्ट्रिय सङ्गठनको निर्माण र दुई, साम्राज्यवाद विरोधी संयुक्त मोर्चाको गठन।’

वक्तव्यमा अगाडि भनिएको छ, “१३२औं मई दिवस र पेरिस कम्युनको १५० *बाँकी ७ पेजमा*

## नेकपा (क्रान्तिकारी माओवादी) महासचिव किरणद्वारा एक प्रेस-वक्तव्यमार्फत ओली सरकारको नागरिकहरुको उपचार गर्न नसक्ने घोषणा अत्यन्त गैरजिम्मेवारपूर्ण र जनविरोधी घोषणा हो भन्ने ठहर



काठमाडौं। कोभिड-१९को दोस्रो लहर फैलरहेको अवस्थामा ओली सरकारले नागरिकहरूको उपचार गर्न नसक्ने घोषणा गरेको छ। सरकारको यस्तो निर्णयले नेपालका निजी अस्पतालहरूलाई कोभिड-१९का उपचारको नाममा ब्रह्मलुट गर्न अवसर मिलाइदिने काम गरेको छ। सरकारको यस्तो गैरजिम्मेवारपूर्ण र जनविरोधी घोषणाको नेकपा (क्रान्तिकारी माओवादी)ले *बाँकी ४ पेजमा*

## विद्यार्थी नेता मित्रमणि आचार्यको स्मृति दिवस



काठमाडौं। वैशाख १८ विद्यार्थी नेता मित्रमणि आचार्यको स्मृति दिवस हो। प्युठान जिल्लाको रम्दी भन्ने ठाउँमा २०१९ असार ३ गते जन्मिएका मित्रमणी आचार्य ०३७ सालमा पक्लिह्वा क्याम्पसको स्ववियु सभापति निर्वाचित भएका थिए। उनी पछि २०४१ सालमा रामपुर कृषि क्याम्पसमा पनि स्ववियु सभापति *बाँकी ४ पेजमा*

## निषेधाज्ञाबीच मई दिवसमा क्रान्तिकारी ट्रेड युनियन महासंघको अन्तरक्रिया कार्यक्रम सम्पन्न




काठमाडौं। दोस्रो लहरको कोरोना महामारीसँगै सरकारले गरेको निषेधाज्ञाका बीच अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले अन्तरक्रिया कार्यक्रम गरि १३२ औं अन्तर्राष्ट्रिय मजदुर दिवस मनाएको छ। जोरपाटीको नयाँ बस्तीस्थित भैरव अर्याल स्मृति भवनमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरि मजदुर दिवस मनाएको हो। कार्यक्रममा मजदुर आन्दोलनमा बलिदान गर्ने सहिदहरूको सम्झना गर्दै अहिलेको विश्व र नेपालमा औपचारिक र अनौपचारिक क्षेत्रमा रहेका मजदुरहरूले भोग्नु परेका तमाम समस्याहरूको समाधानका लागि फेरि पनि बलिदानीपुर्ण संघर्षको उठान गर्नुपर्नेमा वक्ताहरूले जोड दिनु भएको थियो।

नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम दिनेश शर्मा सागरको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता महासंघका *बाँकी ४ पेजमा*

## गण्डकी प्रदेशमा संसदवादीहरूको सत्तास्वार्थका लागि नाटक एक, नौटंकी अनेक



काठमाडौं। सत्ता स्वार्थका लागि संसदीय व्यवस्थामा संसदवादी पार्टीहरूले के कस्ता नाटक र नौटंकी देखाउँछन् भन्ने कुरा गण्डकी प्रदेशसभामा देखिएको छ। गण्डकी प्रदेशमा मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङविरुद्धको अविश्वासको प्रस्तावमाथिको मतदान गर्ने दिन अनेक नाटक र नौटंकीहरू भएका छन्। अविश्वासको पक्षमा मतदान गर्ने भनिएका सांसदहरू एकाएक हराउन पुगे। कोहीले फोन अफ गरेर सभामा अनुपस्थित भए।

अविश्वासको प्रस्तावमाथिको मतदान लम्ब्याउन विभिन्न षड्यन्त्र मंगलबार देखि नै भएका थिए। सांसदलाई रिसोर्टमा राखेर चौरासी ब्यञ्जन खुवाइयो। त्यतिमात्र नभई बैठकमा एमाले सांसदले त सांसदको पीसीआर परीक्षण बिना बैठक सञ्चालन गर्न नहुने बताउँदै बैठक नै अवरुद्ध पारे।

मंगलबार नै बसेको कार्यव्यवस्था समितिको बैठकले कोरोनाको परीक्षण गरिने र कोरोना पुष्टि भएका सांसदले पनि मत दिन पाउने व्यवस्था गरिदियो। त्यसपछि बुधबार बसेको बैठकमा राष्ट्रिय जनमोर्चाका प्रमुख सचेतक सांसद *बाँकी ४ पेजमा*

## राष्ट्रघाती एमसीसी पास गर्ने सर्तमा देउवा र प्रचण्डबीच सत्ता सहकार्यको सहमति

काठमाडौं। सत्ता स्वार्थको केन्द्रमा राष्ट्रघाती एमसीसी सम्झौता रहेको फेरि पनि पुष्टि भएको छ। एमसीसी सम्झौताको विरोध गरेजस्तो गरेको माओवादी केन्द्रले अन्ततः त्यही राष्ट्रघाती एमसीसी सम्झौता संसदबाट पास गर्ने सर्तमा कांग्रेससँग सत्ता सहकार्यको सहमति गर्न पुगेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध केही दिनभित्रै अविश्वास प्रस्ताव दर्ता गराउने तयारी गरिरहेका कांग्रेस र माओवादी केन्द्र लगायतका दलहरूले संसद्बाट एमसीसी सम्झौता अनुमोदन गर्ने गरी संकल्प प्रस्ताव ल्याउने सहमति जुटाएको स्रोतले दाबी गरेको छ।



यसअघि देउवाको नेतृत्वमा सरकार भएका बेला तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्र कार्कीले एमसीसी सम्झौतामा नेपालका तर्फबाट हस्ताक्षर गरेका थिए। ओली नेतृत्वमा सरकार बनेपछि नेकपाकै एउटा धार एमसीसीप्रति कठोर बनेको थियो, त्यसैले संसद्मा यो सम्झौता दुई वर्षदेखि दर्ता भएर रोकिइरहेको छ। ओलीविरुद्धको सत्ता गठबन्धनका विषयमा छलफल चल्दा कांग्रेस सभापति देउवाले आफ्नो नेतृत्वको सरकार एमसीसी पास गर्ने पक्षमा हुने र त्यसमा माओवादीले समर्थन जनाउनुपर्ने सर्त राखेका थिए। अविश्वास प्रस्ताव पास भएर देउवाको नेतृत्वमा सरकार बन्नेबित्तिकै एमसीसीबारे संकल्प प्रस्ताव पास गर्ने गरी सहमतिको खाका तयार भएको माओवादीका शीर्ष तहका एक नेताले बताए। प्रतिनिधिसभाको चुनावसम्म देउवाले नै सरकारको नेतृत्व गर्ने सहमतिको पूरक सहमतिका रूपमा एमसीसी पनि रहेको स्रोतले बतायो। *बाँकी ४ पेजमा*

## मार्क्सवादी दृष्टिमा परिचय, नारीवाद र पर्यावरण

***वर्ग र परिचय विशिष्ट प्रकारका प्रवर्ग हुन्। वर्ग आर्थिक हैसियतमा आधारित हुन्छ। परिचयलाई पहिचान पनि भन्ने गरिएको छ। राजनीतिमा वर्ग र परिचयका प्रश्न उत्पीडन, मुक्ति, संघर्ष र सत्ता लगायतका विषयमा आधारित छन्। यी साहित्यका विषयवस्तुका रूपमा पनि प्रस्तुत, अङ्कित र अभिव्यक्त बन्दै आएका छन्। यी समसामयिक लेखन र चिन्तनका विषय पनि हुन्***



● मोहन वैद्य किरण ●

*१. विषय प्रस्तुति*

केही दशक यता राजनीतिका साथै समालोचनाका क्षेत्रमा पनि वर्ग, परिचय र पर्यावरणबारे निकै बहस, विवाद र संघर्ष चल्दै आएका छन्। यस प्रकारका बहस, विवाद र संघर्ष इतिहास, अर्थशास्त्र, दर्शन, राजनीति, समाजशास्त्र, भाषाविज्ञान, मनोविज्ञान, नृवंशविज्ञान, सौन्दर्यशास्त्र लगायत ज्ञानका विविध अनुशासन सित जोडिएका छन्। यी साहित्यको विवेचना, मूल्यनिर्णय र प्रतिमान आदिसित पनि सम्बन्धित छन्। वर्ग, जाति र लिङ्गका स्वत्व र परिचय अर्थात् पहिचानका मूल आधार के हुन्? वर्गीय, जातीय र लैङ्गिक आदि उत्पीडन र मुक्तिका समस्यालाई कसरी हेर्ने? विज्ञान र प्रविधिको अपूर्व विकास हुँदै आएको वर्तमान युगमा मानव र प्रकृतिका बीचको असन्तुलन र पर्यावरणीय समस्याको कसरी समाधान गर्ने? यी आज सिर्जना र समालोचना दुबै क्षेत्रमा निकै ज्वलन्त बन्दै आएका विषय हुन्। यहाँ यिनै विषय, समस्या र प्रश्नबारे संक्षिप्तमा अध्ययन गर्ने प्रयास गरिएको छ। *बाँकी ५ पेजमा*

## सम्पादकीय

### रोग र भोकको मारमा मजदुरहरू

दैनिक मजदुरी गरेर विहान बेलुकाको छाक टार्ने मजदुरहरूको फेरि बेहाल भएको छ । गत वर्षको लकडाउनमा रोगलेभन्दा भोकले सडकमै दम तोड्न विवश भएका मजदुरहरू १६ वैशाखबाट सुरु भएको लकडाउनका कारण फेरि ठूलो समस्यामा परेका छन् । उनीहरूलाई रोगको भन्दा पनि भोकको चिन्ताले सताउन थालेको छ । औपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरू पनि धेरैले रोजगारी गुमाउन पुगेका छन् । यिनै श्रमिक तथा मजदुरहरूको श्रम र पसिनाबाट बर्षौबर्ष अकुत नाफा कमाएका मालिकहरूले कोरोनाको बहानामा कैयौ मजदुरहरूलाई रोजगारीबाट निकालेका छन् । कतिको खाइपाइ आएको तलब कटौती गरेका छन् । समग्रमा भन्ने हो भने कोरोनाको बहानामा मजदुरमाथि 'महाअपराध' भइरहेको छ । यस्तो अवस्थामा ओली नेतृत्वको सरकार भने मुकदर्शक बनिरहेको छ । ओली सरकार त यतिसम्म गैरजिम्मेवार र अमानवीय छ कि मेडिकल माफियालाई पोस्न कोरोना संक्रमित गरिब, श्रमिक, मजदुरहरूको पनि उपचार गर्न सकिन्न, निजी अस्पतालतिर जाऊ, भन्दैछ । यो जस्तो अमानवीय, निकम्मा, गैरजिम्मेवारी अनि नालायकी अरु के हुन सक्छ । ओली सरकारलाई आफ्नो सरकार, सत्ता कसरी टिकाउने भन्ने चिन्ता छ अहिले । नागरिकहरू भोकले मरुन् कि रोगले उसलाई कुनै मतलव छैन । कुनै मानवीय संवेदना छैन । मजदुरहरू खान नपाएर सडकमा भौतारिरहेका छन् । सडककै पेटीमा भोक भोकै रात काटिरहेका छन् । ती मजदुरहरूको लागि सरकार आकाशको फल आँखातरी मर जस्तै हुन पुगेको छ ।

यस्तो अवस्थामा राजनीतिक पार्टीहरू, नागरिक समाज तथा अन्य नागरिक अभियन्ताहरूले ती मजदुरहरूले भोग्नुपरेका समस्याहरूको बारेमा आवाज उठाउन जरुरी छ र ती श्रमिक मजदुर वर्गप्रति सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन आवश्यक भूमिका खेल्न जरुरी छ । यस सन्दर्भमा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले वक्तव्य जारी गरी मजदुर वर्गले भोग्नु परेका समस्याहरूको समाधान गर्न र तत्काल राहतको व्यवस्था गर्न भनी गरिएको जोडदार माग विशेष रूपले उल्लेखनीय छ । उहाँले जारी गर्नुभएको वक्तव्यमा उल्लेख गरिएको छ, "लकडाउनका कारण हातमुख जोड्न समेत अप्ठ्यारोमा परेका सबैको र मुख्यतः असङ्गठित क्षेत्रमा कामगर्ने मजदुरहरूको जीवन बचाउनका लागि राहतको व्यवस्था गर्न हाम्रो पार्टी सरकारसँग विशेष माग गर्दछ ।

यस्तो गंभीर स्थितिमा सङ्क्रमितहरूको उपचारको व्यवस्था मिलाउन र लकडाउनका कारण विचल्लीमा परेका सबैको सहयोगका लागि आवाज उठाउन हाम्रो पार्टी सामान्यतः आम जनतामा र विशेषतः पार्टीका सम्पूर्ण कमरेडहरूमा विशेष अनुरोध गर्दछ ।"

१८ बैशाखमा १३२ औं मजदुर दिवस मनाइयो । विश्वभर यो दिवस मनाउँदै गर्दा विश्वभरका करोडौं मजदुरहरू कोरोनाकै कारण बेरोजगार बन्न पुगेका छन् र उनीहरू अहिले रोगसँग भन्दा पनि भोकसँग लडिरहेका छन् । १३२ वर्ष अगाडि मजदुरहरूले जुन अधिकारको लागि संघर्ष र बलिदान गरे, ती अधिकार प्राप्त गरे । त्यो अधिकार आज विश्वभरका मजदुरहरूले उपभोग गर्न पाएका छैनन् । कोरोनाका कारण पाएका अधिकारहरू पनि गुमाउन पुगेका छन् । यस सन्दर्भमा फेरि पनि आफ्नो अधिकारका लागि संसारभरका मजदुर वर्ग एकजुट भएर संघर्षको उठान गर्न जरुरी छ । अहिले मजदुर वर्गले भोग्नु परेका तमाम समस्याहरूको एउटै समाधान हो- संघर्ष । पीडित मजदुरहरू आफै आन्दोलित नभइकन उनीहरूले भोगेका समस्याहरूको बोध शासकहरूले गर्ने स्थिति छैन । तसर्थ, संघर्ष-संघर्ष फेरि पनि संघर्ष । मरता तो क्या नई करता भने स्थितिमा मजदुरहरूसँग एकमात्र विकल्प रहन्छ, त्यो भनेको संघर्ष हो । मजदुर दिवस मनाउनुको अर्थ र उत्प्रेरणा पनि त्यही हो- अधिकारका लागि संघर्ष ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन: ६०को दशकको अन्त्यतीर र माओको मृत्युपछिको अवधि



● हुकुमबहादुर सिंह ●

*मालेमावाद विश्वमा भइरहेका परिवर्तित परिस्थितिमा निरन्तर लागु गर्न सकिने एउटा सिद्धान्त हो । यसले यद्यपि अन्तराष्ट्रिय सर्वहाराका लागि वैज्ञानिक र सही सिद्धान्तमात्रै प्रदान गर्दछ । अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलन विजय-पराजय-विजयको प्रक्रियाहुँदै विश्व समाजवादी क्रान्तिमा अन्तिम विजयका लागि मार्गमा अगाडि बढिरहेको छ । तिनीहरूका लागि जो यो प्रक्रियाका तल र माथिले गर्दा नैराश्यता आउने गर्दछ, यो माओले महान् बहस र सर्वहारा क्रान्तिका दौरानमा दिएका बुझाइ सम्झनका लागि सहयोगी हुने छ*

सन् १९६० को दशकको अन्त्यतिरको अवधि महान् सर्वहारा सांस्कृतिक क्रान्तिको अवधि र विश्वका घेरै भागहरूमा मार्क्सवाद-लेनिनवादको -एउटा नयाँ चरणका रूपमा माओवाद,स्थापित भएको एउटा क्रान्तिकारी तुफानको अवधि थियो । भारत-चीनमा क्रान्तिकारी युद्धले (भियतनाम, क्यम्पोचिया र लावसको क्षेत्र ढाकेको) अमेरिकी साम्राज्यवादीहरूको अत्यधिक सैनिक शक्तिलाई चोटीलो प्रहार गरिरहेको थियो । त्यसैगरी क्रान्तिकारीहरूले यस अवधिका दौरानमा तेस्रो विश्वका घेरै भागहरूमा माओवादको मार्गनिर्देशनमा आधुनिक संशोधनवादसंगको सम्वन्धलाई तोडदै सशस्त्र सङ्घर्ष सञ्चालन गरेका थिए । त्यसवेलादेखि आजसम्म पनि फिलिपिन्स र भारतमा लगातार चलिरहेको माओवादी नेतृत्वको सशस्त्र सङ्घर्ष त्यसैको निरन्तरता हो । राष्ट्रिय मुक्ति सङ्घर्षहरूले चलाई रहेका गुरिल्ला युद्धहरू, त्यसै गरी लेटिन अमेरिकी देशहरूमा चेगुयभेरावादी विचार(क्युवा र बोलिभियामा चलाइएका क्रान्तिकारी सङघर्षहरूमा नेतृत्वदायि भूमिका खेलेको चेगुयभेराको विचार र प्रयोगलाई स्विकार गरी चलाइएको विचार) पनि विभिन्न भागहरूमा चलिरहेका थिए ।

भारत-चीन युद्ध, तेस्रो विश्वमा धारीलो वन्दै गएका सङ्घर्षहरू, र महान् सर्वहारा सांस्कृतिक क्रान्ति साठीको दशकको अन्त्यमा पुँजीवादी विश्वभरी चलेका विद्यार्थी र युद्ध विरोधी आन्दोलनहरूका विशाल विष्फोटका निम्ति प्रमुख कारणहरूमध्ये एक थिए । १९६८ मेको पेरिस विद्यार्थी विद्रोह सबै भन्दा महत्वपूर्ण थियो । तर अमेरिकादेखि इटालीसम्म र पोलेण्ड, चेकोसलोभाकिया र युगोस्लोभियासम्म पनि चलेका विद्यार्थी विद्रोहका लहरको एउटा भाग मात्रै थियो । यसको तेस्रो विश्वका विभिन्न भागहरूमा विद्यार्थी आन्दोलनमा आफ्नै प्रभाव पनि थियो । त्यही समयमा अमेरिकामा भियतनाम युद्ध विरोधी प्रदर्शनहरूले उचाइ लिन थालेका थिए र विश्वका अन्य भागहरूमा युद्ध विरोधी र युरोपका प्रमुख शहरहरूमा विशाल खालका शान्तिका लागि आन्दोलनहरू भएका थिए । अमेरिकी साम्राज्यवादीहरू एकदमै प्रभावहीन भएर एक्लीएका थिए, किनभने उनीहरूका मित्रहरू भियतनाममा लडनका लागि सेना पठाउन इन्कार गरिरहेका थिए । विद्यार्थी आन्दोलनको साथै त्यहाँ पश्चिम युरोपीयन देशहरू खासगरी इटली र फ्रान्समा औधोगिक मजदुर वर्गका सङ्घर्षहरू विकासलाई केन्द्र मानेर भइरहेका थिए, यद्यपि ती मूलतः आर्थिक मागहरू थिए । साम्राज्यवादी देशहरूका समग्र अर्थतन्त्रलाई ज्यालाको प्रमुख मागहरूसहित गरिएका विशाल हडतालहरूका लहरहरूले प्यारालाइज्ड नै गरेको थियो ।

सन् १९७० को दशकको मध्यतीर दृघकालिन खालका गुरिल्ला युद्धहरूपछि घेरै लामो समयदेखिका औपनिवेशिक शासनको अन्तिम सत्ताच्यूत भएको देख्नु पऱ्यो । यसरी अमेरिकी र उनीहरूका दलालहरू भियतनाम, क्याम्पोचिया र लाओसबाट सन् १९७५मा हट्न बाध्य पारिए । अफ्रिकामा मोजाम्वीक्यु, एंगोला, इथियोपिया, काङगो ,र बेनिन गणतन्त्रहरू, यो अवधिमा बनेका थिए । ता पिन यी देशहरू मध्ये अधिकांशलाई साम्राज्यवाद-सोभियत सामाजिक साम्राज्यवादका पिछलग्गुहरू तथा उपग्रहहरूद्धारा आफ्नो कब्जामा लिएका थिए । एउटा उल्लेखनीय अपवाद क्याम्पोचिया थियो, जहाँ सही कम्युनिस्ट क्रान्तिकारीहरू- खेमर रूज- सोभियत साम्राज्यवादको आदेशमा भियतनामद्धारा १९७८मा अतिक्रमण नहुँदासम्म स्वतन्त्र रहयो ।

पछिल्ला अवस्थामा पनि त्यहाँ लगातार अति राम्रो क्रान्तिकारी परिस्थिति रही रहयो, जसले सबै आधारभूत अन्तरविरोधहरूलाई तिखार्ने काम गदै रहयो र साम्राज्यवादलाई अझ कमजोर बनाउने काम गर्दै रहयो । खासगरी औपनिवेशिकहरू र अर्धऔपनिवेशिकहरू विश्व क्रान्तिका तुफानी केन्द्रहरू बनीरहे । यो गुरिल्ला सङघर्षहरूको सुरूमा जिम्मवावे, निकारागुवा, इरिट्रेरिया र अन्य देशहरूमा निरन्त चलिरहयो । कम्युनिस्ट क्रान्तिकारी नेतृत्व अन्तरगत १९८०मा पेरूमा जनयुद्ध सुरू भयो । इरानको शाहालाई गद्दिच्युत गरियो र अमेरिकन विरोधी इस्लामिक गणतन्त्रात्मक देश अस्तित्वमा आयो । १९७८मा एउटा सोभियत दलाल शासनको स्थापना पछि अफगानिस्तानमा राष्ट्रिय मुक्ति युद्ध सुरू भयो र १९७९मा सोभियत सामाजिक साम्राज्यवादद्धारा कब्जा गरियो । अफगानी जनताको विरतापूर्ण सङघर्षले सोभियत शासनलाई एउटा गम्भीर मृत्यु झापड र सोभियत संघको अन्तिम विघटनमा एउटा प्रमुख तत्व प्रमाणित भयो ।

उपनिवेशहरू र अर्ध उपनिवेशहरूका जनताको संघर्षहरूको युगारम्भ हुँदै आएको छ कि यसले साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूको सम्वन्धहरूको प्रकृति सधैभरि परिवर्तन भएको छ ।

दुवै भियतनाम र अफगान युद्धहरूले सिद्ध गरे कि एउटा महाशक्तिशाली राष्ट्रले समेत एउटा सानो र कमजोर देशलाई कव्जा गर्न सक्दैनथ्यो । यो सत्य जहाँ युएन शान्ति मिसनका फौजहरूले हस्तक्षेप गर्न कोशिस गरे ती अनगिन्ति ठाउँहरूमा नब्बेको दशकमा ज्यादै कठोरताकासाथ (दृढतापूर्वक) स्वतन्त्रता समेत ल्याइएको थियो । सोमालिलैण्ड, जो ब्रिटिस र इटालियन उपनिवेशवादीहरूद्धारा कुनै कठिनाइविना कैयौ बर्षहरूदेखि नियन्त्रण भइरहेको थियो, १९९०को दशकमा सोमालिया बन्यो जहाँ हजारौ अमेरिकन र अन्य फौजहरू जब त्यहाँका जनताले आक्रमण गरे वेइज्जतिका साथमा फिर्ता हुन वाध्य भएका थिए । जमिनमा हिंडने सेनाको प्रतिवद्धता विना इराकको र युगोस्लाभियाको ठूलो परिणाममा र लगातारको बम्बारीले कुनै देश, राष्ट्र अथवा जनता यो अवधिमा एउटा आक्रमणकारी सेनालाई स्विकार गर्न यो अवधिमा तयार हुने छैनन् भन्ने साम्राज्यवादद्धारा गरिएको स्विकारोक्ति हो ।

पूर्वी युरोपमा नोकरशाही शासनको र पहिलेको सोभियत संघको विभिन्न गणतन्त्रहरूको विघटनदेखि, त्यहाँ एउटा लगातार क्रान्तिकारी संकट पनि भइरहेको छ । पश्चिमी साम्राज्यवादी देशहरूमा समेत संकटको विग्रदो अवस्थाले लेबर र पुँजीबीचको अन्तरविरोधको गहिऱ्याईलाई बढाउने काम गरेको छ र औधोगिक मजदुर वर्गद्धारा हडताल र संघर्षहरूका लहरहरू दोहोरिए । क्रान्तिकारी शक्तिहरू यद्यपि संगठनात्मक रूपले विश्व समाजवादी क्रान्ति अगाडि बढाउनलाई अति उत्तम विश्व स्तरीय क्रान्तिकारी परिस्थिति उपयोग गर्नलाई आवश्यकता बमोजिम बलिया भएका छैनन् ।

१९७६मा माओको मृत्युपछि, चीनमा पुँजीवादी बाटो लिनेहरू जो पार्टीमा रहेका थिए खुङखार संशोधनवादी देङ सियाओ-पिङ्गो नेतृत्व अन्तरगत एउटा कुँ रंगमञ्च गरियो । र हुआ कुओ-फेङ, एउटा तथाकथित मध्यपन्थीको नाम मात्रैको नेतृत्व अन्तरगत रहेको पार्टीको नियन्त्रण आफ्नो हातमा लियो । किनभने माओले वारम्वार सिकाएका थिए, राजनीतिक नियन्त्रण संशोधनवादीहरूको हातहरूमा जादै गर्दा समाजवादी आधार सर्वहाराको हातहरूबाट बाहिर गएको थियो । सोही समयमा अल्बानियन लेबर पार्टीको नेतृत्व बदलिएर एक्कासी एउटा अवसरवादी लाइन माओत्सेतुङ विचारलाई आक्रमण गर्दै र माओलाई एउटा निम्नपुँजीवादी क्रान्तिकारीका रूपमा अगाडि सार्ने काम गर्दै रह्यो ।

यद्यपि खमेर रूजले खम्पुचियामा शक्ति हातमा लिन निरन्तरता दिएको थियो तिनीहरूले क्रान्ति विरोधी आन्तरिक र बाह्य शत्रुहरूका विरूद्ध लगातार संघर्ष गरिरहेका थिए र युद्धको आर्थिक संकटबाट अझै उठन सकिरहेका थिएनन् र जव तिनीहरू सोभियत समर्थन प्राप्त भियतनामी सेनाद्धारा हराइएका थिए । यसरी विश्वमा अहिले कही पनि देशहरू छैनन् जहाँ सर्वहाराले राज्य शक्तिमा उसको पकड केन्द्रीत गरेको होस र अन्तराष्टिय कम्युनिस्ट आन्दोलनका लागि एउटा समाजवादी आधारको भूमिका खेल्न सकोस् ।

माओको मूत्यपछि तुरून्तैका वर्षहरूमा, देङ्ग सशोधनवादीहरूले गर्दा ह्वा कुओ फेङलाई प्रयोग गरेर माओवादको रक्षा गर्ने वालाहरूका रूपमा उनीहरू आफैलाई प्रस्तुत गर्ने कोशिस गरे र अन्तराष्टिय कम्युनिस्ट आन्दोलनमा वैचारिक भ्रमहरू प्रसस्त मात्रामा थिए,। खासगरी तिनीहरूले अन्तराष्ट्रिय सर्वहाराका लागि माओको जनरल लाइनका रूपमा संशोधनवादी तीन विश्वको सिद्धान्त गलत तरिकाले फेरि लगु गरे ।

धेरै क्रान्तिकारी पक्षहरूले ती पदहरूलाई स्विकार गरे र १९८१ मा खुला रूपमा आएको चीनीयाँ कम्युनिस्ट पार्टीको संशोधनवादी इतिहास प्रस्तावपछि र १९८२को १२रौ कांग्रेस जसलाई विश्वभरीका बहुसंख्यक क्रान्तिकारी शक्तिहरूले देङ्ग संशोधनवादका विरूद्ध खुला रूपमा विरोध गर्न सुरू गरे । यद्यपि केही पक्षहरूले देङ्गवादी संशोधनवाद लाइनलाई अनुसरण गर्न निरन्तरता दिए र माओको क्रान्तिकारी सिकाइहरूलाई छाडे । केही अन्य पक्षहरूले माओवादमाथि अल्वानीयाको मजदुर पार्टीद्धारा गरिएको अवसरवादी आक्रमणसित आफूलाई एकाकार गराए । यद्यपि ती दलहरूपछि यात विघटीत भए अथवा खुलारूपले उनीहरूको संशोधनवादी स्वभावलाई प्रकट गरे ।

तिनीहरू मात्रै जसले व्यवहारमा देङ्ग संशोधनवादको विरोध गर्दछ र माओवादलाई उच्चा बनाउदछ अत्यधिक अघि बढछ भन्ने स्पष्ट भएको छ । वर्तमानमा ती शक्तिहरूले क्रान्तिकारी अन्तराष्ट्रिय सर्वहाराको केन्द्र निर्माण गरेका छन । तिनीहरूले पेरू, फिलिपिन्स, टर्की, नेपाल र भारतमा एक वा अर्को तरिकाले शस्त्र संघर्षको नेतृत्व गरिरहेका छन् । यद्यपि ती शक्तिहरू संगठनात्मक रूपमा अझै धेरै कमजोर छन्, तै पनि तिनीहरूले आफ्नो शक्तिमा विकासलाई निरन्तरता दिर्दै छन् ।

उनीहरूको शक्तिमा अहिले देखिदै गएको विकासको प्रमुख स्रोत मार्क्सवाद-लेनीनवाद-माओवादको विचारको सहीपना नै हो । वितेका ३० वर्षहरूमा घटेका प्रमुख ऐतिहासिक घटनाहरूको चेनले माओवादको अत्यधिक मूल्याङ्कनको सुनिस्चिता गरेको छ । खासगरी सोभियत संघको विघटन र यसका जनताको संघर्षको पक्षमा महाशक्तिबाट फिर्ता हुने र विश्वका उत्पीडित जनताको संघर्षको विरोधमा अमेरिकन महाशक्तिको गम्भीर कमजोर वन्दै जाने कुराले माओद्धारा गरिएको मूल्याङ्कनको सुनिस्चिता गरेको छ कि ती साम्राज्यवादीहरू केबल कागजी बाघ थिए जसलाई कुनै पनि वेला जनताद्धारा पाठ सिकाइने छ ।

त्यसैगरी माओको विचार वर्तमानमा अन्तराष्टिय सर्वहाराका हातहरूमा अति राम्रो औजार रहेको छ र उत्पीडित जनताहरूले उनीहरूका आ-आफ्ना सम्वन्धीत देशहरूमा क्रान्तिका लागि कार्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्ने गदै छन् । पृथ्वीको ग्लोबका अनेकौ कुनाहरूमा राष्ट्रिय मुक्तिका लागि भइरहेका सशस्त्र सङघर्षमाथि मुख्य प्रभाव रहेको छ । यद्यपि यो अवधिमा मार्क्सवादी विज्ञान र सिद्धान्तमा कुनै प्रमुख अथवा महत्वपूर्ण विकासहरू भने भएको छैन् । मालेमावाद विश्वमा भइरहेका परिवर्तित परिस्थितिमा निरन्तर लागु गर्न सकिने एउटा सिद्धान्त हो । यसले यद्यपि अन्तर्राष्ट्रिय सर्वहाराका लागि वैज्ञानिक र सही सिद्धान्तमात्रै प्रदान गर्दछ । अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलन विजय-पराजय-विजयको प्रक्रियाहुँदै विश्व समाजवादी क्रान्तिमा अन्तिम विजयका लागि मार्गमा अगाडि बढिरहेको छ । तिनीहरूका लागि जो यो प्रक्रियाका तल र माथिले गर्दा नैराश्यता आउने गर्दछ, यो माओले महान् बहस र सर्वहारा क्रान्तिका दौरानमा दिएका बुझाइ सम्झनका लागि सहयोगी हुने छ, । 'पुँजीवादी क्रान्ति जसले एउटा शोषक वर्गलाई अर्कोले विस्थापित गर्दछ, ले पनि बारम्बारको क्रमभंगहरू भएर जानु पर्दछ र घेरै संघर्षहरू-क्रान्तिहरू अनि पुनःस्थापना हुने र फेरी पुनःस्थापनाको वापसीको साछी वस्नु पर्छ । यसले राज्य शक्तिको अन्तिम विजयका लागि वैचारिक तैयारीको सुरूबाट उनीहरूको पुँजीवादी क्रान्ति पुरा गर्न घेरै युरोपियन देशहरूलाई सयौ वर्ष लाग्यो । सर्वहारा क्रान्ति शोषणका सबै प्रणालीहरूलाई पूर्णरूपले अन्त्य गदै जाने लक्ष्य राख्ने क्रान्ति भएकाले यो अझै कल्पना बाहिरको कुरा हो कि शोषक वर्गहरूले उनीहरूको शासन फिर्ता गर्न नखोजीकन उनीहरूका सबै विशेषधिकारहरूबाट उनीहरूलाई वेदखल गर्न सर्वहारालाई विरोध विना अनुमति दिने छैनन् ।'

अस्थाई हारहरू त्यसकारण हुन्छन् तर विश्व समाजवादी क्रान्तिको लामो र बांगोटिंगो मार्गमा यो स्वाभाविक हूनेछ । मार्क्सवाद-लेनिनवाद-माओवादको विकासको लामो वर्षको इतिहासले सबै शंका समाप्त गर्ने हिसावले प्रमाणित गरेको छ कि यो मार्क्सवाद-लेनिनवाद-माओवादको डक्ट्रीनको ऐतिहासिक भाग्य यसले एकलै नेतृत्व गर्न सक्छ र अन्तिम विजयका लागि अन्तराष्ट्रिय सर्वहारालाई मार्गनिर्देश गर्दछ ।

*singhhukum683@gmail.com*

# 'भारतमा हामी महामारीको होइन, मानवताविरुद्ध अपराधको साक्षी भइरहेका छौँ'



● अरुन्धती रोय ●

***मोदीले भाषणमा प्रस्तुत गरेजस्तो घमण्ड अब कहाँ बाँकी रह्यो र ? संक्रमितका लागि अस्पतालमा शैया उपलब्ध छैन । स्वास्थ्यकर्मीहरूको अभाव छ । अस्पतालमा जीवितको भन्दा मृतकको संख्या बढी***

सन् २०१७ मा उत्तर प्रदेशको चुनावीसभामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विपक्षीको नेतृत्वमा रहेको प्रदेश सरकारको उछितो काडिरहेका थिए । मञ्चबाट उनको आरोप थियो- उत्तर प्रदेश सरकारले मुस्लिमलाई बढी प्राथमिकता दियो । मोदी गर्जिएका थिए, 'यदि कब्रिस्तान बनाइन्छ भने घाट पनि बन्नुपर्छ ।'

घाट, घाट, घाट, मोदीको सभामा आएकाहरूले स्वर थपे । अहिले कब्रिस्तान र घाटका हृदयविदारक तस्वीर अन्तर्राष्ट्रिय मिडियामा छापिएका छन् । शायद, यी तस्वीर देखेर मोदी खुसी भइरहेका होलान, किनकि कब्रिस्तान र घाटको अनुपात अहिले मिलेको छ, दुवै भरिभराउ छन् । तिनीहरूको उपयोग क्षमताभन्दा बढी भइरहेको छ ।

'के १ अर्ब ३० करोड भारतीय जनता एकान्तबासमा रहन सक्लान् ?,' भारतमा फैलिइरहेको कोरोना महामारीबारे वासिङ्टन पोस्टले आफ्नो सम्पादकीयमा प्रश्न उठाएको छ । सम्पादकीयमा उत्तर पनि छ- 'यो सहज छैन ।'

हाम्रा प्रधानमन्त्री मोदीले गत जनवरीमा विश्व आर्थिक मञ्चमा दिएको अभिव्यक्तिका आधारमा सायद यो प्रश्न उठाइएको हुनुपर्छ, वासिङ्टन पोस्टले तेर्स्याएको प्रश्नले अलिकति अपमानित महसुस गर्ने अधिकार हामीलाई छ ।

युरोप र अमेरिका कोरोनाको दोस्रो लहरबाट आक्रान्त बनेको समयमा सम्मेलनमा सम्बोधन गरेका मोदीले सहानुभूतिका एक शब्द पनि खर्चिएनन् । उनले कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि भारतको तयारी र पूर्वाधार विकासबारे बेलीविस्तार लगाउँदा घमण्ड प्रतिबिम्बित भइरहेको थियो । स्थिति भयावह बनेपछि आफ्ना सम्बोधनलाई मोदीले हटाउन सक्ने सम्भावनालाई मध्यनजर गर्दै मैले उनको भाषण सुरक्षित राखेकी थिएँ ।

मोदीले भनेका थिए, 'यो विषम परिस्थितिमा भारतीय जनताको तर्फबाट मैले सकारात्मक र आत्मविश्वासिलो सन्देश लिएर आएको छु । कोरोनाबाट सबैभन्दा बढी भारत प्रताडित हुन्छ भन्ने गरिएको थियो । ७० करोडदेखि ८० करोड भारतीय कोरोनाबाट संक्रमित हुने र २० लाख मानिस मर्ने प्रक्षेपण गरिएको थियो । कोरोना नियन्त्रणमा अरु देशसँग भारतको तुलनै हुन सक्दैन । विश्वकै १८ प्रतिशत जनसंख्या बसोबास गर्ने भारतले कोरोना नियन्त्रणमा प्रभावकारी कदम चालेकै कारण ठूलो मानवीय क्षति हुनबाट जोगिएको छ ।'

विश्व उपस्थित मञ्चबाट मोदीले गरेको आफ्नै दाबी अहिले विश्वसनीय भएन । अरु देशका सीमा हाम्रा लागि किन बन्द छन् ? कोरोनाका कारण हामी प्रताडित हुँदा हाम्रा प्रधानमन्त्री किन विज्ञानविरोधी देखिँदै छन् ? उनको राजनीतिक ब्रान्डले किन घृणा र मूर्खताको प्रतिनिधित्व गरिरहेको छ ? हामीसँग गुनासा थुप्रै छन्, सुन्ने र सम्बोधन गर्ने सरकार छैन ।

भारतमा कोभिडको पहिलो लहर साम्य भएपछि सरकार समर्थितहरूले विजय महसुस गरेका थिए । द प्रिन्टका अनलाइन संस्करणका सम्पादक शेखर गुप्ताले लेखेका थिए, 'अस्पतालहरूमा शय्याको अभाव छैन । घाटहरू भरिएका छैनन् । अवस्था यति राम्रो छ कि पत्याउन मुस्किल छ । तपाईं असहमत हुनुहुन्छ भने तथ्यांकसहित उपस्थित हुनुहोस् । अन्यथा स्थिति फेरि भयावह हुन्छ भन्दै भगवान् बनेर भविष्यवाणी गर्न बन्द गर्नुस् ।'

उनलाई कसले स्मरण गराइदिने कि महामारीको दोस्रो लहर हुन्छ भन्ने थाहा पाउन भगवान् भइराख्नु पर्दैन । यसको संक्रमण दरले संक्रामक रोग विशेषज्ञहरूसमेत अचम्मित भए पनि यो सहजै अनुमान लगाउन सकिने कुरा हो ।

मोदीले भाषणमा प्रस्तुत गरेजस्तो घमण्ड अब कहाँ बाँकी रह्यो र ? संक्रमितका लागि अस्पतालमा शय्या उपलब्ध छैन । स्वास्थ्यकर्मीहरूको अभाव छ । अस्पतालमा जीवितको भन्दा मृतकको संख्या बढी छ । अस्पतालकै प्राङ्गणमा बिरामीको ज्यान गएको छ । दिल्लीका घाटहरूमा दाउरा छैन । स्थिति यति कहालीलाग्दो छ कि पार्क र पार्किङस्थलसमेत घाटमा परिणत भइसके ।भारतको स्टक एक्सचेन्जमा नाजुक अवस्थामा रहेको कम्पनीको भैँ हालत छ अक्सिजनको पनि । सबै अस्पतालमा बेड र अक्सिजनका लागि गुहार मागिरहेका भेटिन्छन् । अक्सिजनको कालोबजारी फस्टाइरहेको छ । अक्सिजन संतृप्ति यन्त्र र आवश्यकीय औषधि सहजै आयात भइरहेका छैनन् ।

अक्सिजनको मात्रै होइन, मानवीयताको पनि कालोबजारी भइरहेको छ । अन्तिम पटक मुख हेर्नका लागि घूस खुवाउनुपर्ने परिस्थिति छ । कर्मकाण्डका लागि पुरेतको शुल्क बढेको छ । अनलाइन मेडिकल कन्सल्टेन्सीहरूको सेवा शुल्क ह्वात्तै बढेको छ । अस्पतालमा डिपोजिट शुल्क राख्नकै निम्ति घरजग्गा बेचेर पुस्तौँसम्म सुकुम्बासी बन्न तयार हुनुपर्ने अवस्था समेत छ ।

मानिसहरू कुन हदसम्म पीडित छन्, यी अराजकताले पुऱ्याएका आघातले नै बताउँछ । दिल्लीको गाजियाबादमा एक परिवार बसोबास गर्दै आएको थियो । परिवारमा रहेकामध्ये तीन जनालाई कोरोना भयो । आमा सिकिस्त थिइन्, अस्पतालमा बल्लतल्ल उपचार हुने भयो । यता बुबालाई मानसिक समस्या थियो । बुबालाई परामर्श दिइरहेकी चिकित्सकले पनि कोरोनाका कारण हालसालै पति गुमाएकी थिइन् । चिकित्सकको प्रयासका बाबजुद मानसिक रोगी बुबालाई उनले बचाउन सकेनन् । उनी कोरोनाका कारणले होइन, उच्च रक्तचापका कारण बितेका थिए ।

'अन्तिम संस्कार कसरी गऱ्यौ ?,' मैले सोधेँ ।

'चिनजानका सबैलाई फोन गरेँ तर अनिर्बन भट्टाचार्य मात्रै सम्पर्कमा आए,' बुबा गुमाएका ती युवाले भने । भट्टाचार्य सामाजिक अभियन्ता हर्स मन्दरसँग सहकार्य गर्दै काम गर्छन् । भट्टाचार्य ती व्यक्ति हुन्, जो पक्राउ सूचीमा समेत छन् । सरकारले उनलाई नागरिकता विधेयकको विरोध ऱ्यालीमा मानिसहरू परिचालन गरेको अभियोगमा पक्राउ गर्न खोजेको हो । तर, जहाँ सरकारको उस्थिति हुँदैन, त्यहाँ सधैँ भट्टाचार्य पुग्ने गर्छन् । उनले शव व्यवस्थापनका लागि साधन उपलब्ध गराउँछन् । बिरामीलाई अस्पताल पुऱ्याउन एम्बुलेन्सको जोहो गरिदिन्छन् । उनीहरूको स्वयम् सेवा स्वास्थ्यका दृष्टिकोणबाट निकै जोखिमपूर्ण छ । आफू जोखिममा रहेरै अरुका लागि आवश्यक सामग्रीको जोहोमा दिनरात खटिइरहेका छन् ।

यो महामारीमा आईसीयूमा पुग्नेहरूको तथ्याङ्क हेर्दा युवाहरू नै बढी देखिन्छन् । मृतकको संख्या पनि युवाहरूकै बढी छ । जब युवाहरू मरेको देखिन्छ, तब वृद्धावस्थाका मानिसहरूको जिउने चाहना पनि कम हुँदै जाने रहेछ । यो समय पनि टरेर त जाला नै, तर टरेको हेर्न पाउने भाग्यमानीचाहिँ कति हुनेछौँ होला ?

अहिले गरिब निसास्सिएका छन्, धनाढ्यले सहजै सास फेरिरहेका छन् । यसले व्यवस्थाको समेत प्रतिबिम्बित गर्छ । बिरामी भएको लोकतन्त्र पनि हो, मानिस मात्रै होइन । मृत्युवरण मानिसले मात्रै होइन, प्रजातन्त्रतले पनि गरिरहेको छ ।

अक्सिजनको अभाव कति छ भन्ने कुरा अस्पतालले बिरामीलाई आफैँ अक्सिजन ल्याउन सूचित गरेबाटै थाहा हुन्छ । गत २२ अप्रिलमा दिल्लीको गंगाराम अस्पतालमा उच्च चापको अक्सिजन लिएर उपचार सेवा लिइरहेका २५ जनाको मृत्यु भयो । उनीहरूको मृत्युलगत्तै पत्रकार सम्मेलन गर्दै अस्पतालले भन्यो, 'उनीहरू अक्सिजनको कमीका कारण मरेको भन्ने कुरामा कुनै पनि सत्यता छैन ।'

२४ अप्रिलमा जयपुर गोल्डेन अस्पतालमा समेत यस्तै घटना दोहोरियो, त्यहाँ एकैदिन २० जनाको ज्यान गयो । दिल्ली हाईकोर्टबाट महाधिवक्ता तुसार मेहेताले सरकारको तर्फबाट बोल्दै भने, 'कसैलाई पनि अक्सिजनको अभाव हुन नदिनेमा सरकार प्रतिवद्धत छ । त्यसका लागि सरकारले प्रयत्न गरिरहेको छ । सरकारको प्रयासमा विश्वास गरौँ, कोकोहोलो नमच्चाऔँ ।'

उत्तर प्रदेशमा मुख्यमन्त्री योगी आदित्यनाथले आफ्नो प्रदेशका कुनै पनि अस्पतालमा अक्सिजनको अभाव नभएको र कसैले अभावको अफवाह फैलाएमा गिरफ्तार गर्ने र सम्पूर्ण सम्पत्ति जफत गर्ने चेतावनी दिएका छन् ।

यस्ता कुरामा योगी अगाडि नै छन् । केरलाका पत्रकार सिद्धिकी कप्पान उत्तर प्रदेश सरकारसमक्ष हर्थास जिल्लामा मुस्लिम बालिकाको सामूहिक बलात्कारबारे रिपोर्ट गर्न पुगे । उनलाई एक महिना बिनाकारण जेल हालियो । जेलमा हुँदा पत्रकार कप्पान कोरोना संक्रमित भए । उनलाई साङ्लोले बाँधेर मथुरास्थित अस्पतालमा लगियो । श्रीमतीले हाईकोर्टको आदेश लिएर नगएको भए कप्पानले दिल्लीको सुविधासम्पन्न अस्पतालमा उपचार पाउने थिएनन् ।

यो घटनाबाट उत्तर प्रदेशमा बाँच्ने हो भने अन्यायविरुद्ध पनि उजुरी नगर्नू भन्ने पुष्टि हुन्छ । यस्ता विषय उत्तर प्रदेशमा मात्रै सीमित छैन । राष्ट्रिय स्वयंसेवक संघले पनि यस्ता चेतावनी दिइरहेको छ । सो संगठनका प्रवक्ताले भनेका छन्, 'भारतविरोधी शक्तिहरू विभिन्न अफवाह फैलाउन उद्यत छन् । त्यस्ता अफवाहविरुद्ध मिडियाले सामग्री उत्पादन गर्दै सकारात्मक वातावरण पैदा गराउनू ।'

यो अभियानमा ट्वीटरले साथ दिएको छ । ट्वीटरले मोदी सरकारका आलोचकहरूको खाता निष्क्रिय बनाइरहेको छ ।

कति संक्रमित भए ? कति मरे ? कति संक्रमणबाट मुक्त भए ? यसको उच्च विन्दु कहिले आउलाजस्ता प्रश्नबाट वाक्क भइसक्यौँ । हामीले कहाँबाट सान्त्वना पाउने ? २७ अप्रिलमा मात्रै ३ लाख २३ हजार १ सय ४४ नयाँ संक्रमित देखिए । त्यो दिन २ हजार ७ सय ७१ जनाको मृत्यु भयो । आगामी दिनको अवस्था कस्तो होला, अनुमान लगाउन पक्कै सकिन्छ । तर, कसरी थाहा पाउने, दिल्लीमा परीक्षण निकै कम छ । सार्वजनिक भएका तथ्यांकभन्दा ३० गुणा बढी शव जलिरहेका छन् ।

अब मोदीको हकमा एउटा विकल्प बाँकी छ, आफ्ना सबै कसुरका लागि राजीनामा दिने वा ५ करोड ६४ लाख पाउन्डमा खरिद गरिएको आलिसान बोइङ ७७७ मा सयर गर्ने । तिमी र तिम्रा सहयोगीहरू रनवेमा त्यसै बसिरहेको जहाजलाई चलायमान बनाउन लाग, तिमीले थुपारेका फोहोर सफा गर्दै देशलाई चलायमान बनाउन हामी लाग्नेछौँ ।

दिल्लीबाट भाइरस बोकेर कम्तीमा पनि १ करोड मानिस बिहार, उत्तर प्रदेश, मध्य प्रदेशमा पुगेका छन् । दिल्लीकै दयनीय अवस्था हुँदा त्यहाँ कस्तो परिस्थिति आउला ? भाडापखाला, क्षयरोगबाट मृत्युवरण गर्ने यी प्रदेशका जनता कोरोनासँग कसरी जुध्लान् र ? त्यहाँ अस्पताल कति नै होलान् र ? अस्पतालको सुविधा के नै होला र ?

२८ अप्रिलमा केभादियामा रहेका प्रभुभाइको कोभिडका कारण निधन भयो । उनको गणना त्यसमा हुने छैन । किनकि उनी बिनाउपचार घरमै थिए । उनी त्यहाँ निर्माणाधीन बाँधको विरोधी थिए । नरमदा उपत्यकामा बाँध निर्माण गर्दा त्यहाँका आदिवासी खेदिएका थिए । बेलायती उपनिवेशवादको झल्को दिने गरी सरकारले उनीहरूलाई व्यवहार गरेको थियो ।

केभादियामा अस्पताल छैन तर ४ करोड ४२ लाख अमेरिकी डलर लागतमा स्वतन्त्रता सेनानी तथा भारतका पहिलो उपप्रधानमन्त्री सरदार बल्लभभाइ पटेलको १ सय ८२ मिटर अग्लो प्रतिमा बनाइएको छ । द्रुत गतिको इलिभेटरबाट पर्यटकले नर्मदा बाँधको अवलोकन गर्न पाउनेछन् ।

सन् २०१८ मा सालिक उद्घाटनका लागि पुगेका मोदी । तस्वीरः एएफपीसन् २०१८ मा सालिक उद्घाटनका लागि पुगेका मोदी । तस्वीरः एएफपी

उनीहरूले देख्न पाउनेछन् ध्वस्त पारिएको आदिवासी सभ्यता । त्यो जलाशयमा महसुस गर्न सक्नेछन् उनीहरूको चीत्कार । नियाल्न पाउनेछन् जलाशयभित्रै डुबेको आदिवासीहरूको खुसी । मलाई जसले प्रभुभाइ मरेको खबर सुनाएकी थिइन्, उनै साथीले भनिन्, 'केभादियामा कोरोनाको अवस्थाबारे तिमीलाई जानकारी गराउन मेरो हात नै कामिरहेको छ ।'

कोरोनाको तथ्यांक ठ्याक्कै ट्रम्पको भारत भ्रमणका क्रममा सुकुम्बासी लुकाउनका निम्ति अहेमदाबादमा बनाइएको पर्खालजस्तै छ । सार्वजनिक भएका तथ्यांक भारतमा कोरोनाको अवस्था कस्तो छ भन्ने सतही आकलनका निम्ति सहयोगी छ तर कोरोनाको सत्य अवस्था अझै लुकिरहेको छ ।

अक्सिजनको अभाव कम गर्ने विषयमा २०२० मै गठन भएको सरकारी कमिटीले किन काम गरेन भन्नेबारेमा पनि धेरै चासो नदेखाऔँ । दिल्लीका ठूलठूला अस्पतालमा समेत अक्सिजन प्लान्ट किन भएनन् भन्नेमा पनि निकै चासो नराखौँ । प्रधानमन्त्रीका नाममा स्थापित कोषको रकम व्यक्तिगत कोषको झैँ उपयोग किन भयो भन्नेतर्फ पनि धेरै चिन्तित नबनौँ । 'के मोदी अक्सिजन आपूर्तिमा समेत आफ्नो हिस्सा लिन चाहन्छन् ?' अक्सिजन अभाव उनले हटाऊलान् त ?

***'आस गरौँ, भर नपरौँ'***

मोदी सरकारका लागि उपस्थिति जनाउनुपर्ने एजेण्डा धेरै छन् । लोकतन्त्रको समाप्ति, गैरहिन्दू अल्पसंख्यकमाथि दमन र हिन्दू राष्ट्र स्थापनाका निम्ति बलियो जग निर्माण उनका एजेण्डा हुन् । आसाममा बसोबास गरेका २० लाख मानिसलाई नागरिकताबाट वञ्चित गराउनु, नागरिकता विधेयकको विरोध गर्दा सयौँ मुस्लिम विद्यार्थीलाई कारागार चलान गर्नु, भारतमा मुस्लिमको हत्या अपराध हुन छोड्नु, अयोध्यामा रहेको मस्जिद तोडफोडमा स्थानीय प्रशासन तथा राजनीतिज्ञ मूकदर्शक बन्नु, अदालतले पनि तोडफोडमा संलग्नलाई सहयोग पुग्नेगरी फैसला सुनाउनुले तिनै एजेण्डालाई मलजल गरिरहेको छ ।

यो पटक भारतमा कुम्भ मेलासमेत भयो । करोडौँ हिन्दूधर्मावलम्बी गंगामा डुबुल्की मार्न उपस्थित भए । कोरोना महामारीको समयमा करोडौँ मानिसहरूको भीड प्रतिकात्मक पनि हो । गत वर्ष तब्लिगी जमातले धार्मिक सम्मेलन गर्दा उनीहरूलाई कोरोना जिहादी भनियो । उनीहरूले मानवताविरुद्धको अपराध गरेको आरोपसमेत लगाइयो । म्यानमारबाट भागेर आएका रोहिंग्याहरूप्रति पनि सरकारले यस्तै आरोप लगायो । मोदी सरकार यस्तै विषयमा व्यस्त छ ।

यी गतिविधिभन्दा पनि माथि मोदी सरकारका लागि बंगलामा चुनाव जित्नु झन् जरुरी थियो । त्यसैले गृहमन्त्री अमित शाहले आफ्नो सम्पूर्ण गतिविधि त्यहीँ केन्द्रित गरे । विगतमा एकै दिनमा चुनाव भएको परिस्थिति थियो । तर, भारतीय जनता पार्टीका निम्ति नयाँ निर्वाचन क्षेत्र भएकाले उसले आफ्ना सबै गतिविधि त्यहीँ केन्द्रित गऱ्यो । कोरोना महामारीका कारण निर्वाचन कार्यतालिका हेरफेर गर्न अन्य दलले आयोगलाई आग्रह गरेका थिए । ती दलका माग अस्वीकार गर्दै पूर्वनिर्धारित कार्यतालिकाअनुसार नै निर्वाचन गर्ने भनिदियो ।

चुनावी सभामा मोदीले कोभिडको कुनै प्रोटोकलको पालना गरेका थिएनन् । मास्क नलगाएका मोदीले बोलीमा समेत लगाम लगाएनन् । उनको भाषण सुन्न अप्रत्याशित संख्यामा मानिस भेला भए । भारतमा कोरोना संक्रमितको संख्या दैनिक २ लाख हुँदा मोदीको राजनीतिक गतिविधि तीव्र थियो । बंगालमा निर्वाचन सकिएको छ, अब मतगणनासँगै कोरोना संक्रमितको संख्याको गणना पनि सुरु हुनेवाला छ । कोलकातामा प्रत्येक २ मा कोरोना परीक्षण गर्दा एक जनामा कोरोना देखिन्छ । भाजपाको घोषणा छ, चुनाव जिते सित्तैमा नागरिकलाई खोप लगाइनेछ । भाजपाले जितेन भने चाहिँ ?

***'खोप पाउनेमा आस गरौँ, भर नपरौँ'***

खैर, भारत खोप उत्पादनको प्रमुख ठाउँ होइन र ? भारत खोपका लागि दुईवटा उत्पादकसँग निर्भर छ । एक सेरम, अर्को भारत बायोटेक । दुवै कम्पनीले खोप बेच्न थालिसकेका छन् । यो हप्ता उनीहरूले निजी अस्पताललाई खोप बेच्ने घोषणा गरेका छन् । खोप उत्पादकहरूले अकुत नाफा कमाउने निश्चित छ ।

मोदी सरकारकै नेतृत्वमा भारतको अर्थतन्त्र केही खुम्चिएको छ । मध्यमस्तरको जीवन निर्वाह गरेकाहरू गरिबीको रेखामुनि धकेलिएका छन् । धेरै मानिस राष्ट्रिय ग्रामीण रोजगार कार्यक्रमअन्तर्गत काम गरिरहेका छन् । यो कार्यक्रम सन् २००५ मा कांग्रेस नेतृत्वको सरकारले अघि सारेको थियो । खानलाउन नै धौधौ हुने परिवारले खोपका लागि पैसा तिर्न सम्भव नै छैन । बेलायतमा खोप मौलिक हकअन्तर्गत सित्तैमा लगाइन्छ । कर्पोरेट प्रभावमा परेका कारण भारतमा आमनागरिकका लागि खोप अब निःशुल्क हुने छैन ।

यस्तो विषम परिस्थितिमा मोदी समर्थित भारतीय टेलिभिजनको चिच्याहट छ, 'स्वास्थ्य प्रणाली नै ध्वस्त भयो । सबै प्रणाली ध्वस्त भयो ।'

ध्वस्त पार्ने प्रयत्नका बाबजुद पनि अलिअलि ढुकढुकी जीवित थियो । कांग्रेस र भाजपा कुनै पनि सरकारले स्वास्थ्य प्रणाली दरिलो बनाउनका लागि पूर्वाधार विकास गरेनन् । त्यसको नियती जनताले व्यहोर्नुपरेको हो । भारतले कुल गार्हस्थ्य उत्पादनको १ दशमलव २५ प्रतिशत मात्रै स्वास्थ्य क्षेत्रमा लगानी गर्छ । अन्य देशको तुलनामा यो निकै कम हो । ल्यान्सेटले गरेको अध्ययनअनुसार शहरका ७८ प्रतिशत स्वास्थ्य संस्था निजी लगानीका छन् भने ग्रामीण इलाकाका ७१ प्रतिशत संस्थामा निजी लगानी छ ।

सरकारी स्वास्थ्य संस्थाहरूमा समेत माफियाहरूको हालीमुहाली छ । स्वास्थ्य नागरिकको मौलिक अधिकार हो । निजी स्वास्थ्य संस्थाले गरिब नागरिकको सेवा गर्दैन । त्यसैले स्वास्थ्यमा निजीकरण अपराध हो । स्वास्थ्य प्रणाली ध्वस्त भइसकेको छैन । आफ्ना संस्थालाई बलियो बनाउन सरकार असक्षम मात्रै भएको हो ।

संक्रामक रोग विशेषज्ञहरूका अनुसार भारतमा कोरोना संक्रमितको संख्या दैनिक ५ लाख पुग्न सक्छ । मृतकको संख्या पनि उकालो लाग्नेछ ।

भयावह परिस्थिति पछि ३ःयमष्गकतच्भकष्नल चलिरहेको छ । केही मिमहरूमा मोदीलाई कंकालका रूपमा चित्रित गरिएको छ । मोदी र अमित शाहलाई गिद्धका रूपमा समेत व्याख्या गरिएको छ । सामाजिक सञ्जालको पाटो यो रह्यो तर वास्तविकता के हो भने उनीहरू भावनाविहीन मानिस हुन् । उनीहरू निरंकुश हुन् । उत्तर भारत भाजपाका लागि सबैभन्दा बढी भोटको इलाका हो, यसले सिङ्गो देशको भाग्य निर्धारण गर्ने सामर्थ्यसमेत राख्ने गर्छ । मोदीलाई पीडा दिने सामर्थ्य त्यहाँका जनतामा नै निहित छ ।

फेड्रिक डुग्लासले भनेका छन्, 'तानाशाहको आयु दमनमा परेकाहरूको धैर्यता नटुट्दासम्म मात्रै हो ।' मोदीको तानाशाही प्रवृत्तिलाई त्यहाँका जनताले कहिलेसम्म सहलान् ? अवमूल्यनमा परेका उनीहरू कहिलेसम्म चुप बस्लान् ? समय आएपछि पक्कै उनीहरूले स्वेच्छाचारी शासकलाई तह लगाउलान् ।मोदीले राजनीतिक डेब्यु सन् २००१ मा गुजरातको मुख्यमन्त्रीबाट गरेका थिए । उनकै पालामा त्यहाँ हिन्दू र मुस्लिमबीच दंगा भएको थियो । दंगा साम्य भएपछि त्यहाँ चुनावको घोषणा गरियो । मोदीको चुनावी अभियानमा हिन्दू हृदय सम्राट सक्रिय थियो । त्यहाँदेखि हालसम्म मोदी कुनै पनि निर्वाचनमा पराजित भएका छैनन् । गुजरात दंगाको भिडियो फुटेज पत्रकार आशिष खेतानसँग सुरक्षित थियो । उनले आरोपितहरूका लागि कारबाही गर्न प्रमाण हुने भन्दै अदालतमा समेत उपलब्ध गराएका थिए तर कसैमाथि पनि कारबाही भएन । मोदीकै निर्देशनमा उनीहरूमा कुनै कारबाही नगरिएको हो ।

यी सबै विषयमा जानकार हुँदाहुँदै पनि भारतका बुद्धिजीवी, कर्पोरेट क्षेत्र, मिडिया सबैले उनलाई प्रधानमन्त्री हुन सहयोग गरे । उनको वाक्कला र काम गर्ने शैली राम्रो रहेको सबैको प्रतिक्रिया थियो । मोदीको आलोचना गर्नेहरूमाथि तुच्छ व्यवहार गरियो । उनीहरूले विपक्षी दलका नेताहरूप्रति गरेको मानहानि सुहाउँदिलो थिएन । कोभिड नियन्त्रणको प्रभावकारी तयारीका लागि ध्यानाकर्षण गराउने कांग्रेसका राहुल गान्धीमाथिको निकृष्ट टिप्पणीले विपक्षीको मात्रै होइन, लोकतान्त्रिक प्रणालीकै धज्जी उडायो ।

मोदी सरकारको पालामा संवैधानिक संस्थाहरूलाई खोक्रो बनाइएको छ र कोरोना नियन्त्रणबाहिर छ । संकट मात्रै जन्माउने यो सरकार कोरोना नियन्त्रणका लागि असक्षम छ । यो सरकारमा एक व्यक्तिले मात्रै निर्णय लिन्छ र ऊ आफैँमा खतरनाक छ । महामारी नियन्त्रण सामूहिक प्रयत्नबिना सम्भव हुँदैन । त्यसैले कुशल प्रशासक, स्वास्थ्य विशेषज्ञ, प्रतिपक्षी दलका प्रतिनिधि, स्वास्थ्य नीतिका विज्ञ र सत्तारुढ दलका प्रतिनिधि सहभागी संयन्त्र बनाउन जरुरी छ ।

अब मोदीको हकमा एउटा विकल्प बाँकी छ, आफ्ना सबै कसुरका लागि राजीनामा दिने वा ५ करोड ६४ लाख पाउन्डमा खरिद गरिएको आलिसान बोइङ ७७७ मा सयर गर्ने । तिमी र तिम्रा सहयोगीहरू रनवेमा त्यसै बसिरहेको जहाजलाई चलायमान बनाउन लाग, तिमीले थुपारेका फोहोर सफा गर्दै देशलाई चलायमान बनाउन हामी लाग्नेछौँ । के भारत एकान्तवासमा रहन सक्छ भन्ने प्रश्नको जवाफ म पनि दिन चाहन्छु । यो अवस्थामा भारत एक्लै रहन पटक्कै सक्दैन । हामीलाई सहयोगको खाँचो छ ।

*गार्जियनमा प्रकाशित सामग्रीलाई शिशिर ढकालले अनुवाद गरेका हुन् ।*
*साभार- शिलापत्र डटकमबाट*

# गान्धी तुलसी स्मारक महागुठीको चलअचल सम्पत्ति संरक्षणमा योगदान पुऱ्याउने व्यक्तित्वहरू सम्मानित




काठमाडौं । नेपाल चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीको चल अचल सम्पत्ति संरक्षणमा योगदान पुऱ्याउनु भएका व्यक्तित्वहरू सम्मानित हुनुभएको छ । ललितपुर महानगरपालिकाको पाँच नं. वडा र व्यापारिक वर्गले एक कार्यक्रमको आयोजना गरी संयुक्त रूपमा उहाँहरूलाई सम्मानित गरेको हो । सम्मानित हुनुहुने व्यक्तित्वहरूमा महागुठीका पूर्व अध्यक्ष तथा पूर्व मन्त्री भद्राकुमारी घले, महागुठीकी निवर्तमान अध्यक्ष उर्मिला गर्ग, निवर्तमान महासचिव तथा पूर्व संविधानसभा सदस्य महालक्ष्मी क्षेष्ठ, प्रतिनिधिसभा सदस्य पूर्णकुमारी सुवेदी, पूर्व महिला आयोगकी अध्यक्ष नैककला थापा, बरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता कपिल पोखरेल, प्रदेशमान श्रेष्ठ, पत्रकार इन्द्र राउतलगायत हुनुहुन्थ्यो । उहाँहरूलाई दोसल्ला ओढाएर, सयपत्रीको माला र समाजसेवी तुलसीमेहर श्रेष्ठको फोटो अंकित मायाको चिनो दिएर सम्मान गरिएको थियो । भद्रकुमारी घलेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता वडा अध्यक्ष विकासमान श्रेष्ठले गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिले महागुठीको सम्पत्ति संरक्षणमा प्रत्यक्ष परोक्ष रूपमा महत्वपूर्ण भूमिका खेलेको भन्दै वडा अध्यक्ष विकासमान श्रेष्ठलाई समेत प्रमुख अतिथि घलेले दोसल्ला ओढाए सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै महागुठीकी पूर्व अध्यक्ष भद्रकुमारी घलेले बरिष्ठ समाजसेवी तुलसीमेहर श्रेष्ठलाई आम नेपाली जनता र राज्यले राम्रोसँग चिन्नुपर्ने र उहाँले समाजसेवाको क्षेत्रबाट गर्नुभएको योगदानको उच्च कदर गरिनुपर्ने धारणा राख्नुभयो । उहाँले सामाजिक संस्थाहरूलाई स्वायत्त रूपमा काम गर्ने वातावरण बनाउनु पर्ने र सरकारले हात हाल्न नहुने पनि विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, 'गान्धी तुलसीमेहर स्मारक महागुठीमा राज्यले हात हालेकोले समस्या उत्पन्न भएको हो । महागुठीको विधान अनुसार निर्वाचित कमिटिलाई भंग गरेर अर्को कमिटि बनाउने खेलमा राज्यको समेत संलग्नता हुँदा संस्थामा जटिल समस्या उत्पन्न हुन गएको हो ।' संस्थाको सम्पत्ति हिनामिना गर्न खोज्ने गतल तत्वहरूका विरुद्ध मुद्दा जितेको यति लामो समय बितिसक्दा पनि सरकारले किन तदर्थ समिति बनाउन सकेको छैन भनी प्रश्न गर्नुभयो । उहाँले सरकार पनि संस्थाको अरबौं सम्पत्ति हिनामिना गर्न खोज्ने तत्वहरूको प्रभावमा परेको त होइन भन्दै संशय व्यक्त गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै महागुठीकी महासचिव तथा पूर्व संविधानसभा सदस्य महालक्ष्मी श्रेष्ठले मुद्दा जिते पनि अहिले पनि भूमाफियाहरूले दुःख दिइरहेको बताउनु भयो । संस्थाको चल अचल सम्पत्ति हड्न खोज्ने भूमाफियाका विरुद्ध ६ बर्षसम्म मुद्दा लडेको र अन्ततः संस्थाको जित भएको चर्चा गर्दै उहाँले संस्था डुबाउन खोज्ने व्यक्तिहरूको नाम नै लिनुभयो । उहाँले भन्नुभयो, 'हामीलाई ६ बर्षदेखि दुःख दिने र अहिले पनि दुःख दिइरहने व्यक्तिहरू नारायण दाहाल, उदयमोहन श्रेष्ठ र संस्थाकै कर्मचारी प्रेम लामिछाने हुन् ।' उहाँले संस्थाको सम्पत्ति बचाउन आफूहरू दिनरात नभनी अहोरात्र घटेको भन्दै संस्थाको सम्पत्ति बचाउन प्रत्यक्ष परोक्ष रूपमा सहयोग पुऱ्याउने संस्थाकी पूर्व अध्यक्ष भद्रकुमारी घलेलगायत मुख्य गुठियारहरू र सम्मानित व्यक्तित्वहरूलाई समेत धन्यवाद ज्ञापन गर्नुभयो ।

मुद्दा जितेपछि तदर्थ समिति बनाउने प्रक्रियामा अहिले पनि विभिन्न व्यवधान खडा गरिएको चर्चा गर्दै माफियाहरूले समाजकल्याण मन्त्रीलाई समेत प्रभावमा पारेको अनुभूति हुनु दुखद् भएको बताउनु भयो ।

तदर्थ बनाउने विषयमा आफूहरू लचिलो गरी प्रस्तुत भएको र प्रधानमन्त्री, उपप्रधानमन्त्रीदेखि गृहमन्त्री, शिक्षामन्त्रीसम्म सकारात्मक रहेकोले अब चाँडै संस्थाले पुनर्जीवन पाउने विश्वास दिलाउनु भयो ।

संस्थाको सम्पत्ति बचाउन नेतृत्वदायी भूमिका खेलेकोले मुख्य गुठियार लगायत सम्बन्धित सबै पक्षले अबको कार्यसमितिको अध्यक्ष बन्न प्रस्ताव आएको, त्यसका लागि आफू तयार रहेको जानकारी दिँदै त्यसका लागि सकारात्मक योगदान गर्न संस्थाका सदस्यहरूलाई अपिल समेत गर्नुभयो ।

त्यसैगरी कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य तथा महिला नेतृ पूर्णकुमारी सुवेदीले सामाजिक संघ संस्थाबाट पुऱ्याएको योगदानले राज्यले उच्च कदर गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले भद्रकुमारी घलेदेखि महालक्ष्मी श्रेष्ठसम्मले समाजसेवाको क्षेत्रबाट राज्यमा पुऱ्याउनु भएको योगदानबाट नयाँ पुस्ताले पनि धेरैकुरा सिक्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

संविधानसभाको पूर्व उपाध्यक्ष समेत रहनुभएकी नेतृ सुवेदीले दिनरात नभनी संस्थाको चल अचल सम्पत्ति सुंरक्षणमा मरिमेटेर लाग्नुभएका महालक्ष्मी श्रेष्ठ लगायत संस्थाका मुख्य गुठियारहरूप्रति खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रमको समापन गर्दै वडा अध्यक्ष विकासमान श्रेष्ठले आफू सानो छँदा तुलसीमेहर श्रेष्ठसँगको सामिप्यताको अनुभूतिसहित उहाँको समाजसेवाको राज्यले उच्च कदर गर्नुपर्ने धारणा राख्नुभयो । पाटन ललितपुरमा जन्मनुभएका बरिष्ठ समाजसेवी श्रेष्ठको जीवन र कर्मको उच्च मूल्यांकन गर्दै पाटनमा 'तलुसीमेहर मार्ग' भनेर सडकको नामांकरण गरिएको जानकारी दिनुभयो । उहाँले समाजसेवामा आफ्नो सिंगो जीवन व्यतित गर्नुभएका भद्रकुमारी घले, उर्मिला गर्ग, महालक्ष्मी श्रेष्ठ लगायतको पुस्ताबाट पछिल्लो पुस्ताले धेरै उत्प्रेरणा लिनुपर्ने समाजसेवाजस्तो पवित्र कार्यमा हात हाल्न अग्रसर हुनुपर्ने विचार पनि व्यक्त गर्नुभयो ।

कार्यक्रममा लगनखेलस्थित महागुठीकै घरमा व्यापार गरेर बस्ने व्यापारी वर्गको तर्फबाट मन्तव्य राख्दै भैरव राईले संस्थामा भएको दुई पक्षबीचको झगडा र मुद्दा मामिलाले आफूहरू पनि प्रभावित भएको चर्चा गर्नुभयो । उहाँले मुद्दा जितिसकेको र अब नयाँ कार्यसमितिले संस्थाको जिम्मा लिने प्रक्रिया चलिरहेकोले आगामी दिनमा व्यापारीवर्गलाई थप सहज हुने बताउनु भयो । सामाजिक संस्थाको घर प्रयोग गरिरहेको हुनाले संस्थाको सम्पत्तिको चल अचल सम्पत्तिको संरक्षण गर्ने दायित्व आफूहरूको पनि रहेको भन्दै राईले संस्थाको सम्पत्ति बचाउने र खानेबीचको लडाइँमा आफूहरूले सँधै बचाउने पक्षलाई साथ सहयोग गर्दै आएको पनि बताउनु भयो ।

कार्यक्रमको सञ्चालन, स्वागत तथा धन्यवाद ज्ञापन वडाका सदस्यहरूले गर्नुभएको थियो । कार्यक्रममा महागुठीका कर्मचारीहरूलाई समेत खादा ओढाएर सम्मान गरिएको थियो । ब्यानर पढेर प्रमुख अतिथि घलेबाट उद्घाटन गरिएको कार्यक्रम ललितपुरको महालक्ष्मीस्थानस्थित डिलाइट पार्टी प्यालेसमा सम्पन्न भएको थियो ।

# अनेरास्ववियू (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलद्वारा सरकारलाई जनताप्रति जवाफदेही हुन अपिल गर्दै प्रेस विज्ञप्ति प्रकाशित

काठमाडौं । कोभिड-१९ को दोस्रो लहर सुरु भएसँगै नेपाल सरकार जनताको जीवनरक्षाका साथै आधारभूत आवश्यकता पूरा गर्ने सवालमा अत्यन्तै गैरजिम्मेवार रहेको र लकडाउन र निषेधाज्ञालाई नै समस्याको समाधन ठानेर त्यसैमा जोड दिने सरकारको गैह् जिम्मेवारी नीतिको विरोध गर्दै ओली सरकारलाई जनताप्रति पूर्णरूपमा जवाफदेही हुनसमेत जोडदार आग्रह गर्दै प्रेस विज्ञप्ति प्रकाशित गरिएको छ, जसको पूर्ण पाठ तल दिइएकोछ -

प्रेस विज्ञप्ति :

सरकारलाई जनताप्रति जवाफदेही हुन अपिल ।

कोभिड-१९ को दोस्रो लहर सुरु भएसँगै नेपालमा पनि परिस्थिति भयावह र विकराल बन्दै गइरहेको छ । नेपाल सरकार जनताको जीवनरक्षाका साथै आधारभूत आवश्यकता पूरा गर्ने सवालमा अत्यन्तै गैरजिम्मेवार रहेको कुरा सरकारका पछिल्ला गतिविधिहरूले प्रष्टै पार्दछन् । भेन्टिलेटर र आई.सी.यू. बेडहरू थप्ने र चिकित्सक तथा स्टाफ नर्सहरूको अभाव र अपुग भएका अस्पतालहरूमा आवश्यक चिकित्सक, स्टाफ, नर्सलगायत अन्य आवश्यक उपकरण थप एवम् व्यवस्थापन गर्नेतिर सरकार गम्भीर देखिँदैन । केवल सस्तो लोकप्रियता र नेम प्लेटमा आफ्नो नाम लेखाउन, राष्ट्रघाती एम.सी.सी. परियोजना पास गराउन र जसरी भए पनि विदेशीको गुलाम बनेर आफ्नो सरकार बचाउनमै तल्लीन देखिन्छ भने प्रतिपक्षीहरू 'तँ छाड म छाड' गर्दै जसरी भए पनि सरकारमा पुग्ने होडबाजीमै लागिपरेका छन् । उनीहरू पनि देश र जनताप्रति पूर्णरूपमा गैरजिम्मेवार साबित भइसकेका छन् ।

लकडाउन र निषेधाज्ञा जारी गर्दा मारमा पर्ने विद्यार्थी, मजदूरलगायत आम सर्वसाधारणलाई राहत प्याकेज घोषणा गरी सहजरूपमा जीवनयापनको वातावरण निर्माण गर्नसमेत नेपाल सरकारसँग अनुरोध गर्दछौं । कोभिड-१९ का बिरामीहरूलाई पूर्णरूपमा निःशुल्क उपचारको व्यवस्था गर्नका लागि हार्दिक अपिल गर्दछौं । साथै, नेपाल सरकारलाई जनताप्रति पूर्णरूपमा जवाफदेही हुनसमेत जोडदार आग्रह गर्दछौं ।

अन्यथा, जनताप्रति गैरजिम्मेवार हुने, राष्ट्रघात र जनघातका कामहरू मात्र गर्ने, राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सुनिश्चितता गर्न नसक्ने अहिलेको दलाल प्रतिक्रियावादी राज्यसत्ताविरुद्ध सशक्त सङ्घर्षमा उत्रन बाध्य हुने चेतावनीसमेत दिन चाहन्छौं । क्रान्तिकारी अभिवादनसहित !

*हरिकृष्ण गजुरेल*
*अध्यक्ष*

उनले निवेदन दिए लगत्तै सभामुख नेत्रराज अधिकारीले एकतर्फी रूपमा सूचना टाँसेर प्रदेश सभा बैठक अनिश्चितकालका लागि स्थगित गरे ।

राष्ट्रिय जनमोर्चा जता लाग्यो त्यतै मत दिने भनेर बसेका अर्का सांसद गण्डकी प्रदेशसभा सदस्य राजीव गुरुङ 'दीपक मनाङे' बुधबार बोलाइएको प्रदेश सभा बैठकमा अनुपस्थित भए ।

गत फागुन २३ गते सर्वोच्च अदालतको फैसलाले माओवादी र एमालेलाई साबिककै अवस्थामा फर्काइदिएपछि उनी आफू स्वतन्त्र बताउँदै आएका थिए । तर, केही दिनदेखि सांसद गुरुङले राजमोले जुन पक्षलाइ समर्थन गर्छ आफूले पनि उसैलाइ सहयोग गर्ने अभिव्यक्ति सार्वजनिक गरेका थिए । सम्पर्कविहीन भएका राष्ट्रिय जनमोर्चाका प्रदेशसभा सदस्य खिमविक्रम शाही अस्पतालमा कोभिड-१९ उपचार गर्ने आईसीयूमा भेटिएका छन् । यद्यपि उनको कोरोना परीक्षण रिपोर्ट नेगेटिभ छ । प्रदेशसभा सदस्य शाही पोखरास्थित चरक अस्पतालको कोभिड वार्डको आईसीयूमा भेटिएका हुन् ।

उनीसँगै कांग्रेस प्रदेशसभा सदस्य मनकुमारी गुरुङ बुधबार विहान अस्पतालमा भर्ना भएका थिए । प्रदेशसभा सचिवालयले गरेको पीसीआर टेष्टमा शाहीको रिपोर्ट नेगेटिभ आएको थियो । तर अस्पतालमा पोजेटिभ रिपोर्ट देखाएर भर्ना भएका थिए ।

जनता कोरोना संक्रमणका लागि उपचार नपाएर दिनदिनै मरिरहँदा संसदवादी दलहरू भने सत्ता ढाल्ने र टिकाउने खेलमा मानवीय संवेदनाशुन्य रूपमा रमाइरहेका छन् । सत्ता पक्ष र प्रतिपक्षको यो गैरजिम्मेवारपूर्ण सत्ता स्वार्थको साम, दाम, दण्ड, भेदको शिकार भने जनसर्वसाधारण बन्दै आएका छन् ।

## राष्ट्रघाती...

समाचार स्रोतका अनुसार जसपा पनि एमसीसी पास गर्न सकारात्मक रहँदै आएको छ । कांग्रेस सभापति शेरबहादुर देउवाले एमसीसी सम्झौता संसद्बाट छिटो अनुमोदन हुनुपर्ने बताएलगत्तै प्रधानमन्त्री ओलीले पनि त्यो विषय उठाएका थिए ।

यसअघि २०७६ माघमा तत्कालीन नेकपाको केन्द्रीय कमिटी बैठकमा एमसीसीको चर्को विरोध भएपछि सरकारले संसद्मा संकल्प प्रस्ताव पेस गर्ने तयारी गरेको थियो । तर, त्यही विषयमा पनि पार्टीभित्र मत बाझिएपछि प्रस्ताव अघि बढ्न सकेको थिएन । माओवादी केन्द्रले समेत एमसीसी पास गर्ने विषयमा सहमति जनाइसकेपछि संसदमा टेवल हुने बित्तिकै एमसीसी सम्झौता पास हुने देखिएको छ । एमसीसी सम्झौतामा उल्लेखित प्रावधानहरू संशोधन नहुने भनेर अमेरिकाले बारम्बार भनिरहेको अवस्थामा नेपालका संसदवादी दलहरूले संशोधनसहित अनुमोदन गर्ने भनेर जनतालाई बेबकुफ बनाइरहेको एमसीसी सम्झौता खारेजीको माग गर्दै आएको नेकपा (क्रान्तिकारी माओवादी)का नेताहरूले टिप्पणी गरेका छन् । अमेरिकी प्राध्यापक मेरि डेसनदेखि नेपालका विज्ञ विश्लेषकहरूले एमसीसी सम्झौता नेपालको लागि गलपासो हुने भन्दै खारेजी गरिनुपर्ने आवाज उठाउँदै आएका छन् । नेकपा (क्रान्तिकारी माओवादी) सहित २३ राजनीतिक दल तथा संघ संस्थाहरूले पनि एमसीसी सम्झौता राष्ट्रघाती रहेकोले खारेज गरिनुपर्ने माग गर्दै सडकबाट आन्दोलन उठान गर्दै निरन्तर रूपमा दबाब दिँदै आएका छन् । अहिले कोरोनाका कारण उत्पन्न परिस्थितिमा निषेधाज्ञा जारी भएकै अवस्थामा संसदबाट एमसीसी अनुमोदन गर्ने तयारी गरिएको छ ।

## नेकपा...

जोडदार विरोध गर्दै एक प्रेस वक्तव्यमार्फत देशका सरकारी तथा निजी सबै अस्पतालहरूमा कोभिड नियन्त्रणका लागि आवश्यक जनशक्ति, उपचार सामग्री र अन्य साधनहरूको व्यवस्था गरी सङ्क्रमितहरूको निशुल्क अपचार गर्न सरकारसँग जोडदार माग गरेको छ । प्रेस वक्तव्यको पूर्णपाठ तल दिइएको छ ।

**प्रेस-वक्तव्य**

यतिबेला देशमा कोभिड-१९को दोस्रो लहर फैलिरहेको छ । प्रतिदिन सङ्क्रमित हुने र मृत्यु हुनेहरूको सङ्ख्या डरलाग्दोगरि बढिरहेको छ । यस्तो अति संवेदनशील अवस्थामा ओली सरकारले नागरिकहरूको उपचार गर्न नसक्ने घोषणा गरेको छ । यो उपचारको नाममा निजी अस्पतालहरूलाई ब्रह्मलुट गर्न अवसर मिलाइदिनका लागि सरकारले गरेको अत्यन्त गैरजिम्मेवारपूर्ण र जनविरोधी घोषणा हो । हाम्रो पार्टी सरकारको यस्तो अभिव्यक्तिको घोर विरोध र तीव्र भर्त्सना गर्दछ ।

यस्तो गंभीर स्थितिमा देशका सरकारी तथा निजी सबै अस्पतालहरूमा कोभिड नियन्त्रणका लागि आवश्यक जनशक्ति, उपचार सामग्री र अन्य साधनहरूको व्यवस्था गरी सङ्क्रमितहरूको निशुल्क अपचार गर्न हाम्रो पार्टी सरकारसँग जोडदार माग गर्दछ । साथै लकडाउनका कारण हातमुख जोड्न समेत अप्ठ्यारोमा परेका सबैको र मुख्यतः असङ्गठित क्षेत्रमा कामगर्ने मजदुरहरूको जीवन बचाउनका लागि राहतको व्यवस्थागर्न सरकारसँग विशेष माग गर्दछ ।

यस्तो गंभीर स्थितिमा सङ्क्रमितहरूको उपचारको व्यवस्था मिलाउन र लकडाउनका कारण विचल्लीमा परेका सबैको सहयोगका लागि आवाज उठाउन हाम्रो पार्टी सामान्यतः आम जनतामा र विशेषतः पार्टीका सम्पूर्ण कमरेडहरूमा विशेष अनुरोध गर्दछ ।

*मिति : बैशाख १९, २०७८*

*किरण*
*महासचिव*
*नेकपा (क्रान्तिकारी माओवादी)*

## विद्यार्थी...

निर्वाचित भएका थिए ।

आचार्यलाई २०४२ साल वैशाख १८ गते चितवनको पर्साढाप भन्ने ठाउँमा तत्कालीन नेपाली कांग्रेस समर्थक गुण्डाहरूले खुकुरी, भाला प्रहार गरी क्रुरतापुर्वक हत्या गरिएको थियो । सोही दिनलाई मित्रमणी दिवसको रूपमा मनाउने गरिएको छ । खासगरी क्रान्तिकारी विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले हरेक बर्ष विभिन्न कार्यक्रम गरि मित्रमणि स्मृति दिवस मनाउने गरेको छ । यस बर्ष कोभिडका करण औपचारिक कार्यक्रम राखिएको छैन ।

## निषेधाज्ञाबीच...

अध्यक्ष इश्वर तिमिल्सिनाले गर्नुभएको थियो भने सञ्चालन महासंघका महासचिव वसन्त बोगटीले गर्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि दिनेश शर्मा सागर लगायत राष्ट्रिय उद्योग, व्यापार, व्यवसाय महासंघका केन्द्रीय संयोजक जितेन्द्र दाहाल, मार्क्सवादी अध्ययन प्रतिष्ठानका संयोजक दिनेश चौलागाई, महासंघका केस राजु लामा लगायतले महत्वपुर्ण मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा सहभगिहरूले पनि मजदुर आन्दोलनमा देखिएको विभिन्न समस्याहरूको विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

यसैबीच १३२ औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा एक वक्तव्य जारी गरी शुभकामना व्यक्त गरेको छ । महासंघका अध्यक्ष ईश्वर तिमिल्सिनाले जारी गरेको शुभकामना वक्तव्यमा भनिएक्को छ, 'विक्रम सम्वत २०७८ वैशाख १८ तदनुसार १ मई २०२१ संसारका श्रमिकवर्गका लागि गौरवको दिन हो । अमेरिकी श्रमिकवर्गले वीरता र वलिदानद्वारा पुँजीपतिवर्गद्वारा गरिदै आएको श्रमशक्तिको बर्बर शोषणका विरुद्ध विजय प्राप्त गरेको ऐतिहासिक दिनको स्मरण गर्नु र त्यसको आलोकमा श्रमिक आन्दोलनको बाटो तय गर्नुले विशेष अर्थ राख्दछ । १३२ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा देश विदेशमा कार्यरत श्रमिकहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं । श्रमिकवर्गको मुक्ति र परिवर्तनकालागी जीवन आहुती दिने महान शहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दै क्रान्तिकारी योद्धाहरूमा सम्मान, अभिवादन व्यक्त गर्दछौं । '

## गण्डकी...

खिमविक्रम शाही विरामी भएको भन्दै अनुपस्थित भएपछि कांग्रेस र माओवादीले पेस गरेका अविश्वास प्रस्ताव पारित नहुने निश्चित हुन पुग्यो ।

शाही बेपत्ता भएको भन्दै जनमोर्चाकै सचेतक पियारी थापाले उनको खोजी गर्न माग गर्दै प्रदेश सभा बैठकको कारवाही रोक्न निवेदन दिइन् ।


**स्वास्थ्य नै ठूलो धन हो**

**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं,**

- कोभिड-१९ रोग जो कसैलाई पनि हुन सक्दछ, संक्रमणको आशंकामा सामाजिक विभेद नगरौं ।
- आपसमा भाइचारा कायम राखौं, यस महामारबिाट बच्न सरकार र समुदाय मिलेर अघि बढौं ।
- महामारीको समयमा आपतकालीन सम्पर्क नम्बरहरू जानकारीमा राखौं ।
- कोभिड-१९ संक्रमितहरूलाई राख्ने क्वारेन्टाइन तथा आइसोलेसनको बारेमा जानकारी राखौं ।
- मनोबल उच्च राख्ने सतर्कता आपनाउने र स्वास्थ्य सुरक्षाका मापदण्डसम्बन्धी सूचना सम्प्रेषण गरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# मार्क्सवादी...

### *२. वर्ग तथा परिचय*

वर्ग र परिचय विशिष्ट प्रकारका प्रवर्ग हुन् । वर्ग आर्थिक हैसियतमा आधारित हुन्छ । परिचयलाई पहिचान पनि भन्ने गरिएको छ । राजनीतिमा वर्ग र परिचयका प्रश्न उत्पीडन, मुक्ति, संघर्ष र सत्ता लगायतका विषयमा आधारित छन् । यी साहित्यका विषयवस्तुका रूपमा पनि प्रस्तुत, अङ्कित र अभिव्यक्त बन्दै आएका छन् । यी समसामयिक लेखन र चिन्तनका विषय पनि हुन् ।

मानिस अथवा भनौं व्यक्तिका विविध प्रकारका पहिचान हुने गर्दछन् । ती पहिचान वर्गीय, लैङ्गिक, जातीय, जात सम्बन्धी, धार्मिक, राष्ट्रिय, संघसंस्थागत आदि विविध ढङ्गका हुने गर्दछन् र तिनलाई आर्थिक, सामाजिक, सांस्कृतिक आदि विविध प्रतिमानद्वारा निर्धारित गर्ने काम हुन्छ । पहिचानको मूल स्वरूप र प्रतिमान निर्धारण गर्ने प्रश्नमा विभिन्न प्रकारका अभिमत, विचार र दृष्टिकोण देखापर्दै आएका छन् ।

मार्क्सवादी मान्यता अनुसार वर्गविभक्त समाजमा मानिसका पहिचान विभिन्न हुन्छन् र ती मध्ये वर्गीय पहिचान नै प्रमुख हो । त्यो सम्बन्धित सामाजिक-आर्थिक अवस्था र उत्पादन प्रणालीमा आधारित हुन्छ । मार्क्सवादले वर्गीय पहिचानका साथै लैङ्गिक, जातीय, धार्मिक, सांस्कृतिक आदि पहिचानलाई पनि स्वीकार गर्दछ । जस्तो कि कुनै एक जनजाति समुदायकी महिला मजदुरलाई उदाहरणका रूपमा लिऔं । त्यस महिलाका सामान्यतः तीन ओटा पहिचान छन्–जातीय, लैङ्गिक र वर्गीय । जातीय दृष्टिले जनजाति, लैङ्गिक दृष्टिले महिला र वर्गीय दृष्टिले मजदुर उसका पहिचान हुन् । ऊ एकैसाथ तीन प्रकारका उत्पीडनका मारमा परेकी छ । ऊ जातीय दृष्टिले उच्च जातीय अहङ्कारवाद, लैङ्गिक दृष्टिले पितृसत्तावाद र वर्गीय दृष्टिले दलाल तथा नोकरशाही पुँजीवाद एवम् सामन्तवादद्वारा उत्पीडित छ र उसले आफ्नो मुक्तिका लागि उक्त तीनै प्रकारका उत्पीडनका विरूद्ध लड्नु पर्दछ । उक्त सबैखाले उत्पीडनको केन्द्रमा दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवाद नै रहेका छन् । परन्तु वर्गीय पहिचानका विरोधी र उत्तरवादीहरू भने यस प्रकारको मार्क्सवादी मान्यतालाई मान्न तयार छैनन् ।

मार्क्सका भनाइ अनुसार आर्थिक पक्ष आधार हो र त्यसद्वारा विचारधारा, संस्कृति जस्ता उपरिसंरचनाका रूपहरू निर्धारित हुन्छन् । आधार र उपरिसंरचनाका बीच द्वन्द्वात्मक सम्बन्ध रहेको हुन्छ । आधारको निर्णायक भूमिका रहन्छ , तर कैयौं प्रसङ्गमा उपरिसंरचनाले पनि प्रमुख भूमिका खेल्दछ र आधारलाई प्रभावित पार्दछ । नवमार्क्सवादीहरू मार्क्सवादको यस प्रकारको मान्यताको विरोधमा छन् । अल्थ्युसरले आधार र उपरिसंरचनालाई समानान्तर बनाई पेस गरे । रेमन्ड विलियम्सले मार्क्सको आधार र उपरिसंरचनाको मान्यतालाई निर्धारणवाद भनेर विरोध गरे र आर्थिक आधारको समानान्तरमा संस्कृतिलाई उभ्याउने काम गरे । इ. पी. थाम्सनले वर्गको अवधारणालाई समानान्तर रूपमा आर्थिक र सांस्कृतिक दुबै बताए । यसरी नवमार्क्सवाद हुँदै उत्तरसंरचनावादका एक प्रमुख हस्ती मिशेल फुकोसम्म आउँदा वर्ग र वर्गसंघर्षको मान्यतालाई तत्ववादी मिथ (Essential Myth) का रूपमा प्रस्तुत गरियो । अनि उत्तरआधुनिकतावादका एक मूल प्रवर्तक डेरिडाले त पहिचानको आधारका रूपमा भाषालाई पेस गरे । यसै क्रममा उत्तरमार्क्सवादी लाक्लाउ र मुफले वर्गका विरूद्ध पहिचानलाई उभ्याए र वर्गलाई विमर्शात्मक निर्मिति (Discusrive Construction) वताउन पुगे । अनि यसरी नै उत्तरउपनिवेशवादमा विकसित सइदको प्राच्यवाद र रन्जित गुहाको सबाल्टर्न अध्ययनमा मजदुर वर्गको वर्गीय पहिचानको विरोधमा सीमान्तीकृत समुदाय, नस्ल, नारी आदिको नस्लीय, लैङ्गिक पहिचानलाई प्रधानता दिइयो । सास्कृतिक अध्ययनमा मानिसका सबै खाले पहिचानहरूलाई संस्कृतिमा आधारित पहिचान भनेर पेस गरिन्छ । सांस्कृतिक अध्ययनले वर्ग र वर्गसंघर्षको अवधारणालाई पुरै खारेज गरिदिएको छ ।

प्रायशः उत्तरवादीहरूले पहिचान निर्धारणको मापदण्डका रूपमा तत्ववाद (Essentialism) तथा निर्मितिवाद (Constructionalism) लाई प्रस्तुत गर्दछन् र यिनमा तत्ववादको विरोध तथा निर्मितिवादलाई अँगाल्न पुग्दछन् । उनीहरूले जसलाई तत्ववाद भनेर विरोध गर्दछन् सारमा त्यो मार्क्सवाद नै हो । उनीहरूका दृष्टिमा तत्ववादले पहिचानलाई स्थिर, अपरिवर्तनीय र सार्वभौम ठान्दछ भने निर्मितिवादले पहिचानलाई गतिशील, परिवतनशील र विशिष्ट अर्थमा ग्रहण गर्दछ ।

मार्क्सवादले वर्ग तथा पहिचानको मापदण्डका रूपमा तत्ववाद र निर्मितिवाद होइन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई स्वीकार गर्दछ । यसले वर्गीय पहिचान तथा आर्थिक सामाजिक पक्षलाई प्रधानता दिदै, उत्पीडित जाति, जात, लिङ्ग आदिका विशिष्ट स्वत्व तथा पहिचानलाई अङ्गीकार गर्दै र तिनको मुक्तिका निम्ति सशक्त आवाज उठाउँदै आएको छ । वर्गलाई पुर्ण निषेध गरी अन्य पहिचानलाई प्राथमिकता दिने र अन्य पहिचानलाई पुरै निषेध गरी वर्गीय पहिचानमा मात्र जोड दिने दुवै प्रवृत्ति गलत हुन् ।

साहित्य र कलाका क्षेत्रमा मार्क्सवादीहरूले वर्गीय, जातीय, लैङ्गिक लगायत सबैखाले उत्पीडनको विरोध र तिनको मुक्तिको पक्षपोषण गर्दै आएका छन् । लिङ्ग, वर्ण, जात र जातिका समस्या अन्ततः वर्गीय समस्या नै हुन् । माक्सवादी लेखक, कलाकार, सौन्दर्यचिन्तक र समालोचकहरूले मजदुर किसानका साथै महिला, दलित र जनजाति लगायत सबै उत्पीडित वर्ग तथा समुदायका भाव, अनुभुति तथा विचारलाई समेट्नु पर्दछ ।

नेपाली कम्युनिस्ट आन्दोलन र नयाँ जनवादी क्रान्तिको इतिहासमा मार्क्सवादीहरूले सर्वहारा तथा किसान वर्गका साथै महिला, दलित, जनजाति, मधेशी, मुस्लित लगायत उत्पीडित वर्ग र जनसमुदायका वर्गीय तथा अन्य पहिचानका समस्यालाई सशक्त रूपमा उठाउँदै आएका छन् । नेकपा (माओवादी) द्वारा सञ्चालित दश वर्षको जनयुद्ध यसको एउटा ठोस र सजीव उदाहरण हो । जस्तो कि जनयुद्धको प्रक्रियामा विकसित प्रगतिवादी साहित्यबारे घनश्याम ढकालले भनेका छन् : 'समकालीन प्रगतिवादी साहित्यमा उत्पीडित वर्गीय प्रेम र पक्षधरता, जातीय, लिंगीय र धार्मिक उत्पीडन अनि पुराना राजनीतिक, आर्थिक तथा वैचारिक सम्बन्धहरूका विरोधमा पनि नयाँ मूल्यहरूको निर्माण भएको छ ।' (मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य, पृष्ठ १००२) ।

नवमार्क्सवादीहरूका साथै विभिन्न उत्तरवादीहरूले क्रान्तिकारी मार्क्सवादका विरुद्ध विषवमन गरेका छन् । परन्तु, पहिचानका समस्याहरूको असली समाधान के हो त ? वस्तुतः उनीहरू भूमण्डलीकृत साम्राज्यवाद, नवउदारवाद र कालातीत भइसकेको संसदीय व्यवस्थाकै पक्षमा रहेका छन् । के पहिचानका समस्याको समाधान साम्राज्यवाद, नवउदारवाद र संसदवादद्वारा गर्न सकिन्छ ? कदापि सकिँदैन ।

वस्तुतः मार्क्सवादको प्रयोगको प्रक्रियामा पहिचानका समस्याको समाधान लेनिनले व्यावहारिक रूपमा प्रस्तुत गरेर देखाइदिनुभयो । यद्यपि रुसमा समाजवादको अस्थायी हार भयो, तर त्यो साँच्चै अस्थायी हार हो र लेनिनले प्रस्तुत गरेको समाधानको मोडेल जीवितै छ । लेनिन भन्नुहुन्छः 'धर्मलाई या नारीहरूको अधिकारहीनता या गैररुसी जातिहरूको उत्पीडन र असमानतालाई नै लिनुहोस्, यी सबै बुर्जुवा जनवादी क्रान्तिका प्रश्न हुन् । '.दुनियाँका सबैभन्दा अग्रगामी देशहरूमध्ये कुनै एउटा पनि यस्तो छैन जहाँ यी प्रश्नहरूलाई बुर्जुवा जनवादी ढंगले अन्तिम रूपमा समाधान गरिएको होस् । हामीकहाँ तिनलाई अक्टोबर क्रान्तिको विधानद्वारा अन्तिम रूपले समाधान गरियो । हामीले धर्मका विरुद्ध वास्तविक रूपमा लड्दै गयौं र लडिरहेका छौं । हामीले समस्त गैर रुसी जातिहरूलाई तिनका आफ्ना जनतन्त्रका स्वायत्त प्रदेश दिएका छौं । हामी कहाँ नारीहरूको अधिकारहीनता, असमानता जस्तो नीचता, वदनामी र कुख्यातिको अस्तित्व रहेको छैन ।' (लेनिन सङ्कलित रचनाएँ, ४/४, पृ. २०३-४, प्रगति प्रकाशन, मस्को, १९१८) । यहाँ लेनिनले धार्मिक, लैङ्गिक तथा जातीय क्षेत्रमा विद्यमान उत्पीडन तथा असमानताको अन्तगरी ती क्षेत्रमा स्वतन्त्रता अधिकारलाई स्थापित तुल्याइएको अवस्थामाथि प्रकाश पार्नु भएको छ ।

### *३. नारीवादबारे*

पश्चिममा पुँजिवादी जनवादी क्रान्तिको विकाससितै नारीजागरणको प्रक्रिया विकसित हुँदै गयो । यसै क्रममा नारीलेखन पनि सुरु भयो । नारीसम्बन्धी लेखन, नारीमुक्ति आन्दोलन र नारीवाद परस्पर जोडिएका छन्, तर ती एउटै भने होइनन् । नारीवाद एउटा विशिष्ट आन्दोलन र साहित्यिक लेखन हो ।

नेपालमा राणाकालमै नारी जागरण सुरु भएको हो । त्यसलाई पुँजीवादी जनवादी र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले गति प्रदान गरे । नेपाली लोकतान्त्रिक तथा कम्युनिस्ट आन्दोलनमा नारीहरूको विशाल हिस्सा संलग्न रहिआएको छ । २००६ सालयता विकसित कम्युनिस्ट आन्दोलन ऐतिहासिक झापा विद्रोह र ऐतिहासिक जनयुद्धका बीचबाट क्रान्तिकारी मार्क्सवादी नारीहरूको राजनीतिक, सांस्कृतिक तथा साहित्यिक आन्दोलनमा उल्लेखनीय भूमिका रहिआएको छ । परन्तु, यहाँ पश्चिमा नारीवादको प्रभाव भने कमै परेको पाइन्छ ।

नारीवादी समालोचनाको पृष्ठभूमिका रूपमा भर्जिनिया वुल्फको 'ए रूम अफ हर वन', (१९२८) सिमोन डि. बुभायरको 'सेकेन्ड सेक्स' (१९४९), केट मिलेटको 'सेक्सुअल पोलिटिक्स' (१९७०) जस्ता कृतिको ठूलो भूमिका रह्यो । नारीवादी समालोचनाको नाम गाइनो क्रिटिसिज्म भनेर जुराउने काममा एलेन सोवाल्टरको उल्लेखनीय योगदान रहेको छ । नारीवादको इतिहास सन् १९६० भन्दा पहिलो, १९६० देखि १९८०को दशकसम्म दोस्रो र १९८० यता तेस्रो चरणका रूपमा विकसित भएको मानिन्छ ।

नारीवादी समालोचना विभिन्न धाराहरूमा विभाजित रहिआएको छ । यसलाई मूलतः चार धारामा विभाजित गर्न सकिन्छ, ती हुन्–उदारवादी, मार्क्सवादी , आमूलवादी र उत्तरवादी नारीवाद । उदारवादी धाराले व्यक्तिगत स्वतन्त्रता, पुराना सामाजिक बन्धनबाट मुक्ति, पुरूष सरह समान अधिकार प्राप्ति, नारीका पक्षमा सुधार जस्ता विषयमा जोडदिन्छ । यस धारामा बेट्टी फ्राइडन, एलिजाबेथ हल्ट आदि क्रियाशील रहे । मार्क्सवादी नारीवादले नारीमाथि हुने आर्थिक शोषणको ऐतिहासिक अध्ययनका लागि मार्क्सवादी वर्गविश्लेषणको मान्यता, नारी घरेलु श्रम, पितृसत्ता, वर्गचेतना आदिबारे चर्चा गरेको छ । यस धारामा मिचेल ब्यारेट आदिको भूमिका रहेको छ । आमूल नारीवादका अनुसार नारी उत्पीडनको प्रमुख कारण नारी र पुरूषका बीचको वैवाहिक सम्बन्ध हो र त्यसलाई निषेध गरी नारी-नारीका बीचमा वैवाहिक सम्बन्ध स्थापित गर्नु पर्दछ । यसलाई समलैङ्गिक नारीवाद (Lesbian Feminism) भनिन्छ । यस धाराकी मूल प्रवर्तक सुलामिथ फायरस्टोन हुन् । नारीवादको चौथो धारा उत्तरवाद हो । यसभित्र उत्तरसंरचनावाद, उत्तरआधुनिकतावाद, उत्तरमार्क्सवाद, उत्तरउपनिवेशवाद आदि पर्दछन् । यिनै धारा अन्तर्गत मनोविश्लेषण, सांस्कृतिक अध्ययन आदि पनि आउँछन् । यो धारा भाषा, विमर्श, पाठ तथा संस्कृति केन्द्रित रहेको छ ।

सन् १९८० को दशक यता नारीवादको विरोधमा उत्तरनारीवाद जन्मिन पुगेको छ । यसले नारी उत्पीडित हुन्छन् भन्ने कुरा मान्दैन । यो विषम लिङ्गवादको पक्षमा छ । यो उत्तरवादी अवधारणासितै मिल्दछ । यसले नारी/नरको द्विचरविरोधलाई भत्काउने कोशिस गर्दछ । नारीवादी आन्दोलनलाई जीवितै राख्नका लागि उत्तरनारीवादको विरोधमा तेस्रो धार पनि जन्मिएको छ ।

नारीवादी समालोचनाका विशेषताबारे विभिन्न समीक्षकहरूले चर्चा-परिचर्चा गर्दै आएका छन् । एलेन शोभाल्टरले नारीवादी समालोचनालाई विकसित र स्थापित तुल्याउने काम गरिन् । शोवाल्टरका अनुसार नारीवादी समालोचना (फेमिनिस्ट क्रिटिसिज्म) दुई प्रकारको छ । पहिलोले नारीलाई पाठक अर्थात् पुरुष रचित साहित्यको भोक्ता र दोस्रोले लेखक अर्थात् नारीद्वारा साहित्यको इतिहास विषयवस्तु, विधा तथा संरचनाको साथमा पाठका अर्थको उत्पादिकाका रूपमा प्रस्तुत गर्दछ । फेमिनिस्ट आलोचना मार्क्सवादी समाजशास्त्र र सौन्दर्यशास्त्रको सैद्धान्तिक सम्बन्ध सित जोडिएको छ र त्यो सारभूत रूपमा राजनीतिक र विवादित छ । गाइनो-समालोचना नारी अनुसन्धान अन्य प्रकारहरू सित सम्बद्ध हुँदै बढी आत्मतुष्ट र प्रयोगपरक रहेको छ । (Modern Literary Theory, p. 92) ।

कृष्ण गौतमको भनाइ अनुसार स्त्रीवादी आलोचनाको कुनै एउटै स्रोत छैन, संरचनावादका एउटा प्रमुख फर्डिनान्ड डि. ससुर हुन् भने समाजवादी यथार्थवादका स्रोत मार्क्स, मनोविश्लेषणका स्रोत फ्रायड, विसङ्कटनका स्रोत डेरिडा । त्यसरी एउटै स्रोत नहुनाले स्त्रीवादी आलोचनाका विचारहरू अनेक स्रोतबाट प्राप्त भएका हुन् । साहित्यका इतिहास र सिद्धान्तको आलोचनात्मक पठन, स्त्रीलिखित साहित्य र स्त्रीहरूको चित्रण भएको साहित्यको व्यापक अध्ययन, इतिहास, मनोविज्ञान तथा मानवशास्त्र आदिबाट प्राप्त नारीविषयक जानकारी आदिले स्त्रीवादी आलोचनाको भण्डार भरेका छन् । (आधुनिक आलोचनाः अनेक रूप अनेक पठन, पृ. ३४९) । यसरी कृष्ण गौतमका अनुसार नारीवादी समालोचनाका स्रोत र आधार एक नभई विविध रहेका छन् ।

यसैगरी सुधा त्रिपाठीको भनाइमा नारीवादी साहित्यको आफ्नै छुट्टै (मौलिक) समालोचना पद्धति छैन । समाजमा विद्यमान 'पुरुषवाद' का सापेक्षताको अध्ययन गरेर त्यसको विपरीत परिपाटीमा लेखिने साहित्य नै नारीवादी साहित्य हो । यस स्वरूपको एकातिर आलोचना, अर्कातिर अस्वीकार र अझ अर्कातिर नयाँ साहित्यिक परम्पराको प्रारम्भ नै नारीवादी साहित्य र समालोचनाको पहिचान हो । आफ्नो क्षेत्रलाई पूर्णता दिनका निम्ति नारीवादी समालोचनाले अन्तर अनुशासनात्मक विधि अँगालेको हुन्छ । (नारीवादी सौन्दर्य चिन्तन, पृ. ७२, भृकुटी एकेडेमिक पब्लिकेसन्स, सन् २०१२) । यहाँ त्रिपाठीले पनि नारीवादी समालोचना अन्तर अनुशासनात्मक विधिमा आधारित रहेको बताएकी छन् ।

नारीवादी समालोचनाले पितृसत्तात्मक समाजका मूल्यमान्यता र दृष्टिकोणको विरोध तथा भण्डाफोर गर्दछ । यसले नारीद्वारा लेखिएका साहित्यको खोजी, प्रकाशन र मूल्यांकनमा विशेष जोड दिइने कुरा बताउँछ । यसमा साहित्यिक विमर्श र पाठको विवेचना गर्ने क्रममा जीव वैज्ञानिक, लैङ्गिक, सामाजिक, मनोवैज्ञानिक तथा सांस्कृतिक पक्षमा जोड दिने गरिन्छ । यसमा नारीको महत्ता र श्रेष्ठतालाई स्थापित तुल्याउने उद्देश्य राखिएको पाइन्छ । साथै, कतिपय नारीवादीहरूले नारी समस्यालाई वर्गसंघर्षको समस्याका रूपमा लिएका छन् भने कतिपयले प्रतीक तथा चिन्हका समस्याका रूपमा ग्रहण गरेका छन् ।

ऋषिराज बरालका दृष्टिमा नारीवादका कतिपय सकारात्मक पक्ष रहेपनि कैयौं विषयमा प्रशस्तै कमजोरीहरू रहेका छन् । उनको भनाइमा केट मिलेटको प्रसङ्ग नारीवादीहरूले बराबर उठाउने गरेका छन् परन्तु नारीको संघर्षशील इतिहासको निर्माण गर्दै आइरहेका जेनी मार्क्स, रोजा लक्जम्बर्ग, क्लारा जेट्किन, कैथे कोलबित्सको उनीहरूले कतै चर्चा गरेको पाइँदैन । नारीमुक्ति आन्दोलनलाई जनमुक्ति आन्दोलनसँगै गाँसेर अघि बढेका चिनियाँ नारीहरूका साथै फिलिपिनी र पेरुभियन नारीहरूको चर्चा उनीहरूको लेखनमा कतै पाइँदैन । त्यसैगरी, बरालले के पनि बताएका छन् भने नारीवादी लेखनका पक्षधरहरूले नारी लेखकका रचनाहरूको अन्वेषण गर्ने र नारीलाई लेखनमा कसरी प्रस्तुत गरिएको छ, त्यसको अन्वेषण गर्ने कुरा त उठाएका छन्, परन्तु मिन्ना काउत्सकी, मार्गरेट हार्कनेसजस्ता महिला उपन्यासकारहरूको चर्चा उनीहरूको लेखनमा पाइन्न । यसरी बरालले 'नारीवाद स्त्रीलिङ्गवादी समालोचना' नै त होइन भनेर प्रश्न चिन्ह पनि उठाएका छन् । (मार्क्सवाद र उत्तरआधुनिकतावाद, पृ. १८५) । नारीवादबारे बरालद्वारा गरिएको यो आलोचना मूलतः सही नै छ ।

समग्रमा हेर्दा नारीवादी समालोचनाका विशेषतालाई यसरी प्रस्तुत गर्न सकिन्छ । पहिलो, नारीवादी समालोचना नारीकेन्द्रित र मूलतः पितृसत्तावाद विरोधी रहेको छ । दोस्रो, यसमा राजनीति र नारी उत्पीडनका विविध पक्षको विवेचना गरिएको हुन्छ, त्यसैले यो विषयवस्तु केन्द्रित रहन गएको छ । यो रूपवादविरोधी रहेको छ । तेस्रो, यो मूलतः बहुलवादी रहेको छ । तर, कतिपय समीक्षकहरू भने बहुलवादविरोधी पनि रहेका छन् । चौथो, यो कुनै एउटा स्रोत र मान्यतामा नभई बहुअनुशासनात्मक विधिमा आधारित रहेको छ ।

नारीवादी साहित्य लेखन पितृसत्तावादको विरोध तथा नारीमुक्तिको पक्षमा आवाज उठाउने काममा मूलतः सकारात्मक देखिन्छ । मार्क्सवादद्वारा प्रभावित नारीवादले महिला उत्पीडन र मुक्तिको प्रश्नलाई आर्थिक, सामाजिक उत्पीडन र त्यसबाट मुक्तिका रूपमा ग्रहण गर्ने प्रयास गरेको छ । यसलाई पनि सकारात्मक अर्थमा नै ग्रहण गर्नु पर्दछ । परन्तु त्यो मूलतः उदारवादी विचारधारामा फस्न र त्यसले मार्क्सवाद तथा क्रान्तिका विरुद्ध नकारात्मक भूमिका निर्वाह गर्न पुगेको छ । यसबाट महिला मुक्ति सम्भव छैन ।

नारीहरू कसरी उत्पीडनमा परे र तिनको कसरी मुक्ति हुन सक्तछ भन्नेबारे मार्क्सवादले वैज्ञानिक जबाफ दिएको छ । नारी उत्पीडनको ऐतिहासिक सन्दर्भबारे एङ्गेल्स भन्नुहुन्छ - 'मातृसत्ताको विनाश नारी जातिको विश्व ऐतिहासिक महत्वको पराजय थियो । अब घरभित्र पनि पुरुषले नै आफ्नो आधिपत्य जमायो । नारी पदच्युत गरिदिइन् । उनी बन्धनमा परिन् । उनी पुरुषकी वासनाकी दासी, सन्तान उत्पन्न गर्ने यन्त्रमात्र बन्न पुगिन् ।' (मां ए. संकलित रचनाएँ, खण्ड-३, भाग-२, पृ. ६७, प्रगति प्रकाशन माक्को, १९७८) । यहाँ मातृसत्ताको विनाश र पितृसत्ताको उदयलाई नै नारी उत्पीडनको मूल कारण बताइएको छ । मार्क्सवादी मान्यताअनुसार उत्पीडनको यो मूल कारण व्यक्तिगत निजी सम्पत्ति तथा वर्गहरूको उदयसित सम्बन्धित छ । दास, सामन्ती तथा पुँजीवादी समाजहरूमा व्यक्तिगत सम्पत्ति, वर्गहरूको प्रभुत्व तथा पुरुषसत्ता कायमै रहन्छन् र सामाजिक क्रान्तिपश्चात् समाजवादको विकासको प्रक्रियामा व्यक्तिगत सम्पत्ति तथा वर्गहरूको अन्त्यको प्रक्रिया अगाडि बढ्दछ । भावी साम्यवादमा पुगेर नै नारीहरूसहित सबै उत्पीडित वर्ग र जनसमुदायले वास्तविक मुक्ति प्राप्त गर्न सक्तछन् ।

समाजवादमा महिलाहरूको मुक्तिको प्रक्रिया कसरी अगाडि बढ्छ त ? रुसमा पुँजीवादी सत्तालाई पल्टाएर समाजवादी राज्यसत्ताको स्थापना भएपछिको स्थितिमाथि प्रकाश पार्दै लेनिन भन्नुहुन्छः 'हामीले सामुदायिक भान्छा, सार्वजनिक भान्छाघर, लुगाधुने लन्ड्रीहरू र मर्मत पसलहरू, शिशुस्याहार केन्द्रहरू, बालगृहहरू र हरेक किसिमका शैक्षिक संस्थाहरू खोलेका छौं । व्यक्तिगत शिक्षा र गृह व्यवस्थापनलाई सामाजिकीकरण गराउन हाम्रो कार्यक्रम लागू गराउन हामी कटिबद्ध छौं । त्यसकारण महिलाहरूले पुरानो घरेलु दासता र श्रीमानहरूमाथिको परनिर्भरताबाट मुक्तिको सास फेरेका छन् ।' (कम्युनिस्ट नैतिकता, पृ. ६१) ।

महिलाहरूको वास्तविक मुक्तिका क्रान्तिकारी मार्क्सवादको पक्षपोषण र कम्युनिस्ट आन्दोलनका साथमा नारी आन्दोलनलाई ऐक्यबद्ध तुल्याउने काममा विशेष परिश्रम गर्न आवश्यक छ ।

### *४. पर्यावरणसम्बन्धी अध्ययन*

मानिस प्रकृतिको अङ्ग हो र यिनका बीच घनिष्ठ सम्बन्ध छ । यो सम्बन्ध जैविक, आर्थिक र भावनात्मक पक्षमा आधारित रहिआएको छ । आफ्ना आवश्यकता पूरा गर्ने प्रक्रियामा मानिसले श्रममार्फत प्रकृतिको मानवीकरण गर्दै गयो । यसै क्रममा मानिसको प्रकृतिसित भावनात्मक सम्बन्ध विकसित हुन पुग्यो र सभ्यता, संस्कृति र कलाको पनि विकास भयो ।

पुँजीवादको विकासको प्रक्रियामा औद्योगिक क्रान्ति र साम्राज्यवादको उदयसितै प्रकृति दोहन तथा पर्यावरण विनाशको प्रक्रिया अघि बढ्दै गयो । धर्ती, हावा, पानीको अत्यधिक दोहन, वनजङ्गलको विनास, मौसम परिवर्तन, हरितगृह ग्यासको उत्सर्जन आदिका कारण पर्यावरणको संरक्षणको प्रश्न मानिसको कार्यसूचीको एक प्रमुख विषयका रूपमा प्रस्तुत भयो ।

सिङ्गो मानव जातिको भविष्य र पर्यावरण संरक्षणको विषयलाई लिएर राजनीतिक र साहित्यिक क्षेत्रमा विभिन्न प्रकारका पहल र आन्दोलन विकसित हुन थाले । यसैक्रममा पर्यावरण विनाशको वास्तविक अवस्था, त्यसका कारण र पर्यावरणको संरक्षणबारे वैचारिक तथा राजनीतिक वृत्तमा विभिन्न धाराहरू पनि विकसित हुँदै गए । यस सन्दर्भमा ध्यान दिनुपर्ने केही प्रमुख धाराहरू मूलतः यी हुन्- मार्क्सवाद, इको-मार्क्सवाद, गहन इकोलोजी, नारीवाद र तेस्रो विश्व पर्यावरणवाद ।

#### *मार्क्सवाद*

मार्क्सले पृथक रूपमा त होइन, परन्तु सिद्धान्तको समग्र विवेचनाको क्रममा पर्यावरणसम्बन्धी मान्यताहरूको पनि विवेचना गर्नुभएको थियो । मार्क्स र एङ्गेल्स जीवित रहँदासम्म पर्यावरणीय समस्या गम्भीर रूपमा उठेको थिएन र यस समस्याबारे मार्क्सवादले के भनेको छ भनेर अध्ययन गर्नेतिर पनि खासै ध्यान गएन । परन्तु, यो समस्या गम्भीर बन्दै जान थालेपछि र कतिपय पक्षबाट मार्क्सवादले यस समस्याबारे ध्यान दिएको छैन भनेर प्रश्न गर्न लागेपछि पर्यावरणीय दृष्टिले मार्क्सवादको अध्ययन गर्ने प्रक्रिया अघि बढ्यो । यसै क्रममा के स्पष्ट हुन गयो भने मार्क्सवादले पर्यावरणको बारेमा पनि आवश्यक ध्यान दिएको छ ।

मार्क्सका पर्यावरण सम्बन्धी मान्यता मानिस र प्रकृतिका बीचको एकत्व, परकीयकरण, मेटाबोलिक रिफ्ट, पुँजीको अतिसञ्चय जस्ता अवधारणाहरूमा आधारित रहेका छन् । मार्क्सले आफ्नो कृति 'आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू- १८४४' मा प्रकृति तथा मानवका बीचको एकरूपता र परकीयकरणबारे विशेष ध्यान दिनुभएको छ । यस सन्दर्भमा उहाँले मानवीकरण, विमानवीकरण र पुनःमानवीकरणको विस्तृत रूपमा विवेचना गर्नुभएको छ । मानिसले श्रम प्रक्रियाका बीचबाट प्रकृति तथा स्वयंको मानवीकरण गऱ्यो । जब व्यक्तिगत सम्पत्ति तथा वर्गसमाजको उत्पत्ति भयो त्यो बेला आफैले उत्पादन गरेको वस्तु र प्रकृतिबाट मानिसको परकीयकरण अर्थात् विमानवीकरण हुन पुग्यो । परन्तु, जब वर्गसंघर्षको प्रक्रियामा मजदुर वर्गले पुँजीपति वर्गमाथि धावा बोल्दछ र पुँजीवादी राज्यसत्ताको ठाउँमा समाजवादी राज्यसत्ता स्थापना गर्दै साम्यवादतर्फ त्यो अगाडि बढ्दछ त्यसबेला परकीयकरणको अन्त्य भई मानिसको पुनःमानवीकरण हुन्छ । त्यसबेला फेरि प्रकृति र मानिसका बीच नयाँ आधारमा नयाँ एकता स्थापित हुन्छ । मार्क्स भन्नुहुन्छ- 'पूर्ण विकसित प्रकृतिवादका रूपमा यो साम्यवाद मानवतावाद समान हो र पूर्ण विकसित यो मानवतावाद प्रकृतिवाद समान हो । यही नै मानिस तथा प्रकृति र मानिस-मानिसका बीच विद्यमान अन्तर्विरोधहरूको उपयुक्त समाधान हो ।' (पाण्डुलिपि, पृ. २९६) । मार्क्सद्वारा प्रस्तुत उक्त मान्यता वर्गसंघर्ष र पर्यावरण दुवै क्षेत्रसित सम्बन्धित समस्याको उपयुक्त तथा वैज्ञानिक समाधानमा आधारित छ । मार्क्सका उक्त मान्यता निकै संक्षिप्त र सूत्रबद्ध रूपमा प्रस्तुत प्रारम्भ कालीन चिन्तनमा आधारित छन् । पछिल्लो कालमा यिनलाई पुँजी लगायतका विभिन्न कृतिहरूमा परिमार्जित तथा विशद रूपमा विवेचना गरी प्रस्तुत गरिएको छ ।

मार्क्स भन्नुहुन्छ -'श्रम सबैभन्दा पहिले एउटा यस्तो प्रक्रिया हुन्छ जसमा मानिस र प्रकृति दुवै माग लिन्छन् र जसमा मानिसले आफ्ना इच्छा अनुसार प्रकृति र आफूबीच भौतिक अन्योन्यक्रिया आरम्भ गर्दछ, तिनलाई नियमन र नियन्त्रण गर्दछ ।' (पुँजी-१, पृ. १९७) । यो विषय श्रम प्रक्रियामा संलग्न मानिस र प्रकृतिका बीचको सम्बन्धमा आधारित छ । यहाँ प्रकृति र मानिसका बीच जुन भौतिक अन्योन्यक्रियाको उल्लेख गरिएको छ, त्यसलाई मेटाबोलिज्म पनि भन्ने गरिन्छ ।

पर्यावरणीय विनाशबारे मार्क्स भन्नुहुन्छ- 'पुँजीवादी खेतीमा जुन प्रगति हुन्छ त्यो मजदुर मात्र होइन, धर्तीलाई पनि लुट्ने कलाको प्रगति हो, एक निश्चित समयका लागि धर्तीको उर्वरता बढाउन उठाइने हरेक कदम यस उर्वरताका स्थायी स्रोतहरूलाई नष्ट गर्ने, पनि हो ।' (पुँजी-१, पृ. ५३७) । यसैगरी पर्यावरणीय विनाशबारे एङ्गेल्सले भन्नुभएको थियो- 'प्रकृतिमाथि आफ्नो मानवीय विजयका कारण हामी आत्मप्रशंसामा विभोर हुनुहुँदैन किनभने त्यसले हरेक यस्तो विजयको हामीसित प्रतिशोध लिन्छ । के कुरा सही हो भने प्रत्येक विजयद्वारा प्रथमतः ती नै परिणाम प्राप्त हुन्छन् जसको हामीले अपेक्षा गरेका थियौं, परन्तु, द्वितीयतः र तृतीयतः त्यसका बिल्कुलै भिन्न र अप्रत्याशित परिणाम प्राप्त हुन्छन्, जसबाट प्रायशः पहिल्यै प्राप्त परिणामका प्रभाव समाप्त हुँदै जान्छन् । मेसोपोटामिया, युनान, एशिया माइनर तथा अन्य स्थानहरूमा जुन मानिसले कृषियोग्य भूमि प्राप्त गर्नका लागि वन जङ्गललाई बिल्कुलै नष्ट गरिदिए, तिनले कहिल्यै के कल्पना गरेका थिएनन् भने वन जङ्गलका साथमा आर्द्रता संग्रह केन्द्रहरू र आगारहरूको उन्मूलन गरेर तिनले ती देशको वर्तमान बर्बादीको जग हालिरहेका थिए । (का. मार्क्स फ्रे. एङ्गेल्स संकलित रचनाएँ, खण्ड-३, भाग-१, पृ. ८७/८८, प्रगति प्रकाशन मास्को, १९७८) । एङ्गेल्सका यी भनाइ पर्यावरण विनाश र त्यसका परिणामसित सम्बन्धित छन् ।

मार्क्सले मेटाबोलिक रिफ्ट र पुँजीको अतिसञ्चय सम्बन्धी अवधारणाबारे राजनीतिक अर्थशास्त्रसम्बन्धी विभिन्न टिप्पणीहरू र मुख्यतः पुँजीमा विशेष रूपमा प्रकाश पार्नु भएको छ । 'मेटाबोलिजम' पद प्राचीन ग्रीसमा विकसित भएको थियो । त्यसको अर्थ जीवित प्राणीका सन्दर्भमा खाने, पिउने, सास फेर्ने र बोटविरुवाका सन्दर्भमा आत्मसातीकरण गर्ने प्रक्रिया हो । यसलाई भौतिक विनिमय, अन्तर्विनिमय वा चयापचय प्रक्रिया पनि भनिन्छ । मार्क्स मेटाबोलिक रिफ्टबारे भन्नुहुन्छ- 'ठूलो भूसम्पत्तिले कृषिजीवी जनसंख्यालाई घटाएर निरन्तर ह्रासमान न्यूनतममा ल्याउँछ र त्यसको ठाउँमा ठूला सहरहरूमा एकैसाथ ल्याइएको निरन्तर बढ्दै गएको औद्योगिक जनसंख्यालाई उपस्थित गराउँछ । यसद्वारा त्यसले यस्ता अवस्था पैदा गर्दछ, जसले नैसर्गिक नियमहरूद्वारा हुने सामाजिक अन्तर्विनिमयमा हुने सामञ्जस्यमा अपरिहार्य दरार पारिदिन्छ ।' (पुँजी ३, पृ. ७१७) । पुँजी सञ्चयको प्रक्रिया भनेको अतिरिक्त मूल्य वृद्धिको प्रक्रियामा अतिशय पुँजीसञ्चिति अर्थात् मुनाफा वृद्धिको प्रक्रिया हो । यसले उत्पादनको सामाजिक पद्धति र वितरणको व्यक्तिगत पद्धतिका बीच भीषण अन्तर्विरोध पैदा गरिदिन्छ । यसरी अन्ततः मार्क्सका अनुसार वर्गसंघर्ष र पर्यावरणीय समस्याको समाधान समाजवाद र साम्यवादमा गएर नै हुन सक्तछ ।

मार्क्सको पर्यावरण सम्बन्धी मान्यताबारे जोन बेलामी फोस्टरले विभिन्न पुस्तक तथा लेखहरूमा विस्तृत रूपमा उल्लेख गरेका छन् । यसै सन्दर्भमा जोन बेलामी फोस्टर भन्दछन्, 'प्रकृतिको सार्वभौम मेटाबोलिज्मको मार्क्सीय अवधारणा, सामाजिक मेटाबोलिज्म र मेटाबोलिक रिफ्टले अन्तःस्थापित सामाजिक उत्पादन प्रणालीहरू, विशेषतः पुँजीवाद र बृहत्तर पर्यावरणीय प्रणालीहरूका बीचको जटिल सम्बन्धलाई प्रतिरूपण (मोडेलिङ्ग) गर्नका लागि अमूल्य प्रमाण *बाँकी ६ पेजमा*

# यस वर्षको इच्छुक पुरस्कार बलराम, रमण र सीतालाई प्रदान गरिने

काठमाडौं । इच्छुक सांस्कृतिक प्रतिष्ठानले हरेक वर्ष मार्क्सवादी साहित्य, कला, संस्कृति र सौन्दर्यचिन्तनका क्षेत्रमा कृयाशील र स्थापित साहित्यकार, कलाकर्मी तथा संस्कृतिकर्मीहरू एवम् सो क्षेत्रका नवप्रतिभाहरूलाई पुरस्कृत गर्दै आएको छ । यस वर्ष प्रतिष्ठानले साहित्य र कला क्षेत्रमा कृयाशील तीन जना स्रष्टाहरूलाई पुरस्कृत गर्ने भएको हो । सो कुरा इच्छुक सांस्कृतिक प्रतिष्ठानका सदस्यसचिव मित्रलाल पंज्ञानीद्वारा जारी वक्तव्यमा जनाइएको छ ।

वक्तव्यमा जनाइएअनुसार यस वर्षको 'इच्छुक स्मृति पुरस्कार २०७७' सिन्धुली, तीनपाटन-११, हाल सूर्यविनायक-५, भक्तपुरमा बस्दै आएका कवि बलराम तिमिल्सिना लाई दिइने भएको छ। उनी नेपाली जनसांस्कृतिक आन्दोलनमा विगत लामो समयदेखि निरन्तर क्रियाशील







हुँदै आएका कवि हुन् । उनी जनयुद्धको ऐतिहासिक प्रक्रियादेखि सङ्गठनात्मक एवम् सिर्जनात्मक क्षेत्रमा क्रियाशील रहेका छन् ।

त्यसैगरी साहित्यतर्फको 'इच्छुक प्रतिभा पुरस्कार २०७७' प्युठान, गोठीबाङ निवासी कवि सीता विक (सम्झना) लाई दिइने भएको छ । उनी महान् जनयुद्धको प्रकृयामा जनमुक्ति सेनामा कार्यरत भएर दर्जनौ फौजी सङ्घर्षमा सामेल भएकी थिइन् । नेपाली वर्गीय आन्दोलनको संवेदनालाई संस्मरण र कवितामार्फत् अभिव्यक्त आएकी सीताको जनयुद्धका संस्मरण नामक पुस्तक प्रकाशित भएको छ । त्यसैगरी कलातर्फको 'इच्छुक प्रतिभा पुरस्कार २०७७' सामना परिवारका कलाकार रमण थामीलाई दिइने भएको छ । उनी दोलखा जिल्ला कालिन्चोक, गुजर्पा निवासी हुन् । थामीले नेपाली जनयुद्धमा गीत, सङ्गीतका माध्यमबाट जुझारू सांस्कृतिक योद्धाको भूमिका निर्वाह गर्दै आएका छन् ।

इच्छुक स्मृति पुरस्कारको राशि रु एक लाख नगद र प्रमाणपत्र रहेको छ भने प्रतिभा पुरस्कारको राशि जनही पच्चिस हजार र प्रमाणपत्र रहेको छ । आगामी जेठ १३ गते इच्छुक स्मृति दिवसका अवसरमा आयोजित विशेष कार्यक्रममा प्रतिष्ठानका संरक्षक वरिष्ठ मार्क्सवादी सौन्दर्यचिन्तक चैतन्यबाट यी पुरस्कार तथा सम्मानपत्र प्रदान गरिने प्रतिष्ठानले जनाएको छ ।

## मार्क्सवादी...

जुटाइदिन्छन् । प्रकृतिसितको मानवीय सामाजिक सम्बन्ध र मार्क्सको पुँजीवादी वर्गसमाजको आलोचनासित घनिष्ट रूपमा जोडिएको यस उपागम (Approach) ले ऐतिहासिक भौतिकवादलाई वर्तमान पर्यावरणीय संकट र संक्रमणका चुनौतीबारे एउटा विलक्षण परिप्रेक्ष्य प्रदान गर्दछ ।' -Marxism and Ecology, Monthly Review, Vol–13, No= 9, December 2015) ।

मार्क्सको पर्यावरणीय अध्ययनका बारेमा जोन बेलामी फोस्टरको योगदान विशेष महत्वपूर्ण रहेको छ । परन्तु उनमा नवमार्क्सवाद, इकोसमाजवाद वा इकोमार्क्सवादमा आधारित कैयौं सीमा पनि रहेका छन् ।

पर्यावरण सम्बन्धी मार्क्सवादी दृष्टिकोणबारे स्टिफेन एङ्गेल लिखित 'क्याटस्ट्रफी एलर्ट !' शीर्षक पुस्तकमा उल्लेख गरिएको छ । यसमा पर्यावरण सम्बन्धी मार्क्सवादी दृष्टिकोण, पर्यावरण सम्बन्धी समस्या र तिनको समाधानबारे विस्तृत रूपमा प्रकाश पारिएको छ ।

समग्रमा पर्यावरण विनाशबारे मार्क्सवादी धारणा यस प्रकार रहेको छ - पहिलो, मानव जीवनको उन्नति तथा प्रगतिका लागि पर्यावरण विनाशले गम्भीर असर पार्दछ । दोस्रो, पर्यावरण विनाशको मूलकारण पुँजीवादको विकास प्रक्रियामा प्रकृति र मानिसका बीचको नैसर्गिक भौतिक विनिमयमा असन्तुलन पैदा हुनु हो र यसो हुनुमा पुँजीवादी मुनाफाका लागि गरिने पुँजी सञ्चयको प्रक्रिया जिम्मेवार रहेको छ । तेस्रो, प्रकृति तथा श्रमिक वर्ग दुवैको शोषण, दोहन तथा उत्पीडन गर्ने पुँजीवादी राज्यसत्ताका विरुद्ध क्रान्ति गरी समाजवादी राज्यसत्ताको स्थापना गर्दै साम्यवादतर्फ अगाडि बढेर नै यी दुवै प्रकारका शोषण, दोहन तथा उत्पीडनको अन्त्य हुन्छ । यसरी नै प्रकृति र मानिसका बीच नयाँ एकता स्थापित हुन्छ ।

***इको-मार्क्सवाद***

पर्यावरणका बारेमा मार्क्स र एङ्गेल्सद्वारा प्रस्तुत मान्यताको विशद अध्ययन जोन बेलामी फोस्टरद्वारा लिखित 'मार्क्स'ज इकोलोजीः मेटेरेलिज्म एण्ड नेचर' र जोन बेलामी फोस्टर तथा पाउल बर्केटद्वारा लिखित 'मार्क्स एण्ड दि अर्थ' शीर्षक रचनाहरूमा गरिएको छ । उनीहरूको भनाइ के छ भने मार्क्सले पर्यावरणसम्बन्धी प्रश्नमा आफ्ना धारणाहरू प्रस्तुत गरे पनि परंपरावादी मार्क्सवादीहरूले त्यसतर्फ ध्यान दिएनन् । पर्यावरणबारे मार्क्सवादी धारणा के हो भन्ने प्रश्नको जबाफमा उनीहरूले 'मार्क्स एण्ड दि अर्थ'मा विस्तृत रूपमा उल्लेख गरेका छन् । इको मार्क्सवाद यसै विषयसित सम्बन्धित छ ।

इको-मार्क्सवादको पहिलो चरणलाई इको-समाजवाद पनि भन्ने गरिएको छ । इकोमार्क्सवादको स्थापना र विकास गर्ने काममा फ्रैङ्कफर्ट स्कुल लगायतका नववामपन्थीहरू संलग्न रहिआएका छन् । उनीहरूका भनाइमा यो धारा तीन चरण हुँदै विकसित भएको छ । पहिलो चरणको थालनी १९८० बाट हुन्छ । यो चरण मार्क्स-एङ्गेल्सद्वारा हरित विश्वदृष्टिको निषेध गरियो र मार्क्सवाद पर्यावरणको क्षेत्रमा असफल रह्यो भनी आलोचना गरेर सुरु भयो । यस चरणका अध्येताहरूले हरितसिद्धान्त (Green Theory) लाई अवलम्बन गरे र व्यापक इकोलोजिक योजना बनाउने कुरामा जोड दिए । यस चरणमा डेनियल बेनसइद, टेड बेन्टोन, जेम्स ओ. कोनर आदिको भूमिका रह्यो । यस चरणमा 'पुँजीवाद, प्रकृति, समाजवाद' नामक पत्रिका निकालियो । इको- मार्क्सवादको दोस्रो चरण १९९० बाट सुरु भयो । यस चरणमा पर्यावरण सम्बन्धी मार्क्सवादी मान्यताबारे पुनःअनुसन्धानको काम थालियो । यस चरणलाई इकोलोजिकल मार्क्सवादको चरण पनि भनियो । यस चरणमा पहिलो चरणका कमजोरीको विरोध गर्दै मार्क्सवाद र पर्यावरणका बीच सम्बन्ध रहेको कुरा औंल्याइयो । यस चरणमा एलमार, मार्टिन इम्प्सन, फ्रेड म्याग्डफ आदिको भूमिका रह्यो । यस पश्चात् इको-समाजवादको तेस्रो चरण सुरु भयो ।

तेस्रो चरणमा आउँदा इको-समाजवादले दोस्रो चरणमा विश्लेषण नगरिएका र समसामयिक समस्याहरूलाई समेटेर पर्यापरण सम्बन्धी अध्ययनलाई अगाडि बढाउने काम गऱ्यो । पहिलो चरण वाद, दोस्रो विवाद र तेस्रो चरण संवाद अर्थात् संश्लेषणमा आधारित रहेका छन् भनेर फोस्टरहरूद्वारा बताइएको छ । तदनुसार तेस्रो चरणमा ध्यान दिनुपर्ने विषय- जलवायु परिवर्तन, स्पिसिज', इको प्रणाली विध्वंसन, नाइट्रोजन चक्रको अस्थिरता, स्वच्छ पानीको विनाश, धान्नै नसकिने इनर्जी उपयोग, पर्यावरणीय क्षति, शहरी विनाश, पर्यावरणीय अन्याय, स्पिसिज् सम्बन्धी अन्याय- साँचो अर्थमा पुँजी सञ्चयको आधुनिक प्रणाली अन्तर्गत 'प्रकृति परकीयकरण' मा आधारित समग्र प्रश्न पर्दछन् । (मार्क्स एण्ड द अर्थ, पृ. ११) मार्क्सवादलाई अगाडि बढाउनेमा फ्रेड म्याग्डफ, फोस्टर र बर्केट आदिको महत्वपूर्ण भूमिका रह्यो ।

फोस्टर र बर्केटले आफ्नो उक्त पुस्तकको अन्तमा पर्यावरणीय समस्याबारे के निष्कर्ष निकालेका छन् भने पृथ्वीको संकट होइन, अपितु समाजको संकट हो । उनीहरूका दृष्टिमा यस संकटको समाधान समाजवाद/साम्यवादको स्थापना गरेरै हुन्छ र यस प्रक्रियामा मानिस तथा प्रकृतिका बीचको असन्तुलनका समस्याको पनि मेटाबोलिक पुनर्स्थापनाद्वारा नै हुन्छ ।

फोस्टरका अनुसार-पर्यावरणीय आन्दोलनमा जलवायु परिवर्तन होइन, व्यवस्था परिवर्तनको नारा लगाउनुपर्दछ र विश्वपुँजीवादी प्रणालीको विरोधमा जानुपर्दछ । मार्क्सवादी पर्यावरणीय चिन्तकहरूले पर्यावरणीय र सामाजिक क्रान्तिका लागि दुई चरणको रणनीति विकसित गर्नुपर्दछ । पहिलो चरणलाई विश्वव्यापी पर्यावरणीय क्रान्तिको इको-जनवादी क्रान्तिको चरणका रूपमा बुझ्नुपर्दछ र दोस्रो चरणको पर्यावरणीय क्रान्तिले प्रणाली परिवर्तनको लामो अवधिको लक्ष्यलाई समेट्छ । (Monthly Review, Vol–13, N= 9, December 2019) ।

पर्यावरण विनाशका कारण र तिनको समाधानबारे गम्भीर अध्ययनको प्रक्रिया अगाडि बढाइयो । यसमा कैयौं सकारात्मक पक्ष सन्निहित छन् , तर पनि इको-मार्क्सवादको सम्बन्ध नवमार्क्सवादसित छ । यसले वर्ग तथा वर्गसंघर्षभन्दा मुख्यतः पर्यावरणीय आन्दोलनमा जोड दिन्छ । यो वैज्ञानिक समाजवाद होइन, सुधारवादी समाजवादको पक्षमा छ ।

***डीप इकोलोजी***

सन् १९६० यता कतिपय व्यावसायिक दार्शनिकहरूले वातावरण विनाशबारे दार्शनिक अध्ययन गर्न थाले । यसैक्रममा नर्वेका आर्ने नायसले दर्शन तथा इकोलोजीबारे प्रवचन दिँदै हिँडे र १९७३ तिर डीप इकोलोजीलाई प्रयोगमा ल्याए । उनले आदर्शवादी र धार्मिक कोणबाट इकोलोजीलाई व्याख्या गर्दथे । उनलाई हरित आन्दोलनका अगुवा पनि भनिन्छ । डीप इकोलोजीका पक्षधरहरूले पृथ्वी पहिलो नामक संगठन बनाए । डीप इकोलोजीलाई नायसले आफ्नो 'दि डीप इकोलोजिकल मुभमेन्टः सम फिलोसफिकल आस्पेक्ट' नामक लेखमा डीप इकोलोजी सम्बन्धी आठ बुँदे मान्यता प्रस्तुत गरेका छन् । त्यसको पहिलो बुँदामा भनिएको छः 'यस धर्तीमा मानव र मानवेतर जीवन कल्याणकारी हुनु र फल्नुफुल्नु आफैमा मूल्यवान कुरा हो ।' डीप इकोलोजीको यस मान्यताले पर्यावरणसम्बन्धी मानवकेन्द्रको अवधारणालाई अस्वीकार गरी मानव मात्र होइन, वनजङ्गल,पहाड पर्वत, पशुपन्क्षी लगायत सबै मानवेतर जीवनलाई मूल्यवान् हुने कुरा अंगीकार गरेको छ । यो पर्यावरण केन्द्रवाद ( ) मा आधारित मान्यता हो ।

पी. के. नायरका अनुसार डीप इकोलोजीले जीवनका सबै रूप र विशेषताहरूका आधारभूत अन्तःसम्बन्धतामा विश्व राख्तछ । यसले कुन कुरामा विश्वास गर्दछ भने मानव केन्द्रित चिन्तनले मानवलाई तिनका प्राकृतिक पर्यावरणबाट अलग्याउँछ र उत्पीडन गर्दछ । डीप इकोलोजीको मूल मान्यता के हो भने आफ्नो दृष्टिकोण, चिन्तन, दायित्व र व्यवहार मानवकेन्द्रित छन्, परन्तु ग्रह (एबिलभत) को सुरक्षा सुनिश्चित गर्नका लागि पर्यावरण वा जैवकेन्द्रित बन्न जरुरी छ ।

डीप इकोलोजीलाई आर्दशवादी तथा पर्यावरण सम्बन्धी विभिन्न धार्मिक मतवादी उपधाराहरूको संगम स्थल (प्लेटफर्म) का रूपमा पनि लिइने गरिन्छ ।

***इको-नारीवाद***

इकोनारीवादका अनुसार पितृसत्तात्मक समाजका मूल्यहरू र विश्वासहरूको परिणाम नै नारी र प्रकृति दुवै उत्पीडनमा परेका हुन् । पितृसत्ताले नारीहरूका काम, ज्ञान र अवस्थितिलाई अवमूल्यन गर्दछ । यस धारामा म्यारी मेलर, एरियल सलेह, वन्दना शिवा आदि रहेका छन् । उनीहरू लिङ्ग र प्रकृतिका बीचको सम्बन्धबारे अध्ययन गर्दै आएका छन् । इको-नारीवादीहरू प्रकृति र संस्कृतिका बीच ठूलो अन्तर्विरोध रहिआएको कुरा बताउँछन् । उनीहरूले प्रकृतिलाई नारीपक्षीय तथा संस्कृतिलाई पुरुषपक्षीय रहेको र आफू प्रकृतिको बढी सन्निकट रहिआएको कुरा बताउँछन् । उनीहरूका विचारमा पुरुषले नारी तथा प्रकृति दुबैलाई आफ्नो अधीनमा पारेको र उत्पीडन गर्दै आएको छ । नारीवादीहरू के बताउँछन् भने बाइबिलमा ईश्वरले पुरुषलाई जल, जमिन आदिको स्वामित्वसम्बन्धी अधिकार प्रदान गरे, परन्तु नारीलाई भने त्यस प्रकारको अधिकारबाट वञ्चित तुल्याइदिए । पर्यावरणीय नारीवाद अन्तर्गत पनि विभिन्न उपधाराहरू पर्दछन् ।

***तेस्रो विश्वपर्यावरणवाद***

तेस्रो विश्व वातावरणवादका मूल प्रतिनिधि रामचन्द्र गुहा, जोन मार्टिनेज, एलिएट आदि रहेका छन् । उनीहरूको मान्यता के छ भने गरीबी र वातावरण विनाशका बीच बलियो सम्बन्ध रहिआएको छ । यसप्रकारको अवस्थाबाट एसिया र अफ्रिकाका अधिकांश देशहरू प्रभावित रहिआएका छन् । तेस्रो विश्व वातावरणवादीहरू समान रूपमा फन्डिङ्ग, सामाजिक न्याय र गरीबहरूलाई जमिन वितरण गर्ने पक्षमा आफूलाई उभ्याउने प्रयास गरिरहेका छन् । उनीहरूको एउटा मूल भनाइ के छ भने पश्चिमी देशहरू विशेषतः स्क्यान्डिनेवियन मुलुक, क्यानाडा, संयुक्त राज्य अमेरिका र अष्ट्रेलियामा क्रियाशील डीप इकोलोजीका पक्षहरू तेस्रो विश्वमा उनीहरूले गर्दै आएको उत्पीडनप्रति मौन रहिआएका छन् । उनीहरूको भनाइ अनुसार ती मुलुकहरूमा वनजंगल तथा जमिनको उपयोग कम तर तेस्रो विश्वका देशहरूका बढी हुँदै आएको छ । तेस्रो विश्व वातावरणवादलाई मुक्ति पर्यायवरणवाद (लिबरेशन इन्भायरोन्मेन्टलिज्म) पनि भन्ने गरिन्छ ।

***साम्राज्यवाद, निम्नपुँजीवाद र मार्क्सवाद***

माओ जीवित छँदै सर्वहारा सांस्कृतिक क्रान्तिको समयमा स्टकहोममा सन् १९७२ मा आयोजित संयुक्त राष्ट्रसंघको मानव पर्यावरण सम्मेलनमा चिनियाँ प्रतिनिधिका तर्फबाट प्रस्तुत एउटा मन्तव्यमा भनिएको थियो- 'उच्च मुनाफाका पछाडि दौडिरहेका साम्राज्यवाद, उपनिवेशवाद, नवउपनिवेशवाद र उनीहरूका एकाधिकारी पुँजीवादी समूहहरूले जनताका जीवनमृत्युका कुरालाई वेवास्ता गर्दै अन्य देशका जनतालाई बेइमानीपूर्वक लुट्छन् र शोषण गर्दछन्, तिनका स्रोत साधनलाई ध्वस्त पार्दछन्, मनपरी ढङ्गले हानिकारक पदार्थहरू निकाल्दछन् र आफ्नै देश तथा अन्य देशको पर्यावरणलाई प्रदूषित पार्ने र सडाउने गर्दछन् । उनीहरूले हरेक वर्ष हतियारको दौडमा ठूलो धनराशि खर्च गर्न हिच्किचाउँदैनन्, परन्तु आफ्नै देशमा पर्यावरणको संरक्षण र सम्वर्द्धनका निम्ति न्यूनतम कोष पनि छुट्याउँदैनन् वा प्रदूषण र क्षतिबेहोर्नु परेका अन्य सार्वभौम राज्यहरूको नोक्सानीको क्षतिपूर्ति पनि गर्दैनन् । साम्राज्यवादी, उपनिवेशवादी तथा नवउपनिवेशवादी र तिनका एकाधिकारी पुँजीवादी समूहका यसप्रकारका अपराधहरूले विश्वभरिका जनताका बीचमा चर्को असन्तुष्टि र विरोध पैदा गरेका छन् । अतिमहाशक्तिहरूका लूट, आक्रमण र युद्धनीतिका विरुद्ध संसारभरका जनताले चलाएको प्रदूषणविरोधी न्यायपूर्ण संघर्षलाई हामी सक्रियतापूवर्क समर्थन गर्दछौं ।' -Peking Review, June 16, 1972) ।

पर्यावरणीय समस्या मुख्यतः राजनीतिक समस्या हो । पर्यावरणीय आन्दोलनसित तीन पक्ष सम्बद्ध रहिआएका छन् - साम्राज्यवाद तथा प्रतिक्रियावाद, निम्न पुँजीवाद र मार्क्सवाद । साम्राज्यवाद पर्यावरणीय समस्याको प्रमुख जिम्मेवार हो । यसले पर्यावरणको सुरक्षाको बहाना गरेर र पर्यावरण सुरक्षाका निम्ति बनेका विभिन्न संघसंस्थाहरूमा प्रभुत्व जमाएर र अतिशय मुनाफाका लागि प्रकृतिदोहन तथा मानवीय उत्पीडन जारी राख्ने काम गर्दै आएको छ । विश्वका प्रतिक्रियावादी राज्यसत्ताहरू यसै साम्राज्यवादको छहारीमा गोलबन्द भएका छन् । निम्न पुँजीवादले पनि अन्ततः साम्राज्यवादलाई नै साथ दिँदै आएको छ । यस सन्दर्भमा पर्यावरणीय चेतावनीबारे अभिव्यक्त स्टिफेन एन्जेलको निम्न भनाइ ध्यान दिन योग्य छ -'यस चेतावनीका विरुद्ध कुनै प्रभावकारी कदम चाल्नुको साटो समग्र साम्राज्यवादी प्रणालीमा आबद्ध सत्ताधारी र निम्नपुँजीवादी प्रणालीय पर्यावरणवादले सम्पूर्ण मानवतामाथि छलछामपूर्ण व्यवहार गर्दै आएका छन् । तुष्टीकरण, झूट र छलछामपूर्ण प्रस्तावहरू पेश गरेर तिनले जनसमुदायको सक्रिय प्रतिरोधलाई रोक्ने वा कम महत्व दिने काम गर्दछन् ।' (Stefan EngelM Catastrophe AlertÛ, Verlag Neuer Weg, 2014, p.8) । पर्यावरणीय समस्याको समाधान कसरी हुन्छ त ? स्टेफन एन्जेल भन्दछन्- 'वातावरणीय मुद्दाको समाधानले समाज रूपान्तरणकारी संघर्षको माग गर्दछ । केवल अन्तर्राष्ट्रिय समाजवादी क्रान्तिले नै सामाजिक र पर्यावरणीय प्रश्नको समाधान गर्न सक्तछ ।' (उक्त) ।

वस्तुतः पर्यावरणीय चेतावनीका विरुद्धको संघर्ष साम्राज्यवाद र प्रतिक्रियावादको विरुद्धको संघर्षसित जोडिएको छ । मार्क्सवादले क्रान्तिमार्फत वैज्ञानिक समाजवादको स्थापना गरेर नै पर्यावरणीय समस्याको असली समाधान हुने कुरा बताउँछ ।

***समालोचना***

मानिसका र प्रकृतिका बीचको सम्बन्धबारे हिमाली उपमहाद्वीपमा प्राचीन समयदेखि नै विशेष प्रकाश पार्ने काम हुँदै आएका थिए । वेदहरूमा सूर्य, चन्द्र, पृथ्वी, हावा, नदी आदि समस्त प्रकृतिलाई मानवीकरण *बाँकी ७ पेजमा*

## कविता

### बलात्कारीको आरोपपछि कार्ल मार्क्सको वयान !

● बलराम ●



समयको क्रुर कठघरामा
मृत्युपछि पनि पटक पटक
कोही उभिएको छ भने
सायद त्यो म नै हुँला है लेखिका जी ?
कैले मलाई जँड्याहा भनियो
मैले जाँड खाएको हुँ भन्न आएँ
मैले घुष खाइँन कमिशन खाइँन
मजदूरको एक थोपो पसिना खाइँन
सरकारी जागिर खाइँन
भात र रोटी त मैले
कैले खाएँ कैले खाइँन
हो कैलेकाहीं जाँड खाएको हुँ
जाँड खाएर मातेको पनि हुँ !
कैले मलाई जुवाडे भनियो
कौडा कस्तो हुन्छ कैलै देखिन मैले
हो, भोक तिर्खै बसेर
छोरा छोरीलाई भोकै मर्न दिएर
श्रमजीवीहरूका लागि
बिचारको हँतियार बनाउन बसें
र एउटा सिङ्गै जीवन जुवा खेलिदिएँ !
मलाई आवारा पनि भनियो
एकथरीको आँखामा
म आवारा पनि थिएँ
म भँडुवा पनि थिएँ
फ्रेडरिकसँग मिलेर
हामीले नै भनिदिएको हो
'संसारका मजदूरहरू एक होऊँ !'
मेरा वर्ग बैरीहरूले पनि
भन्न नसकेको कुरा
यो पटक तिमीले भनिदियौ
मार्क्स बलात्कारी थिए
यो कठिन फत्तुरको जवाफ दिन
मैले फेरि कठघरामा उभिनु परेको छ !
हो ममा पनि पुरुषजन्य कमजोरीहरू थिए
ममा पनि उत्तेजना र आवेगहरू थिए
समकालीन रोगसँग लड्दा लड्दै
मभित्र पनि केही रोग सरेका थिए
किन कि म यही समयको मान्छे थिएँ
अझ एक जना पुरुष पनि थिएँ !
बलात्कार !
हाय हाय !!
यस्तो मैले कैलै सोचिंन
गर्न त धेरै टाढाको कुरा
तर तिमीले सजिलै भनिदियौ-
मार्क्स बलात्कारी थियो
उसले एक पटक हैन अनेक पटक
पटक पटक बलात्कार गरेको थियो !
यस्ती महाज्ञानी तिमी
आफैं कसरी मार्क्सवादी भयौ ?
मलाई तिम्रो दशा देखेर दया लाग्यो !
कि तिमी मार्क्सवादी होइन
कि म बलात्कारी होइन
फेसनको रूपमा मलाई मान्नेहरू
कसरी रातारात फेरिदा रहेछन
बजारमा अर्को फेशन आएपछि
कसरी बजारतिर भाग्दा रहेछन
तिमीले राम्रैसँग देखायौ कवि जी !
संसारमा एक मात्र तिमीलाई देखें
जो अझै बलात्कारीको विचारलाई
आदर गर्छ , पथ प्रदर्शक मान्छ
के तिमीलाई बलात्कार भन्ने कुरा
प्रेरणादायी र पथप्रदर्शक लाग्छ लेखिका ?
ए मुर्दाहरू हो
जो आफूलाई मार्क्सवादी हौं भन्छौ
किन चुपचाप छौ ? मधुमासमा छौ ?
के तिमीहरू पनि मलाई बलात्कारी ठान्छौ ?

*२०७८ / ०१ / ०३, माइतीघर*

### श्रमजीवीसित

● मित्रलाल पंज्ञानी ●



*निर्धा तिमी छौ नजुटेर मात्रै*
*ज्वालामुखी झैं नफुटेर मात्रै*
*जुट्यौ भने जब्बर एकतामा*
*यो लूटसाम्राज्य मिल्यो धुलामा !*
*जुटाउने सूत्र निकाल मात्रै*
*त्यो सूत्र लागू गरिहाल मात्रै*
*हल्लन्छ धर्ती खल डग्मगिन्छन्*
*सकिन्न भन्नै क-कता पुरिन्छन्*
*सामर्थ्य आफ्नो नचिनेर मात्रै*
*आफ्नो र अर्को नबिनेर मात्रै*

*पापीहरूको चुलिँदो छ थैलो*
*मच्ची रहेको यति भाँडभैलो*
*बिग्री रहेको छ यहाँ हिसाप*
*रोईरहेको छ यहाँ निसाप*
*चिन्यौ भने धूर्त मनुष्यलाई*
*टिक्तैन धेरै तिनको रजाईं*
*निर्धा तिमी छौ नजुटेर मात्रै*
*ज्वालामुखी झैं नफुटेर मात्रै*
*जुट्यौ भने जब्बर एकतामा*
*यो लूटसाम्राज्य मिल्यो धुलामा !*

## मार्क्सवादी...

गरी प्रस्तुत गरिएको थियो । संस्कृत साहित्यमा प्रकृति र मानिसका बीचमा तादात्म्य कायम गर्दै प्रशस्त रचना लेखिएका थिए । प्रकृतिको मानवीकरण गर्ने काममा संस्कृत साहित्यका महाकवि कालिदासको उल्लेख्य भूमिका रहेको थियो । युरोपमा अंग्रेजी साहित्यको स्वच्छन्दतावादी धाराका वर्डस्वर्थ, कलरिज, किट्स, शेली जस्ता कविहरूले प्रकृतिको मानवीकरण गर्ने काममा विशेष जोड दिएका थिए । यो परम्परा हिन्दी, बङ्गाली आदिका साथै नेपाली साहित्यमा पनि विकसित भयो र त्यसलाई नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटाले एक उत्कर्ष प्रदान गरे ।

पर्यावरणीय समालोचना बीसौं शताब्दीको अन्त्यतिर जन्मिएको हो । सन् १९७८ मा विलियम रुयेकर्टले - पर्यावरणीय समालोचनाको थालनी गरे । उनले 'लिटरेचर एण्ड इकोलोजीः एन एक्सपेरिमेन्ट इन इकोक्रिटिसिज्म' शीर्षक लेख लेखेका थिए । १९८९ मा फ्रेडरिक ओ. वागेद्वारा सम्पादित 'इन्भायरन्मेन्टल लिटरेचरः मेटरियल्स मेथड्स रिसोर्सेज' मा विभिन्न लेखकहरूका रचनाहरूलाई समावेश गरी एउटा सङ्कलन प्रकाशित गरियो । यसैगरी १९९६ मा सेरिल ग्लोटफेल्टी र ह्यारल्ड फ्रोमको सम्पादकत्वमा 'द इकोक्रिटिसिज्म रिडरः ल्याण्डमार्क्स इन लिटेररी इकोलोजी' शीर्षकमा अर्को संकलन प्रकाशित भयो । यसरी पर्यावरणीय साहित्यको विकाससित समालोचना पनि विकसित हुँदै आएको छ । यसैक्रममा नेपालमा पनि पर्यावरणीय समालोचनाको थालनी भएको छ ।

पर्यावरणीय चिन्तनको क्षेत्रमा जुन धाराहरू विकसित हुँदै आएका छन्, तिनको प्रभाव पर्यावरणीय साहित्य र समालोचनामा पनि पर्दै आएको छ । त्यसैले पर्यावरणीय समालोचना पनि विचारधारात्मक संघर्षको एउटा क्षेत्र बन्न गएको छ । विलियम रुयेकर्टका दृष्टिमा इको-क्रिटिसिज्म भनेको प्रकृतिको आवेदन र साहित्यिक अध्ययनको पर्यावरणीय अवधारणा हो । पर्यावरणीय समालोचनामा मानिस र प्रकृतिका बीचको सम्बन्धमा जोड दिइन्छ । यो बहुअनुशासनात्मक, बहुसांस्कृतिक र अन्तराष्ट्रिय स्वरूपको हुन्छ ।

सेरिल ग्लोटफेल्टीले पर्यावरणीय समालोचनालाई यसरी परिभाषित गरेकी छन्ः 'सामान्यतः इकोक्रिटिसिजम् भनेको साहित्य र भौतिक वातावरणबीचको सम्बन्धबारे गरिने अध्ययन हो । जसरी नारीवादी समालोचनाले लैङ्गिक चेतनाको परिप्रेक्ष्यबाट भाषा र साहित्यको अध्ययन गर्दछ र मार्क्सवादी समालोचनाले पाठको अध्ययन गर्दा उत्पादनका मोड र आर्थिक प्रवर्गको सचेतनालाई अगाडि सार्दछ, त्यसरी नै इकोक्रिटिसिजम्ले साहित्यिक अध्ययनको पृथ्वीकेन्द्रित उपागमलाई अवलम्बन गर्दछ ।' (इन्ट्रोडक्शनः दि इकोनमिक रिडर'..पृ. ।)

पर्यावरणीय साहित्य र समालोचनाका विशेषता तथा मापदण्डबारे विभिन्न चिन्तकहरूले प्रकाश पार्दै आएका छन् । पर्यावरणीय समालोचना एउटा छाता समालोचना हो । विभिन्न चिन्तनधारा र सिद्धान्तबाट प्रभावित रहिआउनुको कारण पर्यावरणीय समालोचनाको कुनै एउटा निश्चित मापदण्ड छैन र यो अन्तर-अनुशासनात्मक अध्ययनमा आधारित रहेको छ ।

ग्लोटफेल्टीका अनुसार १) पर्यावरणीय समालोचना (Ecocriticism) ले प्रकृति र संस्कृति, साहित्य र धर्ती, अनि मानवीय र मानवेतरका बीचको अन्तर्सम्बन्धमा जोड दिन्छ; २) पर्यावरणीय साहित्य सिद्धान्तले लेखकहरू, पाठहरू र विश्वका बीचको सम्बन्धलाई जाँच गर्दछ । यसका लागि 'विश्व' समाज अर्थात् सामाजिक जगत्को पर्याय हो । ३) पर्यावरणीय समालोचनाले 'विश्व' को अवधारणालाई समग्र पर्यावरणीय जगत (Entire Ecosphere) मा समावेश गर्दछ । (इन्ट्रोडक्शनः दि इकोनमिक रिडर'..पृ. ) ।

प्रमोद के. नायरका अनुसार लरेन्स बुएलले पर्यावरणीय समालोचनामा मूल्यांकनका लागि चार ओटा मापदण्ड प्रस्तुत गरेका छन्, त्यसप्रकारको मापदण्डका मूल आधार यी हुनः १) पाठमा गैरमानवीय आयामको वास्तविक उपस्थिति हुन्छ र मानव तथा गैरमानवको संसारलाई एकीकृत गरिन्छ; २) हरेक ठाउँमा मानवहितले विशेषाधिकार प्राप्त गर्दैन; ३) पाठले मानिसहरूलाई पर्यावरणप्रति जिम्मेवार बनाई प्रस्तुत गर्दछ र ४) पर्यावरण एक स्थिति हुनुको साटो एक प्रक्रिया हो । ( कन्टेम्पोरेरी लिटरेचर एण्ड कल्चरल थिअरीः फ्रम स्ट्रक्चरलिज्म टु इकोक्रिटिसिज्म, पृ. ) ।

पर्यावरणीय समालोचनाको क्षेत्रमा लरेन्स बुएल चार प्रकारका चुनौती उपस्थित भएको देख्दछन् । उनको भनाइमा 'ती चार प्रकारका चुनौती हुन् - संगठनको चुनौती, व्यावसायिक बैधताको चुनौती, आलोचनात्मक जिज्ञासाहरूका भिन्न मोडेहरूलाई परिभाषित गर्ने चुनौती र एकेडेमी बाहिर आफ्नो महत्वलाई स्थापित गर्ने चुनौती । यी कसौटीहरूद्वारा साहित्यिक अध्ययनको क्षेत्रमा पर्यावरणीय समालोचनाले सबैलाई उत्साहित गरेको छ ।' ( ".)

पि. के. नायरले पर्यावरणीय समालोचनालाई परिभाषित गर्दै भनेका छन्ः 'इको-क्रिटिसिज्म एउटा यस्तो आलोचनात्मक मोड हो जसले सांस्कृतिक पाठहरूमा प्रकृति र धर्तीको गरिमाबारे अवलोकन गर्दछ ।' (कन्टेम्पोरेरी लिटरेचर एण्ड कल्चरल थिअरीः फ्रम स्ट्रक्चरलिज्म टु इकोक्रिटिसिज्म, पृ. ३३०) ।

सञ्जीव उप्रेतीको भनाइमा बिसौं शताब्दीको ८० को दशकयता युरोप र अमेरिका लगायतका देशहरूमा पर्यावरणीय समालोचनाबारे प्रशस्तै लेख तथा पुस्तकहरू लेखिन थाले र विश्वविद्यालयका पाठ्यक्रमहरूमा पनि पर्यावरण सम्बन्धी विषयलाई पढाउन थालियो । यस सन्दर्भमा वर्ग, यौन, लिङ्ग र जातिबाहेक पर्यावरणलाई पनि पाँचौ मापदण्डका रूपमा राजनीतिक तथा ऐतिहासिक समालोचनाले स्वीकार गर्न जरुरी भएको कुरामा विशेष जोड दिइयो । (सिद्धान्तका कुरा, पृ. ३१३-१४, अक्षर क्रियसन्स, नेपाल, तेस्रो २०६८) । यहाँ उप्रेतीद्वारा पर्यावरणवादी मान्यताबारे उल्लेख गरिएको छ ।

रमेश भट्टराई भन्दछन् -'वर्गीय समाजमा प्रकृति र पर्यावरणको शोषण, दोहन गर्ने काम मूलतः सामन्तवाद र पुँजीवाद/साम्राज्यवादले नै गरेको छ । यस आधारमा प्रकृति र प्रकृतिसँगको निकट सम्बन्ध गरिब जनता र सर्वहाराको हुने हुँदा पर्यावरणको रक्षा आम जनताको हितका लागि हो भन्ने धारणा मार्क्सवादीहरूको छ । यही आधारमा मार्क्सवादी समालोचनाले पर्यावरणलाई शुद्ध पर्यावरणीय सम्बन्धबाट मात्र नहेरी जनता, जीवन, श्रम र विचारधाराका सापेक्षतामा हेर्दछ र सामन्तवाद तथा साम्राज्यवादका विरुद्ध पर्यावरणीय आन्दोलनलाई पनि केन्द्रित गर्नुपर्ने र विश्वका जनतालाई संगठित गर्नुपर्ने धारणा प्रस्तुत गर्दछ ।' (कलम, वर्ष १८, पूर्णाङ्क ५२, अङ्क २, पृ. ८६, कार्तिक-पुस २०६६) । यहाँ पर्यावरणका सन्दर्भमा भट्टराईले मार्क्सवादी मान्यताबारे उल्लेख गरेका छन् ।

सौन्दर्यचिन्तन र समालोचनाको क्षेत्रमा मार्क्सवादीहरूले मार्क्सद्वारा रचित 'आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरूः १८४४' लाई सर्वहारावर्ग र उत्पीडित जनसमुदायको स्वत्व तथा अस्मिताको उद्घाटन र मुक्तिको मार्गदर्शन गर्न समर्थ एक महत्वपूर्ण ऐतिहासिक कृतिका रूपमा ग्रहण गर्दै आएका छन् । मार्क्सवादी समालोचनाले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको आलोकमा आर्थिक आधार र उपरिसंरचनाबीचको सम्बन्ध, यथार्थको कलात्मक प्रतिबिम्बन तथा प्रारूपीकरण, सर्वहारावर्ग तथा उत्पीडित जनसमुदायप्रतिको प्रतिबद्धता, प्रवृत्तिमूलकता तथा सोद्देश्य लेखन, प्रकृतिको मानवीकरण, अन्तर्वस्तु र रूपको एकता जस्ता मान्यतालाई अङ्गीकार गर्दै आएको छ । मार्क्सवादी सौन्दर्य चिन्तन र समालोचनाका अनुसार अतिमुनाफाका लागि गरिएका शोषण, उत्पीडन र प्रकृति दोहनका कारण पर्यायवरणीय संकट गम्भीर बन्दै र त्यसबाट प्रकृति तथा मानव जीवनका बीचको संगति तथा सन्तुलन भत्कदै गएको छ । यस स्थितिमा मानिस र प्रकृति दुवैको शोषण, उत्पीडन र दोहन गर्ने साम्राज्यवादसहित सबै खाले प्रतिक्रियावादका विरुद्ध साहित्यिक तथा सांस्कृतिक आन्दोलन चलाउन, समालोचना तथा सौन्दर्यचिन्तनको क्षेत्रमा विचारधारात्मक संघर्षलाई सशक्त बनाउन,मानव जीवन तथा प्रकृतिका बीच नयाँ आधारमा नयाँ एकता स्थापित गर्दै अगाडि बढ्न र सौन्दर्यका नियम अनुसार संसारलाई बदल्न मार्क्सवादले विशेष जोड दिन्छ ।

### *५. निष्कर्ष*

(१) वर्ग तथा पहिचान, नारीवाद र पर्यावरणबारे संक्षिप्तमा टिप्पणीमूलक चर्चा गरियो । सामान्यतः यी सबै विषय र विशेषतः पर्यावरणबारे गम्भीर अध्ययन र संश्लेषणको आवश्यकता छ ।

(२) मार्क्सवादले वर्ग, जात, जाति, लिङ्ग सहित सबै उत्पीडित वर्ग तथा जनसमुदायका पहिचान, अस्मिता तथा स्वत्वको उद्घाटन गर्दै र तिनीहरूमाथि हुँदै आएका उत्पीडनको विरोध तथा मुक्तिको पक्षमा आवाज उठाउँदै विचारधारात्मक तथा राजनीतिक रूपमा संघर्षको दिशानिर्देश गरेको छ । यसैगरी पर्यावरणको क्षेत्रमा पनि मर्क्सवादले मानिस र प्रकृतिका बीचको एकताका निम्ति बाधक तथा पर्यावरण विनाशको मूल कारक बन्दै आएको मूनाफा केन्द्रित पुँजीवाद/साम्राज्यवादको विरोध गर्दै आएको छ ।

(३) परन्तु अर्कोतिर सबैखाले उत्तरवादको छाताका रूपमा रहेको उत्तरआधुकितावादले मार्क्सवादद्वारा प्रस्तुत वर्गीय विश्व दृष्टिकोण तथा जनमुक्तिका महाख्यानको विरोध र विखण्डनवाद र टुक्रे पहिचानवादको पुर्पक्ष गरी उत्पीडित जनसमुदायको एकीकृत संघर्षको अभियानमा भाँजो हाल्ने र शोषण, उत्पीडन तथा दमनका प्रमुख कारक रहिआएका साम्राज्यवाद/प्रतिक्रियावादको सेवा गर्ने काम गरेको छ । पर्यावरणको क्षेत्रमा पनि ठीक यही भइरहेको छ ।

(४) साम्राज्यवाद र सर्वहारा क्रान्तिको वर्तमान युगमा एकातिर साम्राज्यवाद/प्रतिक्रियावाद र अर्कोतिर मार्क्सवाद/सर्वहारावर्ग तथा उत्पीडित समुदायका बीच विचारधारात्मक तथा राजनीतिक क्षेत्रमा भीषण वर्ग संघर्ष चलिरहेको छ । प्रतिक्रान्ति र क्रान्तिका यी परस्पर विरोधी दुई ध्रुवका बीचको यस संघर्षमा सबैखाले संशोधनवाद र उत्तरवाद मिलेर साम्राज्यवादको सेवा गर्ने र मार्क्सवादमाथि धावा बोल्ने काम गरिरहेका छन् । यो विश्वका साथै नेपालका सन्दर्भमा पनि सत्य हो ।

(५) साम्राज्यवाद, दलाल एवम् नोकरशाही पुँजीवाद तथा सामन्तवादको विरोध र मजदुर, किसान, महिला, दलित, जनजाति, मधेशी, मुस्लिम सबै उत्पीडित वर्ग र जनसमुदायको मुक्तिको पक्षमा सर्वहारा वर्गको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादी क्रान्तिको दिशामा अघि बढ्नु आजको ऐतिहासिक आवश्यकता हो । हामीले यिनै क्रान्तिको मातहतमा रही पर्यावरणीय विनाशको विरोध र मानव तथा प्रकृतिका बीच नयाँ आधारमा नयाँ एकता कायम गर्ने ऐतिहासिक अभिभारा पुरा गर्न सक्दछौं ।

(६) यो बेला साहित्य, कला, संस्कृति, सौन्दर्य चिन्तन र समालोचनाको क्षेत्रमा क्रियाशील मार्क्सवादी लेखक कलाकारहरू अन्य प्रगतिशील मित्रहरूलाई पनि गोलवन्द गर्दै क्रान्तिकारी ध्रुवको पक्ष र प्रतिक्रान्तिकारी ध्रुवको विपक्षमा पहिले भन्दा अझै सशक्त रूपमा प्रस्तुत हुन जरुरी छ ।

***पादटिप्पणी :***

१. ढकाल, घनश्याम : संपादक मण्डल संयोजक, मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य पृ. १००२, प्रकाशक : अखिल नेपाल लेखक संघ, २०६७ ।

२. व्ला. इ. लेनिन संकलित रचनाएँ, दश खण्डों मे खण्ड १०, पृ. २०६, प्रगति प्रकाशन, मास्को १९८६ ।

३. Modern Literary Theory, page 92,

४. गौतम, कृष्ण : आधुनिक आलोचना : अनेक रूप अनेक पठन, पृ. ३४९ साझा प्रकाशन, दोस्रो संस्करण २०५९ ।

५. त्रिपाठी, सुधा : नरीवादी सौन्दर्य चिन्तन, पृ. ७२, भृकुटी एकेडेमिक पव्लिकेशन्स सन् २०१२

६. बराल, ऋषिराज, मार्क्सवाद र उत्तरआधुनिकतावाद पृ. १८५ साझा प्रकाशन, दोस्रो संस्करण, २०६७ ।

७. का. मार्क्स, फ्रे. एङ्गेल्स संकलित रचनाएँ : पृष्ठ ६७, खण्ड ३, भाग २, प्रगति प्रकाशन मास्को ।

८. तिम्ला, देवेन्द्र, अनुवाद तथा संपादन : कम्युनिस्ट नैतिकता, पृ. ६१ निरन्तर प्रकाशन २०६३ ।

९. का. मार्क्स, फ्रे. एङ्गेल्स संकलित रचनाएँ : पृष्ठ खण्ड ३ भाग १, प्रगति प्रकाशन मास्को १९७८ ।

१०. K Marx, F Engels, Collected Works, Vol= 3, 1843–1844, page 296, Progress Publishers Moscow 1975.

११. मार्क्स, कार्ल, पुँजी १, पृष्ठ ५३७ संस्करण प्रगति प्रकाशन मास्को

१२. मार्क्स, एङ्गेल्स संकलित रचनाएँ, पृष्ठ खण्ड ३, भाग १ प्रगति प्रकाशन मास्को

१३. मार्क्स, कार्ल, पुँजी १, पृष्ठ ७१७, संस्करण प्रगति प्रकाशन मास्को

१४. Marx and the Earth

१५. Marx and Ecology, Monthly Review, Vol= 13

१६. Peking Review, June 16, 1972.

१७. Engel, StefenM Catastrophe AlertÛ Page 8, Verlag Neuer, Weg, 2014

१८. IntroductionM The Economic Reader

१९. Nayar, Pramod K M Contemporary Literature and Cultural theoryM From Structuralism to Ecocriticism, page 330

२०. उप्रेती संजीव, सिद्धान्तका कुरा पृ ३१३ - १४, अक्षर क्रिएसन्स नेपाल, तेस्रो संस्करण २०६८

२१. कलम, वर्ष १८, पूणाङ्क ५२, अंक २, पृ. ८६, कार्तिक - पुष, २०६६ ।

*(यो लेख मोहन वैद्य किरणद्वारा लिखित 'मार्क्सवादी समालोचना'मा प्रकाशित लेखहरू मध्येको पहिलो लेख हो । यो लेखलाई उक्त पुस्तकबाट साभार गरी मूलबाटोमा प्रकाशित गरिएको हो ।)*

## कोरोनाले...

वर्षको ऐतिहासिक सन्दर्भमा हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले उपरोक्त दुई अन्तर्राष्ट्रिय कार्यभार सफल पार्नका लागि एकताबद्ध भएर अगाडि बढ्न विश्वभरि छरिएर रहेका सम्पूर्ण मार्क्सवादी-लेनिनवादी-माओवादी कम्युनिस्ट पार्टीहरूलाई हार्दिक अपील गर्दछ ।"

मई दिवको पूर्वसन्ध्या अर्थात् १७ बैशाखमा जारी गरिएको वक्तव्यको अन्तमा सातवटा अन्तर्राष्ट्रिय महत्वका नाराहरू उल्लेख गरिएको छ । ती 'मई दिवस जिन्दावाद १, पेरिस कम्युन जिन्दावाद १, सर्वहारा अन्तर्राष्ट्रियतावाद जिन्दावाद १, विश्व समाजवादी क्रान्ति जिन्दावाद १, सबै खाले संशोधनवाद मुर्दावाद १, साम्राज्यवाद तथा विस्तारवाद मुर्दावाद १, संसारका मजदुरहरू एक होऔं १' लगायत रहेका छन् ।

यसैगरी नेकपा (क्रान्तिकारी माओवादी) सहित विश्वका १२ वटा माओवादी पार्टी तथा संगठनरुले संयुक्त रूपमा 'रक्तिम, सर्वहारावादी र अन्तर्राष्ट्रियतावादी मे दिवस !' शीर्षकमा वक्तव्य जारी गर्दै सर्वहारा र आम जनसमुदायका हातमा नयाँ सत्ता कायम गरेर समाजवाद र साम्यवादी दिशामा अघि बढ्न पुँजीवादी/साम्राज्यवादी व्यवस्थाका विरुद्ध प्रतिरोध र सङ्घर्ष गरौं भन्ने अपिल गरिएको छ ।

वक्तव्य जारी गर्नेहरूमा कमिटी फर द ब्युल्डिङ द माओइस्ट कम्युनिस्ट पार्टी, गालिसिया, स्पेनिस स्टेट, कम्युनिस्ट (माओवादी) पार्टी अफ अफगानिस्तान, नेपाल कम्युनिस्ट पार्टी (रिभोल्युसनरी माओइस्ट),

कम्युनिस्ट न्युक्लिअस, नेपाल, कम्युनिस्ट वर्कर युनियन (यमयलयम) कोलम्बिया, माओइस्ट कम्युनिस्ट पार्टी-इटाली, मासलाइन-क्यानडा, मार्क्सीस्ट-लेनिनिस्ट पार्टी अफ वर्कर्स-स्पेनिस स्टेट, रेड रोड माओइस्ट ग्रूप अफ इरान, रिभोलुस्नरी कम्युनिस्ट पार्टी अफ क्यानडा पिसिआर-आरसिपी, एल कादेहाइन्स पार्टी -ट्युनिसिया, कम्युनिस्ट पार्टी अफ टर्की-मार्कसिस्ट-लेनिनिस्ट (टिकेपी/यमयल) लगायत रहेका छन् ।

वक्तव्यमा पुँजीवाद, दलाल पुँजीवाद र साम्राज्यवादका विविध चरित्रको भण्डाफोर गर्दै कोरोना महामारीलाई देखाएर पुँजीवादी साम्राज्यवादीहरूले कसरी विश्वभरका श्रमजीवी गरिब जनतालाई लुटिरहेका छन् भन्ने फेहरिस्त प्रस्तुत गरिएको छ । पुँजीवादी साम्राज्यवादका विरुद्ध अन्तर्राष्ट्रिय स्तरमा संयुक्त मोर्चा बनाएर जानुपर्ने आवश्यकतामाथि जोड दिँदै भनिएको छ, "अभामकियनवाद र प्रचण्डको 'पथ' ले दक्षिणपन्थी बाटो समातेपछि नयाँ कदमका लागि क्रान्तिकारीहरूबीच नयाँ कम्युनिस्ट केन्द्र निर्माण गर्न र कम्युनिस्ट अन्तर्राष्ट्रियतर्फ अघि बढ्नु पर्ने कुरालाई महसुस गर्दै मार्क्सवाद-लेनिनवाद-माओवादमा आधारित पार्टी तथा सङ्गठनहरूको एउटा अन्तर्राष्ट्रिय एकताबद्ध सम्मेलनको आवश्यकताका लागि सर्वहारा अन्तरृष्ट्रियवादले आज हामीलाई आह्वान गरेको छ ।"

वक्तव्यमा अगाडि भनिएको छ, "साम्राज्यवादी र सबै प्रकारका प्रतिक्रियावादीहरू अन्ततः पतन हुनेछन् र विश्वका उत्पीडित जनताले समाजवाद र साम्यवादको विजयको लागि विश्वव्यापी तहमा नयाँ जनवादी क्रान्ति र सर्वहारा क्रान्तिको अन्तिम विजय समाजवाद र साम्यवाद प्राप्त गर्नेछन् भन्ने कुरा हामी निर्भय र दृढताका साथ ठोकुवा गर्दछौं ।"

यता नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव किरणले जारी गरेको वक्तव्यमा पनि कम्युनिस्ट अन्तर्राष्ट्रियको आवश्यकतामाथि जोड दिँदै भनिएको छ, "अहिले विश्व भूमण्डलीकृत छ र शासकहरू आफ्नो वर्गको स्वार्थको रक्षाका निमित्त पहिले भन्दा बलियो गरी एकताबद्ध हुँदै आएका छन् । क्रान्तिकारी आन्दोलन जहाँबाट सुरु भए पनि त्यसलाई कलिलोमै निमोठेर आजसम्म आफ्नो लुटको स्वर्ग बचाउन उनीहरू सफल भएका छन् । यति बेला अन्तर्राष्ट्रियतावादी सर्वहारा वर्ग सबैभन्दा असङ्गठित र विचारले कमजोर अवस्थामा छ । उपरोक्त विश्व परिस्थितिलाई सम्हाल्न र क्रान्तिकारी सङ्घर्षको विकास गर्नका लागि मार्क्सवाद-लेनिनवाद-माओवादको निर्देशनमा सचेत र योजनाबद्ध ढङ्गले अगाडि बढनु बाहेक क्रान्तिकारी कम्युनिस्टहरूसँग अर्को विकल्प छैन । आ-आफ्ना देशमा सङ्गठित हुनु र साम्राज्यवादी तथा तिनका दलालहरूले थोपरेको शोषण एवम् उत्पीडनको प्रतिरोध गर्नु नै यो स्थितिलाई बदल्ने एकमात्र विधि हो । साम्राज्यवादी उत्पीडनबाट मुक्त हुने यो बाहेक अर्को बाटो छैन ।"

वक्तव्यमा भनिएको छ, "साम्राज्यवाद यति बेला विश्वभरि भयानक आर्थिक सङ्कटका बीचबाट गुज्रिरहेको छ । पुँजीवादी लुटेराहरूले यो सङ्कटको भारी श्रमजीवी वर्गको काँधमा बिसाउन शोषण तथा उत्पीडनका विभिन्न रूपहरू प्रयोग गर्दै आएका छन् । करिब दुई वर्ष अगाडिदेखि नै विष्फोटनको मुखैमा पुगेको विश्वको अर्थतन्त्र कोभिड-१९को महामारी पछि भयावह सङ्कटमा फसेको छ । लकडाउनका कारण सङ्गठित र असङ्गठित क्षेत्रमा कामगर्ने करोडौँ श्रमजीवी जनताहरू विहान-बेलुकाको हातमुख जोर्ने समस्यामा बल्भिएका छन् भने यसै बीचमा मुठ्ठीभर बहुराष्ट्रिय कम्पनीहरूले खोप उत्पादन लगायतका विभिन्न आर्थिक व्यवसायहरूबाट अत्यधिक मुनाफा आर्जन गरेका छन् । परिणामतः समाजको सबभन्दा माथिल्लो र तल्लो तहका जनताका बीचको आर्थिक खाडल झन-झन फराकिलो बन्दै गएको छ । यो समग्र परिस्थितिका कारण श्रम र पुँजीका बीचको अन्तर्विरोध विश्वभरि नै र विकसित साम्राज्यवादी देशहरूमा झन बढी चर्किन गएको छ ।"

वक्तव्यमा अगाडि भनिएको छ, "पुँजीवादको चक्रिय सङ्कटका कारण पैदा हुने आर्थिक क्षतिलाई परिपूर्ति गर्न साम्राज्यवादले अल्पविकसित मुलुकहरूमाथि नव-औपनिवेशिक शोषणको विधि अपनाउँदै आएको छ । नवउदारवादी भूमण्डलीकरण र निजीकरणका कारण उत्पीडित राष्ट्रहरू बहुराष्ट्रिय कम्पनीले थापेको जालमा फस्दै आएका छन् । घरेलु कठपुतली शासकवर्गले बहुराष्ट्रिय कम्पनीहरूलाई देशको सम्पदा र सस्तो श्रममाथि अनियन्त्रित लुट गर्ने निम्तो दिएर आम जनतालाई असह्य पीडा र चरम गरिवीतर्फ धकेलिरहेको छ । वर्तमान विश्वको प्रधान अन्तर्विरोधका रूपमा रहेको साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तर्विरोध यति बेला विष्फोटक बन्दै गएको छ ।"

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले १३२ औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा एक शुभकामना सन्देश जारी गरेको छ । महासंघका अध्यक्ष इश्वर तिमिल्सिनाले जारी गरेको वक्तव्यमा राष्ट्रिय अन्तर्राष्ट्रिय मजदुर आन्दोलनमा बलिदान गर्ने सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली समेत व्यक्त गरिएको छ । साथै, एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरी मजदुर दिवस मनाएको छ । कोरोनाका कारण सरकारले गरेको निषेधाज्ञाका बाबजुद महासंघले मजदुर दिवस मनाएको हो । काठमाडौंको जोरपाटी नयाँ बस्ती स्थित भैरव अर्याल स्मृति भवनमा क्रान्तिकारी माओवादीका पीवीएम दिनेश शर्मा सागरको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा वक्ताहरूले कोरोनालाई बहाना बनाएर दैनिक ज्यालादारीमा काम गर्ने तथा संगठित क्षेत्रमा कार्यरत मजदुरमाथि महाअपराध भइरहेको भन्दै त्यसका विरुद्ध लड्न एकजुट भएर मजदुरहरूले सशक्त विद्रोहलाई संगठित गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

यसपटकको मजदुर दिवसलाई भव्य रूपमा सम्पन्न गर्न तीनमहिना अघिदेखि मे अभियान सञ्चालन गरेपनि कोरोनाका कारण उत्पन्न परिस्थितिका कारण कार्यक्रम स्थगित गरिएको थियो ।

## मई...

उनीहरूका लागि क्रान्तिकारी मजदुर सबैभन्दा ठूलो दुश्मन लाग्दछ । मजदुर वर्गको क्रान्तिबाट अत्तालिएका जर्मनी र फ्रान्सका पुँजीपति शासक वर्गलाई लाग्न थाल्यो कि यदि पेरिसको यो मजदुर क्रान्तिको आगो देशका अरु शहरहरूमा फैलिन थाल्यो भने पुँजीपतिहरूको स्वर्ग पूराका परै जल्ने छ ।

जस्तो किसिमले यसरी १८७१ मा फ्रान्स र जर्मनीका पुँजीवादीहरू मिलेर पेरिस कम्युनलाई कुल्चे ठीक त्यसरी नै १९१७ को महान अक्टोबर समाजबादी क्रान्ति पछि रुसका बिरुद्ध पनि पुँजीपतिहरूले त्यस्तै हमला गरे । वास्तबमा रुसमा समाजबादी क्रान्तिलाई केवल आन्तरिक दुश्मन – पुँजीपति, जमिन्दार र सैनिक अधिकारीहरूले मात्रै होइन, देश बाहिरका दुश्मन पुँजीपति प्रतिकृयावादी वर्गले पनि हमला बोल्यो । रुसमा समाजबादी क्रान्तिलाई पुँजीवादी-साम्राज्यबादी खेमाले आफ्ना लागि बहुतै खतरा मानेको थियो र ती सबै रुसमा मजदुर वर्गको सत्ताका बिरुद्ध खडा भएका थिए । त्यतिबेला बिश्वका १४ पुँजीवादी देशहरू मिलेर नब स्थापित समाजबादी देशमाथि आक्रमण गरेका थिए । त्यो भीषण हमला दुइ बर्षभन्दा बढी समयसम्म चल्यो । यद्यपि पेरिस कम्युनको अनुभव र त्यसको शिक्षा रुसका मजदुर वर्गलाई पनि थियो । त्यसैले उनीहरूले आफ्ना भित्री र बाहिरी शत्रुसँग डटेर सामना गरे र तिनलाई हराएर लखेटे । पेरिस कम्युनको पाठका अतिरिक्त रुसमा मजदुर बर्र्गको अगुवाई गर्ने क्रान्तिकारी नैतिकता र अनुशासनले सुसजित रुसी कम्युनिस्ट पार्टी बोल्शेभिक लेनिनको नेतृत्वमा दृढतापूर्बक उभिएको थियो । त्यस पार्टीलाई रुसको क्रान्तिकारी अनुभवकासाथै मजदुर बर्र्गको अन्तर्राष्ट्रिय शिक्षा पनि थियो । आफ्नो देशको १९०५ को असफल क्रान्ति र १९१७ को फेब्रुअरी पुँजीवादी-जनबादी क्रान्तिको अनुभव पनि थियो । अनि सर्बोपरी त १८७१ कै पेरिस कम्युनको स्थापना गर्न भएको ठूलो क्रान्तिको अनुभव थियो ।

रुसको समाजवादी क्रान्तिलाई जस्तै विश्वभरी कै पुँजीपतिहरूले बीसौ शताब्दीमा पनि सबै क्रान्तिहरूलाई कुल्चिनका लागि उनीहरूले जे जे गर्न सक्तथे सबै गरे । त्यस क्रममा कयौं क्रान्तिहरूलाई उनीहरूले नराम्रोसँग कुल्चिन सफल पनि भए । कतिपय क्रान्तिले तिनको हमलालाई डटेर सामना गरे र पुँजीबादी वर्गमाथि बिजय प्राप्त गरेरै छोडे । पुँजीपति वर्गले जुन जुन क्रान्तिलाई दबायो र कुल्चियो तिनको लामो श्रृंखला र फेहरिस्त छ । यूनान, इण्डोनेशियादेखि आरम्भ भएर यो श्रृंखला ल्याटिन अमेरिकासम्म पुग्दछ । अनि जुन क्रान्तिहरू सफल भए तीमध्येमा १९४९ को चिनीया नयाँ जनबादी क्रान्ति,भियतनाम, क्यूवा,उत्तर कोरिया आदि देशहरूका क्रान्तिहरू रहेका छन् । ती सफल क्रान्तिहरूको एउटा शीलशीलाको फलस्वरूप नै बिसौ शताब्दीको पाँचौ-छैठौं दशकमा बिश्वका १३ देशको एउटा समाजबादी खेमा अस्तित्वमा आउन सकेको थियो । अनि त्यस खेमाका बिरुद्ध पुँजीबादको हमला कहिल्यै रोकिएन । अनि आ-आफ्नो देशमा पनि तिनले आम श्रमजीबी जनतामाथि भिषण दमन चक्र चलाएर क्रान्तिकारी मजदुर वर्गको आभालाई कुल्चिने काम गर्दै रहे । हजारौ हजार मानिसहरूलाई जेलमा कोचियो भने हजारौंको हत्या गरियो । लोकतन्त्रको ढोल पिट्ने साम्राज्यबादी देश अमेरिकाको पनि यस्तै गतिबिधि थियो । हुन पनि ५० को दशकमा अमेरिकामा क्रान्तिकारीहरूमाथि भीषण दमनचक्र चलाइएको थियो । ल्याटिन अमेरिकामा त झन साम्राज्यबादी शक्तिका कठपुतली सरकारहरूको माध्यमले एकपछि अर्को ठूलो नरसंहारको शिलशिला नै चलाइएको इतिहास छ ।

समाजवादलाई जत्तिको खतरा बाह्य पुँजीवादी संसारबाट रहेको थियो त्यत्तिकै या त्योभन्दा पनि बढी खतरा आफैभित्र छिपेर रहेको या प्रकट घरेलु दुश्मनसँग पनि रहेको थियो, छ । किन पनि भने समाजबादी समाज एउटा अन्तरिम संक्रमणकालीन ब्यवस्था हो । एउटा यो यस्तो ब्यवस्था हो जसको जन्म पुँजीवाद भित्रैबाट हुने गर्दछ तर यसको लक्ष भने साम्यबाद हुने गर्दछ । यसरी समाजबादी ब्यवस्थाले पुँजीवाद भित्रैबाट जन्म लिने भएकाले पुँजीवादी ब्याधी र बिमारीहरू तथा बिकृतिहरूले लामो समयसम्म यस नब स्थापित समाजबादी ब्यवस्थामा टासिएर बस्ने र यसलाई सताउने गर्दछन् । फलतः समाजबाद भित्र पनि केही न केही पुँजीवादी बिकृति र ब्याधीहरूले घर गरिरहेका हुन्छन् । जसप्रति निरन्तर साबधान रहनु र लड्नुपर्ने हुन्छ । स्वभाविक छ कि यदि पेरिस कम्युनले लामो उमेर पाएको भए त्यसले पनि यस्ता समस्याहरूको सामना अबश्य गर्नु पर्ने थियो, जसको सामना सोभियत रुस र जनबादी चीन समेत अन्य समाजबादी देशहरूले गर्नु परेको थियो र छ ।

वास्तवमा वस्तुगत अनुभवले के दर्शाएको छ भने समाजबाद भित्र पुँजीवाद पैदा हुने आधार बचेर रहने स्थितिमा यस भित्र समस्याहरू पैदा हुने गर्दछन् । त्यसका आधार हुन् मानसिक र शारिरीक श्रमका बीचको भेद, उद्योग र कृषिको बीचमा भेद, शहर र गाउँका बीचको भेद अनि यसका अतिरिक्त समाजबादमा मूल्यका नियम, मुद्राको प्रचलन, बजारको उपस्थिति आदिले पनि पुँजीवादलाई निरन्तरता दिन मद्दत पुग्ने गर्दछ । सोभियत संघ लगायत पूर्बी यूरोपका देशहरूमा समाजबाद समाप्त हुनु र पुँजीवादको पुनस्थापना तथा सुदृढ हुनका प्रमुख कारणहरू यिनै थिए । समाजबाद भित्र पुँजीवाद हुर्कने र बढ्ने कुरालाई रोक्न समाजबादी सास्कृतिक रूपान्तरणलाई निरन्तर जारी राख्नु पर्ने आवश्यकता रहेको निष्कर्श निस्केको छ । जुन कुरा चीनले शुरु गरेको थियो त्यो पनि सही दिशामा नगएर दुरूपयोग भएको समेत देखियो ।

एक समय पेरिस कम्युनको चर्चा गर्दै लेनिनले भनेका थिए कि पेरिस कम्युनको धेय सामाजिक क्रान्तिको धेय थियो । त्यसको धेय के थियो भने श्रमजीबी जनतलाई पूर्ण राजनीतिक तथा आर्थिक मुक्ति मिल्नु पर्दछ । यो सारा संसारकै मजदुर वर्गको धेय हो । अनि यस रूपमा पेरिस कम्युन अमर छ । अर्थात् पेरिस कम्युनले जुन आफ्नो धेय राखेको थियो त्यही धेय 'महान अक्टोबर समाजबादी क्रान्ति' र पछि गएर सर्बहारा साँस्कृतिक क्रान्तिको पनि धेय बनेको थियो । त्यो वास्तवमा मजदुर वर्गको नेतृत्वमा क्रान्ति हुने सबै श्रमजीबी जनताको धेय हो । यो वर्गीय धेयबाट बिचलित भए पछि त्यसमा बिकृति र बिसंगति उत्पन्न हुन्छ । तसर्थ मानब मुक्तिको मजदुर वर्गले उठाएको यो धेयको मशाललाई जगाउनु र जोगाउनु पर्दछ भन्ने सही भावधारा पैदा गर्नु त्यसबाट मजदुर वर्गलाई सुसज्जित तुल्याउनु नै आज बिश्वभरी मई दिवस मनाउनुको सार्थकता हुन्छ । पेरिस कम्युनको शिक्षालाई शिरोपर नगरी यथास्थितिमा अल्मलिने हो भने अन्तर्राष्ट्रिय मइ दिवस मनाएको कुनै अर्थ हुँदैन भन्ने कुरा बुझ्न आवश्यक छ ।

## आलोपालो

# मई दिवसको सार्थकता शोषण उत्पीडनबाट मजदुर वर्गको मुक्ति



● लोकनारायण सुबेदी ●

मजदुर वर्गको मुक्तिका महान् मार्गदर्शक तथा गुरु कार्लमार्क्सले भनेका थिए कि मजदुर वर्गको मुक्ति स्वयं मजदुर वर्गको कार्य हो। यसको स्पष्ट अर्थ हो जबसम्म मजदुर वर्गले आफ्नो मुक्तिको कार्य आफ्नै हातमा लिदैन, तबसम्म उसको मुक्ति सम्भव छैन र हुन सक्तैन।

त्यसो भए खाश अर्थमा मजदुर वर्गको मुक्ति भनेको यस्तो समाज ब्यबस्था कायम गर्ने कार्य हो जुन समाजमा वर्ग नै समाप्त भएर जान्छ। त्यहाँ न शोषक वर्ग रहन्छ न शोषित वर्ग रहेको हुन्छ। यो त्यस्तो समाज हो जहाँ वर्गको अन्त्य भएको हुन्छ र मनुष्य जाति एकजुट हुने स्थिति बनेको हुन्छ।प्रष्ट छ, यस्तो वर्गरहीत अबस्थाको सिर्जना हुनु नै मजदुर वर्गको मुक्ति हो।

यसरी मजदुर वर्गको मुक्तिको प्रष्ट अर्थ हो - राज्य नामको संस्थाको अन्त्य भएको स्थिति। त्यो एउटा यस्तो समाज ब्यवस्था कायम भएको अबस्था हुनु हो जहाँ राज्य सत्ता हुँदैन। जहाँ पुलिस, सेना, जेल, न्यायालय आदि नामका कुनै संस्थाहरू हुँदैनन्। राज्य नामको संस्था वास्तबमा एक वर्गले अर्को वर्गलाई दबाउने राज्य संयन्त्र हो। मजदुर वर्गको मुक्ति पूर्णरूपमा त्यतिबेला मात्र सम्भव हुन्छ जब इतिहासमा राज्यको अस्तित्व पूर्णरूपमा समाप्त हुन पुग्दछ। अनि यस्तो समाजमा मानिसले आफ्नो काम काजलाई त्यसरी नै सम्पन्न गर्नेछन् जस्तो किसिमले उनीहरूले अतितमा गर्ने गर्दथे। राज्य नामको संस्था त वर्ग पैदा भएपछि त्यससँगै उत्पन्न गरिएको हो। अतः समाजमा वर्ग मेटिनासाथै यो राज्य नामको संस्था पनि मेटिएर जान्छ।

यहाँ मजदुर वर्ग्गको मुक्तिको अर्थ हो एउटा यस्तो समाज ब्यवस्थाको निर्माण जहाँ मानिसले पूरै आफ्नो क्षमता अनुसार काम गर्ने छ अनि समाजबाट आफ्नो आवश्यकता अनुसार चीज बस्तुहरू लिनेछ। त्यो समाजमा अभाव भन्ने कुनै कुरा रहँदैन। त्यसको बिपरीत हरेक कुरा प्रचुर मात्रामा उपलब्ध हुन्छ जसले गर्दा कसैलाई मानबीय आवश्यकताका चीज बस्तुहरू न त संग्रह गर्नु पर्ने स्थिति हुन्छ न त त्यसको चिन्ता गर्नु पर्ने अबस्था नै हुन्छ। त्यहाँ ब्यक्तिले समाजको त्यसरी नै चिन्ता र वास्ता गर्ने छ जसरी समाजले ब्यक्तिको चिन्ता गर्ने गर्दछ।

मजदुर वर्गको मुक्तिको अर्थ हुन्छ कि मानिस मानिसका बीच भाषा, लिंग, नश्ल, राष्ट्र,जाति आदि आदि कुराका आधारमा हुने गरेको बिभाजन, त्यस आधारमा हुने झै-झगडा मेटिइसकेका हुन्छन्। मानिस मानिस बीचका यी सम्पूर्ण भेदभाव मेटिइसकेपछि त्यहाँ जस्तो समाज बन्दछ त्यो समाज नै बस्तुतः यस्तो समाज हुन्छ जहाँ मानिसको चौतर्फी अत्याधिक बिकास हुन सक्नेछ। मानिसको उन्नतिको बाटोमा समाज कुनै पनि प्रकारले बाधक नभएर हर कदममा ब्यक्तित्व बिकासको साधक र सहायक हुन्छ। यथार्थतः मजदुर वर्गको मुक्तिको अर्थ यसरी सम्पूर्ण मानब जातिको मुक्ति बन्न जान्छ। यस्तो किसिमको उन्नत, बैज्ञानिक, सभ्य र सुसँस्कृत समाज ब्यवस्थालाई आमरूपमा साम्यबाद या कम्युनिज्मको संज्ञा दिइएको छ।

उन्नाइसौ शताब्दीमा फ्रान्सको पेरिसमा बिश्वमा पहिलो पटक मजदुर वर्गले आफ्नो मुक्तिको कार्यलाई स्वयं आफ्नो हातमा लियो र त्यो आफ्नो मात्र ७२ दिनको शासन कालमा यो कुरा देखाएर छोड्यो कि मजदुर वर्गको मुक्तिको कार्यलाई कसरी प्रारम्भ गर्न सकिन्छ। तिनले मजदुर वर्ग्गको मुक्ति मात्रै होइन, बरु सम्पूर्ण मानब जातिकै मुक्तिको लक्षलाई मजदुर वर्ग्गको मुक्तिको धेयकोरूपमा घोषित गरेका थिए। हुन त पेरिस कम्युनको उमेर या कालखण्ड केवल ७२ दिनको मात्र थियो तर त्यस प्रभावले बिश्वका देशहरूको सीमा र समयलाई सधैंका निमित्त नाघि सकेको थियो। पेरिस कम्युनको त्यो क्रान्तिले मजदुर वर्गको मुक्तिको जुन बिगुल फुकेको या शंखघोष गरेको थियो त्यसको अनुगुञ्ज बीसौ शताब्दीका कयौं महान क्रान्तिहरूमा पटक पटक गुञ्जिनै रह्यो र सुनिदै रह्यो। हुन पनि बीसौं शताब्दीमा अनेक महान क्रान्तिहरू मजदुर वर्ग्गको नेतृत्वमा भए। ती महान क्रान्तिहरूमध्ये दुइटा क्रान्ति सर्बोपरीरूपमा रहन पुगे। पहिलो रुसमा १९१७ मा मजदुर वर्गको नेतृत्वमा सम्पन्न 'महान अक्टोबर समाजबादी क्रान्ति' थियो भने दोश्रो १९४९ मा भएको चिनीय नयाँ जनबादी क्रान्ति जुन मजदुर वर्गको नेतृत्वमा किसान मजदुर एकताको अधारमा सम्पूर्ण क्रान्तिकरी तह र तप्कालाई गोलबन्ध गरेर सम्पन्न भएको थियो। ती दुबै क्रान्तिहरूमा पेरिस कम्युनको गहिरो छाप परेको थियो। त्यो केवल पेरिस कम्युनको धेय र उदेश्यलाई लिएर मात्र होइन ती दुबै क्रान्तिहरूले पेरिस कम्युनको बिजय र पराजयबाट धेरै शिक्षा लिएका थिए। पेरिस कम्युनले उठाएका कदमहरूबाट प्रेरणा लिएका थिए।

बास्तवमा पेरिस कम्युनले फ्रान्स र जर्मनी(त्यतिबेलाको प्रशा) का पुँजीवादी शासकहरूको अनुहारबाट एकै चोटी मुखुण्डो उतारिदिएका थियो। पेरिसमा मजदुर वर्गको क्रान्ति हुनासाथ दुबै देशका शासकहरूको निगाहामा उनीहरूको सबैभन्दा ठूलो दुश्मन मजदुर वर्ग बनेको थियो। पेरिस कम्युन कायम हुनुभन्दा पहिला फ्रान्स र जर्मनी महिनौदेखि भीषण लडाईमा लिप्त रहेका थिए। जसमा हजारौं मानिसहरू मारिएका थिए। पेरिसका क्रान्तिकारी मजदुरहरूले पेरिसको रक्षाको भार आफ्नै काँधमा लिएका थिए। फ्रान्सको पुँजीपति वर्गले पेरिसबाट भाग्नुमा नै आफ्नो कल्याण हुने ठानिरहेको थियो। अनि जब पेरिसका क्रान्तिकारी मजदुरहरूले कम्युन कायम गरे र त्यसलाई सफलतापूर्बक चलाउन थाले तब फ्रान्सका पुँजीपतिहरूले आफ्नो वर्ग बन्धुहरू जर्मनीका पुँजीपतिहरूसँग सुलह-सम्झौता गरे। अनि फेरि जर्मनीको सहयोगमा पेरिस कम्युनमाथि भीषण हमला गर्न थाले र यसरी पेरिस कम्युनलाई दबाएर छाडे।

पेरिस कम्युनबाट पहिलो महत्वपूर्ण शिक्षा के मिलेको थियो भने मजदुर वर्गले क्रान्ति गर्दा आपसमा लड्ने पुँजीपति वर्ग पनि मजदुर वर्गका बिरुद्ध एक हुने गर्दछन्। ती परस्परको दुश्मनी बिर्सेर मजदुर वर्गमाथि हमला गर्न एकै ठाउँमा खडा हुन्छन्। बास्तवमा *बाँकी ७ पेजमा*


# गोकर्णेश्वर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जोरपाटी, काठमाडौं, बागमती प्रदेश, नेपाल



# सूचना



१. स्वास्थ्य र पौष्टिक खान खाऔं, नियमित स्वास्थ्य जाँच गरौं,

२. हाम्रो नगरको पहिचान संस्कृति, गौरव र अस्तित्व विशिष्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर

३. सुशासन, सरसफाइ र विकास निर्माणमा सबै स्थानीय जनता जागरुक होऔं,

४. बच्चा ५ वर्ष नपुगुञ्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनुपर्ने पोषिलो खानेकुराबारे जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौं,

५. म्याद गएको सामग्रीहरुको बिक्रीवितरणमा रोक लगाऔं, उपभोक्ताको जीवनसँग खेलवाड नगरौं,

६. बोटविरुवा रोपौं, गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ, सफा र हराभरा बनाऔं ।

७. नगरपालिकाबाट सञ्चालित हरेक गतिविधिहरूमा सहभागी बनौं, जिम्मेवार नागरिकको कर्तव्य पूरा गरौं ।

८. समयमै नगरपालिकामा कर तिरौं, आफ्नो सम्पत्तिको वैधता स्थापित गरौं ।

# गोकर्णेश्वर नगरपालिका






www.nepalwelhope.com.np

*तपाईको सन्तुष्टि हाम्रो शान हाम्रो पहिचान*

# बिनय

पैलेट दाना




# नेपाल वेलहोप एग्री–टेक प्रा.लि.

भरतपुर-५ चितवन कल्याणपुर फोन नं. ०५६-५९११५३, ५९१७६६, E-mail : info@nepalwelhope.com.np

| मुख्य कार्यालय | शाखा उद्योग–१ | शाखा उद्योग–२ |
|---|---|---|
| गैरीधारा, काठमाडौं | टंकीसिनवरी–२, विराटनगर, मोरङ | कोहलपूर–१४, पार्वतीपूर, बाँके |
| फोन: ०१–४४२२९४०/४४२२६०५ | फोन: ०२१–४२०७००/४२०६९४ | फोन: ०८१–४०३०८४ |

**नेपालमा पहिलोपटक चिनीयाँ तथा नेदरल्याण्डको उच्च प्रविधिबाट तयार पारिएका कुखुरा, बंगुर तथा गाई भैंसीको दानाको लागि**


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।